विज्ञापन

● वर्ष १४ ● अंक २६ ● काठमाडौं, शुक्रबार, मंसिर ६, २०६५ ● **SAPTAHIK** ● Nepali National Weekly ● Friday, Nov 21, 2008 ● पृष्ठ २४ ● मूल्य रु. ८/-








# के गर्दैछन् पूर्वराजा ज्ञानेन्द्र ?

जितेन्द्र साह/दामोदर न्यौपाने

नागार्जुन दरबारको गेटमा पुग्दा त्यहाँ पूर्वराजा ज्ञानेन्द्र बसेको अलिकति पनि आभास पाइँदैन । नागार्जुन दरबार पस्ने मूल ढोका प्रायः बन्द हुन्छ । जंगल घुम्न जाने एक-दुई जनाबाहेक त्यहाँ अरूको आवतजावत देखिँदैन । गेटमा रहेका दुई सशस्त्र प्रहरी तथा दरबारका केही सुरक्षाकर्मी पनि खुला सडकलाई नियालिरहेका हुन्छन् ।

दरबार जाने बाटोको अघिल्तिर सानो पसल थापेर बसेका ६२ वर्षीय कान्छा श्रेष्ठले राजा दरबारमा उपस्थित भएका बेला पनि खासै चहलपहल नहुने बताए ।

उनी ३५ वर्षदेखि नागार्जुन जंगलको पाले छन् । पूर्व 'राजाका आफन्त तथा नातागोताबाहेक कोही आउँदैनन्, कान्छाले सुनाए- यहाँ त्यति रौनक देखिएन ।

उनी सातामा एक-दुई दिन आउँथे । दसैं मान्न

बाँकी पृष्ठ २१ मा

## ● साता संक्षेप ●

**कात्तिक २८ गते बिहीबार**

▶▶ प्रधानमन्त्रीका प्रेस तथा सँचना सल्लाहकारमा ओम शर्मा नियुक्त ।

▶▶ भ्रष्टाचार हुने विश्वका १ सय ३१ मुलुकको सँचीमा नेपाल १ सय २१ औं स्थानमा ।

▶▶ बिमस्टेक मुलुकहरू नेपालमा बिमस्टेक पर्यटन केन्द्र स्थापना गर्न सहमत ।

**कात्तिक २९ गते शुक्रबार**

▶▶ पूर्व राजपरिवारद्वारा गणतन्त्र घोषणापूर्वको सबै महसुल तिरिदिन सरकारसँग आग्रह ।

▶▶ विश्व बैंक, एसियाली विकास बैंक तथा बेलायत सरकारको अन्तर्राष्ट्रिय सहयोग विभागद्वारा नेपाललाई संयुक्त रूप १ खर्ब १८ अर्ब रुपैयाँ सहयोग उपलब्ध गराउने निर्णय ।

▶▶ उपयुक्त कार्यकक्ष नभएको आरोपसहित संस्कृति तथा राज्य पुनर्संरचना मन्त्री गोपाल किराँतीद्वारा मन्त्रालय नजाने निर्णय ।

**कात्तिक ३० गते शनिबार**

▶▶ सरकारद्वारा संविधान निर्माणका लागि ८२ साताको कार्यतालिका सार्वजनिक। कार्यतालिकाअनुसार २०६७ जेठ १४ गते नयाँ संविधान लागू हुने।

▶▶ त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रकमा दयामान कर्माचार्य नियुक्त।

▶▶ प्रधानमन्त्री पुष्पकमल दाहालद्वारा भारतीय जेलमा रहेका माओवादी कार्यकर्ता रिहा गर्न भारतसँग आग्रह ।

▶▶ स्थानीय विकासमन्त्री रामचन्द्र झाद्वारा स्थानीय निकाय तत्काल पुन: स्थापना गरिने जानकारी ।

**मंसिर १ गते आइतबार**

▶▶ सरकारले ३४ वर्षदेखि क्रियाशील राजतन्त्रसँग सम्बन्धित आठवटा कानुन खारेज गर्ने ।

▶▶ सरकारद्वारा देशभरका प्राथमिक स्वास्थ्यकेन्द्रबाट नि:शुल्क स्वास्थ्यसेवा प्रदान गर्ने घोषणा ।

▶▶ उद्योगी-व्यवसायीहरूद्वारा शान्ति-सुरक्षाको स्थितिमा सुधार नभए कर नतिर्ने चेतावनी ।

**मंसिर २ गते सोमबार**

▶▶ राष्ट्रपति डा. रामवरण यादवको प्रेस सल्लाहकारमा राजेन्द्र दाहाल, कानुनी सल्लाहकारमा डा. सँर्य ढुंगेल तथा अन्य विज्ञमा हरि शर्मा र विद्याधर मल्लिक नियुक्त ।

▶▶ नेपाली सेनाको कल्याणकारी कोषको ५६ करोड रुपैयाँ जोखिममा रहेको सार्वजनिक ।

▶▶ संविधानसभाको उपाध्यक्षको निर्वाचन मंसिर १३ गते हुने ।

**मंसिर ३ गते मंगलबार**

▶▶ श्रम सहचारी नियुक्त गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा सरकारलाई निर्देशन ।

▶▶ उपभोग्य वस्तुको मूल्यमा १४ प्रतिशतले मूल्य वृद्धि भएको नेपाल राष्ट्रबैंकको तथ्यांक सार्वजनिक ।

**मंसिर ४ गते बुधबार**

▶▶ माओवादीद्वारा अपहरित भनिएका दुई युवकको शव धादिङको पिडा गाविसमा फेला पर्‍यो ।

▶▶ तराई एवं अन्य क्षेत्रका सशस्त्र समूहसँग औपचारिक वार्ता छिट्टै हुने सरकारद्वारा जानकारी ।

▶▶ लोकसेवा आयोगमा सदस्यहरू नियुक्त नहुँदा विभिन्न सेवा समूहको पाठ्यक्रम परिमार्जन प्रक्रिया ठप ।

▶▶ भारतका पूर्वराष्ट्रपति डा.एपीजे अब्दुल कलामद्वारा राष्ट्रपति डा. रामवरण यादवसँग भेट ।

▶▶ कोसी नदीको बहाव फर्काउने दोस्रो प्रयास पनि विफल ।

# रेडियो कान्तिपुर दस वर्षमा

**साप्ताहिक समाचार**

काठमाडौं– गत वर्ष नवौं वार्षिक उत्सव मनाउने क्रममा कान्तिपुर एफ.एम.ले आफूलाई परिवर्तन गर्दै 'रेडियो कान्तिपुर' मात्र बनाएन, 'रेडियो राष्ट्र' को नारा राखेर देशव्यापी प्रसारण पनि प्रारम्भ गर्‍यो । पछिल्लो एक वर्षमा रेडियो कान्तिपुरले हासिल गरेका उपलब्धिसँगै आज शुक्रबार यसले आफ्नो दसौं वार्षिकोत्सव मनाउँदैछ ।

९६ दशमलव १ मेगाहर्जबाट प्रसारण भैरहेको रेडियो कान्तिपुरले सूचनामूलक तथा मनोरञ्जक कार्यक्रममार्फत देशभरिका लाखौं श्रोतालाई आफ्नो नियमित प्रसारणमार्फत सुसूचित गरेको छ । वीरगन्ज, भैरहवा, भरतपुर, पोखरा, नेपालगन्ज तथा धनगढीजस्ता नयाँ स्टेसनबाट प्रसारण हुन थालेपछि रेडियो कान्तिपुरका श्रोता ह्वात्तै बढेका हुन् ।

आज साँझ राष्ट्रिय नाचघरमा दसौं वार्षिकोत्सव मनाइरहेको रेडियो कान्तिपुरले उक्त कार्यक्रमलाई मनोरञ्जक बनाउन विभिन्न कार्यक्रम समावेश गरेको छ । मनोरञ्जनात्मक कार्यक्रमको थालनी सांगीतिक समूह 'स्याडोज' को लाइभ कन्सर्टबाट हुनेछ । कार्यक्रममा दीपक लिम्बू तथा जगदीश समालले एक जना पुराना गायकले गाएका दुईवटा गीत प्रस्तुत गर्नेछन् । डिजे राजुको प्रस्तुतिले पनि दर्शक तथा श्रोतालाई प्रशस्त मनोरञ्जन दिनेछ । यसबाहेक सुगम पोखरेल, अनिल सिंह तथा सुजिल कर्माचार्य पालैपालो स्टेजमा आएर 'मेड्ली' प्रस्तुत गर्नेछन् । केही समयअघि अमेरिकाबाट स्वदेश फर्किएका गायक राजु लामाको आकर्षक सांगीतिक प्रस्तुतिसँगै तीन जना गायिका पुष्पा पौडेल, शशि रावल तथा आकांक्षा लामाको सांगीतिक प्रस्तुति पनि दसौं वार्षिकोत्सवको आकर्षण हुनेछ । कार्यक्रममा विमल बूढाथोकीको 'सुपारी चाम्रो' गीतको लोकनृत्य पनि समावेश छ ।

वार्षिकोत्सव मनाउने क्रममै रेडियो कान्तिपुरले विभिन्न १० विधाका सर्वोत्कृष्ट व्यक्तित्वलाई सम्मान गर्दैछ । कार्यक्रममा उत्कृष्ट तीनवटा विज्ञापन एजेन्सी, उत्कृष्ट रचनाकार, संगीतकार, आधुनिक गायक-गायिका, पप गायक-गायिका, सांगीतिक समूह, लोकगीत तथा एक जना स्रष्टालाई लाइफ टाइम एचिभमेन्ट एवार्ड प्रदान गरिनेछ । आज साँझ साढे चार बजेदेखि रेडियो कान्तिपुर तथा कान्तिपुर टेलिभिजनबाट प्रत्यक्ष प्रसारण हुने यो कार्यक्रममा उत्कृष्ट २० जना श्रोतालाई सम्मानसमेत गरिनेछ । रेडियो कान्तिपुरका कार्यक्रम सञ्चालकहरू हेम सुवेदी, प्रज्ज्वल खड्का, भूमिका थापा, प्रसन स्याङ्देन, पवन आचार्य, प्रकाश लुइँटेल, सुमित सिग्देल, सबिना कार्की, अम्बिका प्रधान, प्रतिमा श्रेष्ठ, रेमन श्रेष्ठ, नम्रता श्रेष्ठ तथा आशिष स्याङ्देनले वार्षिकोत्सवको विशेष कार्यक्रम सञ्चालन गर्नेछन् ।

# देवी बनिन् पोखरेली झ्याल आइडल

सहरको कोलाहल र उकुसमुकुसभन्दा टाढा खुला आकाशमुनि आयोजित 'पाँचौं पोखरेली झ्याल आइडल नृत्य प्रतियोगिता' यस पटक विशेष रह्यो । ताई मो सन कन्ट्री पार्कमा एकत्रित सयौं नृत्यपारखीबीच साहित्यिक स्रष्टा सरुभक्त श्रेष्ठ, प्रकट पंगेनी तथा तीर्थ श्रेष्ठको उपस्थितिले थप रौनक छाएको थियो । कविताबाचनका लागि पहिलो पटक हङकङ आएका यी तीन स्रष्टाले गीतको तालसँगै गुनगुनाउँदै प्रतियोगीहरूलाई हौंस्याएका थिए ।

सहभागी दर्शकहरूले दिएको मतका आधारमा विजेता छनौट गरिएको कार्यक्रममा प्रत्येक मतको



तस्बिर : जगत अक्षय/एचके नेपाल

५ हङकङ डलर तोकिएको थियो । प्रतियोगीका छुट्टाछुट्टै ट्याग नम्बर र नाम अंकित बक्समा मन पर्ने प्रतियोगीलाई जिताउन एकैपटक १ सय मत बराबरको रकम खसाल्नेहरूसमेत थिए । अत्यन्तै रोमाञ्चक प्रतियोगितामा ९ प्रतिस्पर्धीलाई पछि पार्दै देवी गुरुङले नगद ने.रु. ५० हजारसहित विजेता ट्रफी हात पारिन् । फस्ट रनरअप र सेकेन्ड रनरअप घोषित सुनिता र कविता गुरुङले क्रमश: हङकङ डलर ३ हजार र १ हजारसहित मेडल हात पारे। विजेता देवी गुरुङलाई गत वर्षकी आइडल विनिता गुरुङले ट्रफी प्रदान गरिन्।

**– निर्मल श्रेष्ठ**


अर्जेन्ट आवश्यकता
NGOबाट विगत ५ वर्षदेखि सञ्चालित संस्थालाई बिभिन्न पदका कर्मचारीहरुको आवश्यकता ।पार्टटाइम,फुलटाईम जबको व्यबस्था ।
तलब– ८५००+गाडीभाडा
संख्या: १७ जना
योग्यता: साधरण लेखपढ, Test-SLC +2 + above
सम्पर्क:
२०७३६१६, ९८४१९८८१७४, ९८४११९९११९, कोटेश्वर
शनिबार पनि अफिस खुल्ला रहनेछ ।





your DJ dreams comes true with a lesson from DJ Raju
a call for DJ course with Nepal's most loved disco-jockey
the best of hip-hop, house, techno, mainstream and party mix!
students will get a first-hand practical session with DJ Raju in Kathmandu's favorite clubs and discos every weekend nights.
book your seats now.
the flight is fun, futuristic and full!!
BOOM INTERNATIONAL
Contact : 016225212,9851099581
Gautam Buddha Marg, Anamnagar

अर्जेन्ट आवश्यकता
NGO वाट विगत ५ वर्ष देखि संचालित संस्थालाई थप कर्मचारीको आवश्यकता
तलब: ७,५००।- + गाडीभाडा
संख्या: १७ जना
योग्यता: साधारण लेखपढ Test, S.L.C + Above
नोट:- महिला विद्यार्थीको लागी उपयुक्त तथा ग्राहयता दिइने छ ।
सम्पर्क: २०६३१००, ९८०३४८४०२६ ९८०३४६४३३४, ९८४१०६५४११
(शनिबार पनि अफिस खुल्ला रहने छ ।)

The Flying Institute
announces Admission open for
Airhostess Training
Get trained from Nepal's No. 1 Cabin Crew instructor Ms. Shanta Shrestha
Call: 4465653, 9841278689
The Flying Institute P. Ltd.
Minbhawan, Kathmandu

होटल तालिम विशेष छुटमा 2003 मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
COOK (1, 2, 3, 6 month)
Continental, Italian, Chinese, Indian
WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc. EPS मा कोरियन भाषाको तालिम
UK, Australia, Canada मा student visa मा जानेलाई Job Replacement, Airport Pickup, parttime & fulltime Job को लागि यहाँ सिप सिकेर जाऔं
३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG. होस्टलको पनि व्यवस्था छ
६ महिने कुकमा FREE BARMAN/ ६ जनाको ग्रुपमा आउँदा १ जना FREE
थप Industrial Training लाई Star Hotel मा पठाइने
आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
केयर गिभरका नयाँ कक्षाहरु धमाधम शुरु भैरहेको छ ।
Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार,पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
2200889, 016913003, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, शंखमूल बाट मार्ग
2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पानी ट्याङ्किको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629

After +2 ?!! प्रिमियर
Admission Open
CA Foundation & Inter Level
Classes Starts: Nov 30th, 2008
HURRY UP Seats are Limited
CA
Be a CA with BBS
PREMIER COLLEGE ESTD 2000
New Baneshwor, Kathmandu,
(In front of BICC Southern Gate)
Phone: 4785198, 2040467, 016207877

कसलाई हुँदैन र ! सुन्दर हुने चाहना
१. उचाई बढाउने जापानी YOKO Height increaser -रु.१,२५०/-
२. Souna Belt Price -रु.२,४९९/-
३. Breast घटाउने क्रिम -रु.१,३००/-
४. Breast बढाउने क्रिम -रु.१,३००/-
५. चुरोट खान छुटाउने Spray -रु.१,४९९/-
६. Roop Amrit -रु.१,३९९/-
७ अनुहारको चाया पोतो हटाउने Cevioal Cream -रु. ३,४९९/-
८ पेट घटाउन Abking pro -रु. ६,९९९/-
९ Home Jogger (machine) -रु. ६,९९९/-
१० कपाल झर्न रोकी नयाँ कपाल पलाउने Herbal HairOil -रु. ७५०/-
११ Breast बढाउने pump -रु. १,४९९
साथै Fitness का सामानहरु पनि पाइन्छ ।
Global TV. Product Shop
पुतलीसडक, (शंकरदेव क्याम्पस अगाडि)
कुमारी बैंक पछाडि फोन:४२४२०६१, ४२३०८१५
मो: 9851014602 बुटवल: ०७१५४४४३८

## ● सम्पादकीय ●

# दण्डहीनताको अन्त्य हुनुपर्छ

मुलुकमा दण्डहीनताको स्थिति लगातार बढ्दै गएको छ भन्ने कुराको पुष्टि फेरि एकपटक भएको छ । नेकपा माओवादीको भातृसंगठन योङ कम्युनिस्ट लिग (वाईसीएल) द्वारा एक महिनाअघि अपहरण गरी बेपत्ता पारिएका भनिएका दुई युवकको शव फेला परेपछि मुलुकमा कसको र कस्तो शासन छ ? भन्ने प्रश्न एकपटक फेरि चर्चाको विषय बनेको छ । केही महिनाअघि काठमाडौं कोटेश्वरका व्यापारी रामहरि श्रेष्ठको पनि यसैगरी माओवादी कार्यकर्ताहरूद्वारा हत्या हुँदा माओवादीका नेता पुष्पकमल दाहाल 'प्रचण्ड'ले (सत्तारोहणपूर्व) मुलुकमा अब कुनै पनि किसिमको दण्डहीनताको स्थितिलाई स्वीकार गरिनेछैन भन्दै श्रेष्ठका हत्यारालाई कानुनसम्मत कारबाही गरिने प्रतिबद्धता व्यक्त गरेका थिए । उनको त्यस्तो प्रतिबद्धताका बाबजुद सरकारले रामहरि श्रेष्ठको हत्यारालाई अहिलेसम्म कुनै कारबाही गर्न सकेको छैन । रामहरि श्रेष्ठ प्रकरणमा असहाय देखिएको सरकारका लागि वाईसीएलका कार्यकर्ताले थप दुई जनाको अपहरणपश्चात हत्या गरेको आरोपले अप्ठ्यारो स्थिति सिर्जना गरेको छ । सरकारको प्राथमिक जिम्मेवारी भनेको नागरिकहरूको जीउधनको सुरक्षा हो । कसैले पनि कुनै पनि कारण वा स्थितिमा अनाहक आफ्नो ज्यान गुमाउनु भनेको कमजोर कानुन व्यवस्थाको द्योतक हो । कुनै पनि नागरिकको अपहरण र हत्यामा संलग्न व्यक्ति जुनसुकै स्तर र हैसियतमा भए पनि उसले प्रचलित कानुनबमोजिम दण्डको भागीदार बन्नुपर्छ, उसका लागि उन्मुक्तिको कुनै पनि बाटो कुनै पनि अवस्थामा स्वीकार्य हुँदैन भन्ने कुरालाई कानुनले निर्धारण गरेको हुन्छ । कानुनको यस्तै दण्डनीतिको भयका कारण समाजमा अपराध नियन्त्रित भएको हुन्छ ।

जब अपराधीहरूले कानुनको भयबाट उन्मुक्ति पाउँछन् त्यसबेला मुलुकमा दण्डहीनताको स्थितिले लगातार विस्तार पाउँदै जान्छ । धादिङ घटनाको कडी रामहरि प्रकरणसँग जोडिनुको ठोस कारण पनि मुलुकमा विद्यमान दण्डहीनताको स्थिति नै हो । प्रधानमन्त्री हुनुअघि प्रचण्डले रामहरि श्रेष्ठका हत्याराहरूलाई आफूले वाचा गरेअनुसार कानुनी कारबाहीको दायरामा ल्याउन सकेको भए धादिङ हत्याकाण्ड हुँदैनथ्यो कि ? भन्ने विषयमा सरकार गम्भीर हुनैपर्छ । विगतमा रामहरि प्रकरणका दोषीहरूलाई सरकारले कुनै कारबाही गर्न नसक्नु र अहिले धादिङ हत्याकाण्ड दुवैमा सत्तासीन माओवादीसँग सम्बन्धित समूह मुछिनुले पनि मुलुकमा विद्यमान दण्डहीनता स्थितिका लागि माओवादी नेतृत्वको सरकार नै जिम्मेवार छ भन्नेतर्फ संकेत गर्छ । मुलुकको शान्ति–सुरक्षाको जिम्मेवारी कस्ता मानिसको हातमा छ ? के यस्तो स्थितिमा आमनागरिकले आफूलाई सुरक्षित अनुभव गर्न सक्छन् ? यी प्रश्नहरूको जवाफ सरकारले दिनैपर्छ । अन्यथा यो मुलुकमा राजनैतिक नेतृत्वको सरकारको होइन, अपराधीहरूका अगाडि लाचार राजनैतिक नेतृत्वको सरकार छ भन्ने कुरा मात्र जनताले अनभूत गर्नेछन् ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न ।

*सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*

## समाज, प्रेम र निहिता

गएको दसैं जमरा, टीका र पिङभन्दा निहिता र शोभराजको प्रेम/विवाह प्रसङ्गले चर्चित रह्यो । विवाह भएकै हो वा हल्लामात्र हो भन्ने कुरा पनि खासगरी युवावर्ग र सहरका घरघरमा बहसको विषय बन्यो । हरेक साना कुरामा अरूको चासो राख्ने हाम्रो संस्कार नै हो । एउटी गृहिणी आफ्नो शिशु हिलोमा पछारिंदा उठाउनेभन्दा बढी अर्कीले के लगाएकी छे, उसको लोग्ने गाँठवाला हो-होइन, उसलाई बाइकमा लिएर हिंड्छ कि हिंड्दैन भन्ने कुरामा बढी केन्द्रित हुन्छे ।

एउटा पुरुषले कार्यालयका लागि महिला कर्मचारी छनौट गर्दा, कार्य सम्पादन गर्दा र साथी बनाउँदासमेत ती युवतीको क्षमता होइन शारीरिक हाउभाउ र ऊप्रतिको आशक्तिमा ध्यान दिइरहेको हुन्छ । कलेज वा विद्यालयमा पढ्नेभन्दा बढी कसको ब्याइफ्रेन्ड धनाढ्य छ, ह्यान्डसम छ र कसकी प्रेमिका ग्ल्यामरस वा कामुक छे, त्यसको चर्चा हुन्छ । यहाँ मात्र होइन, सायद विश्वभर नै यस्तै हुन्छ, त्यसैको ज्वलन्त उदाहरण मान्नुपर्छ- केही महिनाअघि सिनेटर हिलारी क्विन्टलको प्रतिभा, क्षमता र प्रभावशाली व्यक्तित्वलाई छायाँमा पारेर उनले लगाएका खुला पहिरनको चर्चा संसारभरि मुख्य समाचार बनेर फैलियो ।

यस्तो परिवेशमा अपराधको संसारमा विश्वचर्चित चार्ल्स शोभराज र २० वर्षीया निहिताबीचको प्रेमसम्बन्ध अनि जेलको पर्खालभित्रै भएको भनिएको विवाहले चर्चा पाउनु एक किसिमले स्वाभाविक हो । यसले ममा पनि कौतूहलता छाएको छ, यस अर्थमा कि हाम्रो (निहिता र मेरो) उमेर समूह र सामाजिक परिवेश एउटै छ । फेरि हाम्रो समाज विचारको सम्मान होइन, आफ्नै धारणा लाद्न चाहन्छ ।

## ● चिठीपत्र ●

भर्खरैको घटना हो, चलचित्र र कलाकारको विषयमा बहस भैरहँदा मेरा साथीहरू मलाई मन पर्ने कलाकार फेर्नुपर्ने जिकिर गर्दै थिए, कारण राजेश हमालको उमेर बढ्दैछ । उमेर कसको एउटै कायम रहन्छ ? फेरि आस्था, प्रेम, विश्वास र समर्पण कसैले भन्दैमा फेरिने कुरा हो र ? कलाकार र दर्शकबीचको निःस्वार्थ साइनोमा समेत यस्तो धारणा राख्ने समाजमा शोभराज र निहिताको प्रेम अलौकिक ठहरिनु अनौठो होइन ।

खास गरेर धेरैले के गर्छन् त्यसलाई नै सत्य वा अन्तिम सत्य मान्ने हाम्रो परम्परा छ । यदि कोही त्योभन्दा फरक देखिइहाले त्यो समाजभन्दा बाहिरको, असामान्य, साइको, भेजा वा पागलका रूपमा चित्रित हुन्छ । संसारका हरेक मानिसपिच्छे उसका फरक गुण, चाहना र विशेषता हुन्छन् । आफ्नो विचारमा स्वतन्त्र हुने उसको अधिकार हो । अझ प्रेम भन्ने कुरा त कसको वशमा हुन्छ र ? सायद प्रेम गर्नेकै वशमा पनि हुँदैन भने यसमा अरूले अनावश्यक टाउको दुखाएर के हुनु ?

यसो भनेर म शोभराजको पक्षमा वकालत गरिरहेकी छैन । उसका गलत क्रियाकलापले समाजलाई असर पुऱ्याउँदा चुपचाप बस्ने कुरा हुँदैन । निहिताका विषयमा पत्रपत्रिकाहरूमा धेरै प्रतिक्रिया आइरहेका छन्, कसैले निहिताले धनको लोभमा परेर सुख-सयलको जिन्दगी जिउन, कसैले चर्चामा आउन र कसैले अन्य विविध कारण लेखिरहेका छन् र उपदेश दिइरहेका छन् तर मलाई लाग्दैन– निहिता त्यति कमजोर छे जो बहकिन, लोभिन र फस्न सक्छे, ऊ अरूभन्दा फरक देखिई, किनकि ऊ मान्यताको बन्धक बनिन् ।

मानवीय स्वभाव हो, जुन कुरामा बन्देज लगाइएको हुन्छ, हामी त्यसैप्रति मरिमेटेर लागिपर्छौं । हामीले देखेकै कुरा हो जसका छोराछोरीलाई चरम अनुशासन सिकाइएको हुन्छ, केटा वा केटीसँग सबन्ध नबढाऊ भनिन्छ, उनीहरूको किशोरवयमै विवाह हुन्छ, अनि अन्य नसोचिएका गतिविधिहरू पनि ।

निहितासँग कसैले किन प्रेम गऱ्यौ ? भनेर सोध्छ भने त्यो त कुनै प्रश्नै भएन । प्रेम अन्धो हुन्छ, यो सबैले सुनेकै कुरा हो । भनिन्छ, प्रेमको आँखाले हेर्दा शिरीषमा पनि गुलाफी सुगन्ध भेट्न सकिन्छ । त्यसैले निहिताले शोभराजमा गुणै गुण देख्नु स्वाभाविक हो । शोभराज र निहिताको प्रेम प्रेम नै हो भने यो कसरी रहस्य हुन्छ ? प्रेमको नाममा दुवैले छलकपट पालेका छन् भने त्यो प्रेम हुने कुरै भएन । शोभराज जस्तोसुकै हुन् ? यो सोच्ने जिम्मा निहिताकै हो ।

हरेक सानातिना घटनाक्रममा हामीले समाजलाई उत्तर दिनुपर्ने अवस्था छ, घरबाट बाहिर निस्कँदा, घरभित्र पस्दा, क्याफेमा छिर्दा, कक्षामा बस्दा वा खाँदा-लाउँदा प्रश्नै-प्रश्नले घेरिएका हुन्छौं हामी नारीहरू । यस्तो के, किन, कसरीको बीचमा गुज्रनुपर्ने परिवेशमा बसेर पनि स्पष्ट रूपमा आफ्ना बारेमा खुल्न सक्ने निहिताको आत्मविश्वासलाई म सलाम गर्छु । घरपरिवारलाई पनि मनाउन सक्नु उनको अर्को ठूलो सफलता हो । प्रेमका माध्यमबाट संसार बदल्ने उनको दृष्टिकोण अचूक छ । अदालतको फैसला पूर्ण विश्वास एवं भरोसाका साथ कुरेर प्रेमपूर्ण र सफल जीवनको लक्ष्य राखेकी निहितालाई मेरो शुभकामना छ । साँच्चै शोभराज सोचेजस्तै भैदिने हो भने कति राम्रो हुने थियो ?

**–विद्या सापकोटा, कल्याणपुर, नुवाकोट**

## शिक्षा सेवा कर : उचित कि अनुचित ?

सरकारले ल्याएको आर्थिक विधेयक- २०६५ ले व्यवस्था गरेको शिक्षा सेवा कर अहिले विवादमा छ । एकातिर आन्तरिक राजस्व विभागले उक्त कर अभिभावकले तिर्नुपर्ने सूचना जारी गरेको छ भने अर्थमन्त्री डा. बाबुराम भट्टराई तथा शिक्षामन्त्री रेणु यादवले यो नयाँ कर अभिभावकले नभै सञ्चालकले तिर्नुपर्ने सार्वजनिक अभिव्यक्ति दिंदै आएको अवस्था छ । प्याब्सनसहितका शिक्षण संस्था संचालकहरू शिक्षामा भ्याट लगाउन पाइँदैन भनेर निर्णय फिर्ता गर्न माग गरिरहेका छन् । बजेटमा कर लिने उल्लेख गर्नेले त्यो कसले तिर्ने हो भन्ने स्पष्ट नपार्दा अहिलेको समस्या आएको देखिन्छ । शिक्षाविद् डा. तीर्थ खनियाँले भनेझैं शैक्षिक सत्रको बीचमा विना छलफल ल्याइएको शिक्षा सेवा कर उचित देखिँदैन । त्यसैगरी कर लिने भन्ने कुरा बजेटमा र कसले तिर्ने भन्नेचाहिं मौखिक घोषणा गर्नुले निजी विद्यालयको विरोध गर्दै आएको माओवादी आफैं यो विषयमा प्रस्ट नभएको हो कि भन्ने प्रश्न धेरैको मनमा उठेको छ ।

यही प्रसंगमा विद्यार्थीको दक्षतासम्बन्धी प्रश्न ओझेलमा पर्नु नेपालको शैक्षिक भविष्यका लागि घातक हुने सम्भावना बढेको छ । आगामी दुई वर्षभित्र निरक्षरता उन्मूलन गर्ने लक्ष्य राख्ने सरकार सबै पक्षलाई चिढाएर कुन बाटो हिंड्न खोजेको हो बुझ्न सकिएको छैन । साँढेको जुधाइ, बाच्छाको मिचाइ भनेझैं सरकार र शिक्षण संस्था सञ्चालकहरूको विवाद बढ्दै जाँदा विद्यार्थीहरूको भविष्यको चिन्ता लिइदिने कोही भेटिएका छैनन् । त्यसैगरी अभिभावकहरूको पीडा कसले बुझिदिने ?

**–विश्वमणि अधिकारी**

## ● तीतो सत्य ●

कुनै व्यक्ति आउनुमा केही महत्त्व छैन, रहनुमा पनि छैन तर जानुमा त्यसको महत्त्व हुन्छ ।

सफलता हार, संघर्ष र दुःखबाट बनेको हुन्छ ।

**आर.जे. लिम्बू, झापा**

संस्कार परिवर्तनबिना संसार परिवर्तन हुन सक्दैन ।

यो संसार हार-जितको खेल हो यसलाइ नाटक सम्झेर खेलौं ।

इच्छा घट्यो भने समस्या पनि घट्छ ।

अरूसँग मिलेर हिंड्नु नै जीवन जिउने कला हो ।

**सम्पूर्ण प्रजापति**

मानिसको सोंचाइ एउटा र गराइ अर्को हुन्छ ।

मानिसको आत्मा एउटै भए पनि हेराइ फरक हुन्छ ।

सोह्र वर्षको यौवनमा सबैले आफ्नो रूप सुन्दर देख्छन् ।

भ्रष्टाचारीलाई पत्याउन गाह्रो हुन्छ ।

**टीकाराम अर्याल, स्याङ्जा**

गरिब, दुःखीलाई सहयोग, मायाँ र सम्मान गर यदि सक्दैनौ भने घृणा र अपमान गर्दै नगर ।

जे भए पनि मानिसको मन हिंजो भए जस्तो आज नहुन सक्छ । आज भए जस्तो भोलि नहुन सक्छ, मानिसको मन बदलिन केही बेर लाग्दैन ।

**–राघव श्रेष्ठ 'पाल्पाली'**


*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*



## ● सहर चर्चा ●

### नवराज अर्थात् 'भीमा पहेलवान'



अजङ्गको शरीर, डरलाग्दो आँखा र अझ डरलाग्दो हेराइ भएका ३२ वर्षीय नवराज विश्वकर्मा मराठी चलचित्रका चर्चित खलनायक हुन् । उनले दर्जनौं मराठी चलचित्रमा मुख्य खलनायकको भूमिका निर्वाह गरिसकेका छन् भने बीसौं हिन्दी चलचित्रमा सहायक भिलेनका रूपमा अभिनय गरिसकेका छन् । विगत १२ वर्षदेखि बलिउडमा सक्रिय रूपमा लागेका विश्वकर्माले पहिलो पटक माधुरी दीक्षित अभिनीत हिन्दी चलचित्र मृत्युदण्डमा मोहन आगशेको साथमा खलनायकको (महन्त) भूमिका निर्वाह गरे ।

त्यसपछि उनले गंगाजलमा मोहन जोशीका साथमा, हुतुतुमा नाना पाटेकरको साथमा (लखेतको भूमिका), चिंगारीमा मिथुन चक्रवर्तीको साथमा, स्वदेशमा शाहरूख खानको साथमा (भीमा पहलवानको भूमिकामा) काम गरे । तिलकपुर-६ चौरी, कैलाली घर भै सानैदेखि भारतको पुनामा रहँदै आएका विश्वकर्माले भारतीय फिल्म एन्ड टेलिभिजन इन्टिच्युट पुनाबाट ८ वर्षको कोर्स पूरा गरेका छन् । उनी यतिबेला वास्तविक घटनामा आधारित सिनेमास्कोप मराठी चलचित्र कालुबाई भक्त सत्याच्या धावची पाटिल (नेपालीमा- महाकालीको सच्चा भक्त) चलचित्रमा मुख्य खलनायकका रूपमा अभिनय गरिरहेका छन् । मराठी चलचित्र इतिहासमै सबैभन्दा बढी बजेटमा बन्न लागेको यो चलचित्र आगामी जनवरीमा रिलिज हुनेछ । साप्ताहिकसँग कुराकानी गर्दै विश्वकर्माले आफू नेपाली चलचित्रमा समेत अभिनय गर्न इच्छुक रहेको बताए ।

## ● साइबर गर्ल ●

### विभूषाको रहर

५ फिट ३ ईन्च अग्ली विभूषा विगत एक वर्षदेखि मोडलिङको क्षेत्रमा सक्रिय भए पनि उनलाई नेपाली चलचित्रमा काम गर्ने ठूलो रहर छ । मोडलसंसार डटकममा आकर्षक तस्बिर प्रकाशित भएपछि आफ्नो सक्रियता बढेको बताउने विभूषा धरानकी स्थायी बासिन्दा हुन् । फोटोजेनिक अनुहार भएकाले उनलाई साथीहरूले मोडलिङमा प्रयास गर्ने सल्लाह दिएका थिए । साथीहरूकै सल्लाहअनुसार ग्ल्यामर क्षेत्रमा प्रवेश गरेकी विभूषा एक वर्षको मोडलिङ यात्राका क्रममा धेरै कुरा सिक्न पाएको धारणा व्यक्त गर्छिन् । ४८ किलोग्रामकी विभूषाको शारीरिक बनावट ३४X२९X३७ छ । योग्य मोडलका लागि आकर्षक शारीरिक बनावट आवश्यक भएकाले शरीरलाई सन्तुलनमा राख्न नियमित व्यायाम गर्ने उनी बताउँछिन् । गहुँगोरो वर्णकी विभूषा आफ्नो सुन्दरतामा कालो आँखा तथा खैरो केशराशिले ठूलो भूमिका निर्वाह गरेको बताउँछिन् ।

## ● मुखाले ●

माओवादीले नेतृत्व गरेको वर्तमान सरकारलाई कसैले ढाल्नुपर्दैन, आफैं ढल्छ ।

**–गिरिजाप्रसाद कोइराला**

जसले सम्पत्ति खोसेको छ उसैबाट क्षतिपूर्ति तिराउनुपर्छ ।

**–माधवकुमार नेपाल**

परम्परागत र प्रजातन्त्रवादी शक्तिलाई एक बनाएर गिरिजाबाबुले आन्दोलनको नेतृत्व गर्नुपर्छ ।

**कमल थापा**

सरकारको नियत नै नयाँ संविधान नबनाउने छ ।

**–डा. मीनेन्द्र रिजाल**

सरकारको आयु यसको नेतृत्व गर्नेसँग सोध्नुहोस् ।

**उपेन्द्र यादव, परराष्ट्र मन्त्री**

दिशाविहीनताको स्थिति एक वर्ष यत्तिकै रह्यो भने माओवादी धेरै समूहमा विभाजित हुनेछ ।

**–भरत दहाल**

माओवादीको जनगणतन्त्र क्रान्तिकारी लफ्फाजी हो ।

**–चित्रबहादुर केसी**

माओवादीले राष्ट्रिय सहमति बिगारिरहेको छ ।

**–रामनाथ ढकाल**

के मैले पाउडर लगाएर हिंडेकी छु ?

**–हिसिला यमी, मन्त्री**

नेपाली समाजमा पुरुषले महिलामाथि गरेको अन्याय देखेर बिहे गर्न मन नलागेको हो ।

**आनी छोइङ डोल्मा, गायिका**

हो, म पर्दामा बोल्ड छु ।

**–पूजना प्रधान, चलचित्र नायिका**

# नयाँ संविधानमा दलितका एजेण्डाहरु २०६५

अहिले देश संघीय लोकतान्त्रिक गणतान्त्रिक नेपालको संविधान लेखनको प्रकृयामा रहेको छ । उत्पीडित दलित समुदायले प्रजातान्त्रिक आन्दोलनहरुमा महत्वपूर्ण भूमिका निभाउदै आएको भए तापनि उनीहरुको अवस्थामा तात्वीक परिवर्तन आएको महसुस गर्न पाएका छैनन् । नयाँ संविधानमा दलितका सवालहरु समावेश नगरी समता- मूलक समाज, स्थायी शान्ति र दिगो विकास सहितको नयाँ नेपालको परिकल्पना समेत गर्न सकिदैन ।

यसै सन्दर्भमा **दलित गैरसरकारी संस्था महासंघ**ले नेपालमा दलित मुक्तिका लागि दलित तथा गैर दलित समुदाय माफ्र विभिन्न तहको परामर्श, अन्तरसम्बाद तथा पृष्ठपोषणका आधारमा नयाँ संविधानमा अनिवार्य समावेश गरिनुपर्ने दलितका मूलभूत सवालहरुको पहिचान गरेको छ । साथै जातीय विभेद उन्मूलन सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धि, अनुबन्ध, प्रावधान, विश्वव्यापी घोषणापत्र, नेपालको विगत देखि वर्तमानसम्मको कानूनी व्यवस्था, राज्यद्वारा गरिएका प्रतिवद्धता, पहल र कार्यान्वयनको अवस्थालाई समेत विश्लेषण गर्दै **नयाँ संविधानमा दलितका एजेण्डाहरु** तयार गरेको छ ।

तसर्थ, नयाँ संविधानमा दलित सवालहरु सुनिश्चित गर्न नेपाल सरकार, संविधानसभा सदस्यहरु, राजनीतिक दलहरु, जनसंगठन, नागरिक समाज, विभिन्न पेशाकर्मी, तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुलाई सकृय ऐक्यबद्धता जनाउदै ***समावेशी राज्यको पुनर्संरचना सहित नयाँ नेपालका लागि दलितमूखि संविधान*** निर्माणका लागि यसले गहनतम् भूमिका खेल्नेछ ।

## नागरिक तथा राजनीतिक सवालहरु

१. केन्द्रीकृत ढाँचाबाट अहिलेसम्म दलित समुदायको उत्थान हुन नसकेको कारण नयाँ बन्ने संविधानमा राज्यलाई संघीय ढाँचामा लैजानु पर्दछ । राज्यको पुनःसंरचना गर्दा जातीय, क्षेत्रीय, भाषिक, प्राकृतिक स्रोत, आर्थिक स्रोतलगायतलाई आधार बनाई पुनःसंरचना गर्नु पर्दछ । दलित समुदायको बसोबास मेचीदेखि महाकाली, हिमालदेखि तराईसम्म फैलिएर रहेको र कुनै पनि स्थानमा सघनता नभएको हुँदा केन्द्र र संघीयराज्य तथा स्थानीय निकायमा २० प्रतिशत आरक्षणसहित हरेक संघहरुमा दलित समुदायको समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी हुनुपर्दछ ।

२. संविधानको प्रस्तावनामा नै समानुपातिक समावेशीकरणको नीति अवलम्बन गर्नुपर्दछ ।

३. राज्यको पुनःसंरचना गर्ने प्रक्रियादेखि नै दलित समुदायलाई समावेश गराउनु पर्दछ । त्यसका लागि बन्ने विभिन्न आयोग, विकास समिति तथा कार्यदलहरुमा दलित समुदायको अनिवार्य तथा अर्थपूर्ण उपस्थिति रहने व्यवस्था गर्नुपर्दछ ।

४. राज्यको सबै तह/निकायहरुमा दलित समुदाय, त्यसमा पनि मधेसी दलित, नेवारी दलित, अन्य अल्पसंख्यक दलित जातिहरु, कर्णालीका दलित र दलित महिलाको जनसंख्याको आधारमा अनिवार्य रुपमा पूर्ण समानुपातिक प्रतिनिधित्वको व्यवस्था हुनु पर्दछ ।

५. राष्ट्रिय दलित आयोगलाई अधिकारसम्पन्न संवैधानिक आयोग बनाउनु पर्दछ ।

६. दलित समुदायलाई आरक्षणको कार्यक्रम लागू गर्न र दलितहरुको आर्थिक, राजनीतिक र सामाजिकलगायतको अवस्था पत्ता लगाउन दलित विशेष जनगणना गर्ने व्यवस्था गर्नुपर्दछ ।

७. धार्मिक स्वतन्त्रताको रक्षा गर्दै कुनै पनि एक धर्मलाई मात्र स्वीकार गर्ने वा पक्षमा वकालत गर्ने राजनीतिक पार्टीलाई निषेध गरिनु पर्दछ ।

८. राजनीतिक पार्टीहरुको सबै निकायहरुमा कम्तीमा २० प्रतिशत दलित समुदायको प्रतिनिधित्व हुने व्यवस्था हुनु पर्दछ । प्रत्येक राजनीतिक पार्टीहरुले समावेशी, समानुपातिक प्रतिनिधित्वको सिद्धान्त, सामाजिक रुपान्तरणसम्बन्धी नीतिमार्फत् छुवाछूत अन्त्य गर्ने प्रतिबद्धताहरु अवलम्बन गर्नु पर्दछ । त्यस्तो नगर्ने पार्टीलाई निर्वाचन आयोगमा दर्ता गर्न नदिने नीति बनाउनु पर्दछ ।

९. कुनै पनि राजनीतिक पार्टीका कार्यकर्ताले जातीय भेदभाव तथा छुवाछूतको व्यवहार गर्नेलाई पार्टी कार्यकर्ता बनाउन नहुने व्यवस्था गर्नु पर्दछ । यदि कुनै पार्टीका नेता कार्यकर्ताले जातीय भेदभाव तथा छुवाछूत गरेमा राज्यले राजनीतिक पार्टीलाई स्पष्टीकरण लिने र कार्वाही गर्ने प्रावधान हुनुपर्दछ ।

## सामाजिक सवाल

१. छुवाछूतको अन्त्यका लागि संवैधानिक प्रावधानको व्यवस्था गर्नुपर्दछ । दण्डहीनताको अन्त्य गर्नका लागि छुवाछूतलाई राज्यविरुद्धको अपराध गरेको ठहर गरी कडा दण्ड सजायको व्यवस्था गर्नु पर्दछ ।

२. दलित समुदायबाट उत्पादित सेवा र वस्तुहरुमा भेदभाव तथा छुवाछूत गर्न नपाउने र भेदभाव गरेमा दण्डनीय बनाउनु पर्दछ ।

३. धर्मनिरपेक्ष राज्यलाई निरन्तरता दिनु पर्दछ र व्यवहारमा लागू गराउने नीति र कार्यक्रम तय गरी लागू गर्नु पर्दछ ।

४. दलित समुदायको अधिकार स्थापना गर्ने खालका चलचित्र, प्रकाशन, पाठ्यपुस्तक र अन्य सञ्चार सामग्रीहरुको प्रकाशन र प्रसारणमा राज्यले विशेष नीति अवलम्बन गर्नु पर्दछ ।

५. अन्तरजातीय विवाहबाट प्रभावित भएका परिवारलाई संरक्षण र प्रोत्साहनको कानूनी व्यवस्था गरी विस्थापितलाई स्थापित गर्ने प्रावधानहरु राखिनु पर्छ ।

६. सरकारी तथा निजी क्षेत्रका कर्मचारी, राजनीतिक पार्टीका कार्यकर्ता, सामाजिक कार्यकर्ताका लागि जातीय भेदभाव तथा छुवाछूतको व्यवहार विरुद्धमा राज्यले विशेष कार्यक्रम संचालन बनाई लागू गर्नु पर्दछ ।

७. जातीय आधारमा कसैलाई कुनै धर्म मान्नबाट वा मठमन्दिरमा गई पूजापाठ गर्नबाट बञ्चित गरिनु हुँदैन । यदि कसैले गरेमा सामाजिक अपराधसरह कानूनद्वारा दण्डनीय बनाउनु पर्दछ ।

८. दलित समुदायको कला, सीप, भाषा र संस्कृतिलाई मान्यता दिदै त्यसको संरक्षण र प्रवर्द्धन गर्नु पर्दछ ।

९. दलित महिलालाई घरेलु हिंसाबाट पूर्णसुरक्षाको अनुभूति दिलाउनु पर्दछ । दलित समुदायलाई कुनै पनि प्रथा, प्रचलनकोआधारमा भेदभाव तथा शोषण गरेमा कानून वमोजिम दण्ड सजायका व्यवस्था परिनु पर्दछ ।

१०. दलित समुदायअन्तर्गतको बादी जातिको उत्थानको लागि छुट्टै प्याकेज निर्माण गरी लागू गर्नु पर्दछ ।

११. सामाजिक सुरक्षाको सर्वमान्य अवधारणाअनुरुप दलित समुदायलाई सामाजिक सुरक्षा व्यवस्था गरिनु पर्ने छ ।

१२. प्रत्येक व्यक्तिको मानविय मर्यादा पूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभुति हुनु पर्दछ ।

१३. दलित समुदायको आत्मसम्मानमा ठेस पुग्ने किसिमको शब्द तथा साँस्कृतिलाई कानून बनाई निरुत्साही गर्नु पर्दछ ।

१४. समाजमा दलित समुलायले आफ्नो अधिकार प्रयोग गर्दा असुरक्षाको स्थिति वेहोर्नु परिरहेको हुँदा आफ्नो अधिकार प्रयोग गर्दा शान्ति सुरक्षाको ग्यारेन्टी गर्नु पर्दछ ।

## आर्थिक सवाल

१. दलित समुदायलाई निजामती, जंगी, प्रहरी, शिक्षण, विश्वविद्यालय प्राध्यापक तथा कर्मचारी आदि सरकारी सेवामा दलित समुदायलाई २० प्रतिशत संवैधानिक आरक्षणको सुनिश्चित गर्नु पर्दछ । निजी क्षेत्रमासमेत दतिल समुदायलाई २० प्रतिशत आरक्षणको व्यवस्था गर्नु पर्दछ । हरेक रोजगारका अवसरहरुमा दलित महिला र मधेसी दलितलाई विशेष प्राथमिकता साथ अवसर प्रदान गर्नु पर्दछ ।

२. दलित समुदायको आर्थिक अवस्थामा सुधार गर्नको लागि भूमिहीन दलित समुदायको पहिचान गर्ने र क्रान्तिकारी भूमिसुधारमार्फत् दलित समुदायलाई न्यायोचित रुपमा भूमि उपलब्ध गरी भू-स्वामित्व प्रदान गर्ने ।

३. परम्परागत पेशालाई वैज्ञानिकीकरण, प्रमाणिकरण, आधुनिकीकरण तथा व्यवसयीकरणको लागि राज्यले विशेष संरक्षण र प्रबर्द्धनको नीति अवलम्बन गर्नुपर्दछ ।

४. राज्यले दलित समुदायलाई उद्योग, व्यवसाय सञ्चालन गर्दा कर छुटको व्यवस्था गरिनु पर्दछ । वैदेशिक रोजगारमा जान बिनाधितो ऋण दिने व्यवस्था गर्नु पर्दछ ।

५. दलित समुदायले उत्पादन गरेका विभिन्न वस्तुहरुको बजारको व्यवस्थापन राज्यतहबाट गर्नु पर्दछ ।

६. दलित समुदायको श्रममाथि शोषण गर्ने कुप्रथाहरु बालिघरे, खलिया, हलियाको अन्त्य गरी उनीहरुलाई वैकल्पिक रोजगारको व्यवस्था गर्नु पर्दछ । त्यसै गरी सिनो फाल्न बाध्य पार्ने, बेठ, बेगारी, हरुवा, चरुवा राख्ने आदि श्रम शोषणाबाट पीडित दलित समुदायलाई मुक्त गरी पुनःस्थापना गर्दै उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्दछ ।

७. दलित समुदायको आर्थिक तथा सामाजिक विकासको लागि दीर्घकालीन गुरुयोजना तयार गरी कार्यान्वयन गर्नु पर्दछ ।

८. आर्थिक समस्याले गर्दा दलित समुदाय सन्तुलित र सुरक्षित खाद्यान्नबाट बञ्चित रहेको हुँदा खान पाउनुपर्ने मौलिक अधिकारको प्रत्यभूती गरी दलित समुदायको खाद्य सम्प्रभुताको ग्यारेण्टी गर्नु पर्दछ ।

९. दलित महिलाहरुले तेहोरो शोषणको भार खेपिरहेको हुनाले आर्थिक विकासको लागि राज्यले दलित महिलाको उत्थान र विकासका लागि विशेष नीति तथा कार्यक्रम लागू गर्नुपर्दछ ।

१०. वैदेशिक रोजगारीमा दलित समुदायलाई विशेष अवसर प्रदान गर्दै दलित समुदायको क्षमता अभिवृद्धिको निम्ती विशेष नीतिको व्यवस्था गर्नुपर्दछ ।

११. विकास निर्माणका पूर्वाधारमा दलित समुदायको बस्तीलाई प्राथमिकता र उनीहरुको पहुँच सुनिश्चित गर्नुपर्दछ ।

१२. समान ज्यालाको व्यवस्था हुनु पर्दछ ।

१३. राज्यको हरेक श्रोत र साधनमाहरुमा (जल, जंगल र जमिन) दलितहरुको पहुँचको सुनिश्चित गर्ने ।

१४. राष्ट्रिय उद्योग धन्दामा पहुँच बढाँउन दलित समुदायलाई शेयर खरिद गर्न ऋणको व्यवस्था गर्नु पर्दछ ।

## कानूनी सवाल

१. जातीय भेदभाव तथा छुवाछूतको परिभाषासहित त्यस्तो व्यवहार मानव जीवनका सबै क्षेत्रमा निषेधित र दण्डनीय हुने कानूनी प्रावधान बनाउनु पर्दछ ।

२. भेदभावजन्य परम्परागत पेशा तथा व्यवसायलाई मर्यादित बनाउन राष्ट्रिय श्रम नीतिमा परिवर्तन गर्नु पर्दछ । उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समितिलाई परिवर्तन गरी एक स्वतन्त्र दलित बिकास परिषद्को स्थापना गनु पर्दछ ।

३. सबै न्यायिक तथा अर्धन्यायिक निकायलाई जातीय दृष्टिकोण स्पष्ट पार्न उपयुक्त तालीम तथा अभिमूखीकरणको नीति निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

४. छुवाछूतको मुद्दा हेर्ने विशेष अदालतको व्यवस्था गरी यथाशीघ्र पीडितलाई न्याय र दोषीलाई सजायको ग्यारेण्टी गर्नुपर्दछ ।

५. मानअधिकारको ग्यारेन्टी गरिनु पर्दछ ।

६. राज्यले अनुमोदन गरेका मानव अधिकार सम्बन्धि महासन्धि, अनुबन्ध, अभिसन्धि आदिको अक्षरस पालना गरिनु पर्दछ ।

७. दलित समुदायको पक्षमा निर्मित कानूनको कार्यान्वयनको प्रभावकारी अनुगमन गर्ने राज्यद्वारा संयन्त्र बनाउने व्यवस्था गर्नु पर्दछ ।

## शैक्षिक सवाल

१. लित समुदायलाई प्राथमिकतह देखि उच्च शिक्षासम्म अनिवार्य निःशुल्क अध्ययन गर्ने संवैधानिक व्यवस्था गर्नु पर्दछ ।

२. दलित समुदायलाई होच्याउने र भेदभाव झल्काउने पाठ्य सामग्रीलाई हटाई आत्मसम्मान र स्वाभिमान वृद्धि गर्ने र समतामूलक समाजका साथ सामाजिक न्याय स्थापनामा सघाउ पुर्‍याउने खालका पाठ्यसामग्री राख्ने व्यवस्था गर्नको लागि संविधानमा उल्लेख गर्नुपर्दछ ।

३. प्राविधिक तथा उच्च प्राविधिक शिक्षातर्फ चिकित्सा, इन्जिनियरिङ, वन विज्ञान, कृषि सूचनाप्रविधि आदिमा दलित समुदायको लागि २० प्रतिशत कोटाको व्यवस्था गरी दलित-दलितबीच प्रतिस्पर्धामा निःशुल्क अध्ययन गर्ने व्यवस्था गनु पर्दछ ।

४. निजी विद्यालय र सामुदायिक विद्यालयमा विद्यमान २ प्रकारको शिक्षा प्रणालीको अन्त्य गरी एकै प्रकारको वैज्ञानिक शिक्षा प्रणाली अवलम्बन गर्ने नीति लागू गर्नुपर्दछ ।

५. रोजगारीको समस्या सबभन्दा बढी दलित समुदायमा रहेकोले शिक्षा प्राप्त गरिसकेपछि रोजगारीको ग्यारेण्टी गर्नु पर्दछ । साथै दलित समुदायको स्वावलम्बन र स्वरोजगार वृद्धिका लागि शैक्षिक प्रमाणपत्रको आधारमा ऋण उपलब्ध गराउने नीति अवलम्बन गर्नु पर्दछ ।

६. शैक्षिक क्षेत्रमा वा अन्य कुनै स्थानमा कसैले जातीय भेदभाव/छुवाछूतको व्यवहार, आसय भेदभाव तथा मनोवैज्ञानिक असर पुग्ने खालको व्यवहार गरेमा कानूनद्वारा दण्डनीय बनाउनु पर्दछ ।

७. प्रत्येक शैक्षिक संस्थानहरुमा दलित शिक्षकको व्यवस्थापन गर्न सम्पूर्ण शिक्षक दरबन्दीमा २० प्रतिशत दलित समुदायबाट नियुक्त गर्ने व्यवस्था गर्नुपर्दछ ।

## स्वास्थ्य सवाल

१. दलित समुदायलाई लक्षित गरी सन्तुलित भोजन, सरसफाई र स्वास्थ्यसम्बन्धी चेतना जगाउने कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ ।

२. स्वास्थ्यको हकलाई मौलिक हककोरुपमा राखी निःशुल्क औषधि उपचारको व्यवस्था हुनु पर्दछ ।

३. दलित महिलाको प्रजनन् स्वास्थ्य तथा परिवार व्यवस्थापनसम्बन्धी सेवा राज्यले निःशुल्क उपलब्ध गराउनु पर्दछ ।

४. दलित समुदाय भित्र शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउन विशेष कार्यक्रम तथा सेवा/सुविधाको ग्यारेण्टी गर्नु पर्दछ ।

५. दलित समुदायका बस्तीहरुमा खानेपानी, सरसफाईको अत्यन्तै अभाव रहेको हुनाले विशेष प्राथमिकताका साथ सुद्ध खानेपानीको व्यवस्था, ढल, निकास, जस्ता स्वास्थसँग सम्बन्धित योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

**दलित गैर सरकारी संस्था महासंघ (DNF)**
ललितपुर, नेपाल (फोन: ०१-५५२००७९,
पोष्ट बक्स नं.: ९२५१ काठमाडौं)
ईमेल: dnf@dnfnepal.org,
वेब: www.dnfnepal.org

# विकास र शान्तिका लागि शिक्षा

**विश्वमणि अधिकारी**

नेपाली जनतालाई तपाईं अहिले के चाहनुहुन्छ ? भन्ने प्रश्न सोध्ने हो भने धेरैको जवाफ आउनेछ– शान्ति र विकास । हुन पनि सारा विश्व अशान्ति र आतंकवादको चपेटामा छटपटाइरहेको छ । साना र गरिब राष्ट्रहरू मात्र होइनन् कि आफूलाई अत्यन्त धनी र शक्ति सम्पन्न मान्दै आएका राष्ट्रहरू पनि अशान्ति र आतंकवादको सिकार हुन पुगेका छन् । अझ सेप्टेम्बर-११ लगायतका पछिल्ला घटनाहरूबाट त अशान्ति र आतंकवादले सीमा नै नाघ्न थालेको छ । फलस्वरूप आमजनताको जीवन एकातर्फ अनिश्चित बन्न पुगेको छ भने अर्कातर्फ विकास-निर्माणका संरचनाहरू ध्वस्त हुँदै गएका छन् ।



जनताको रगत-पसिनाबाट निर्मित विकासका संरचनाहरू दिनानुदिन ढल्दै गएबाट हालको जीवन-पद्धतिलाई त असर पुऱ्याएको छ नै, साथसाथै भावी पुस्ता पनि यसबाट प्रभावित हुने देखिएको छ । विश्वका राष्ट्रहरूबीचको अस्वस्थ प्रतिस्पर्धा, एकले अर्को राष्ट्रप्रति गर्ने तुच्छ व्यवहार, धर्मप्रतिको कट्टरपन एवं गरिबी नै अशान्ति र आतंकवादका मुख्य कारण हुन् भन्ने जान्दा-जान्दै पनि यसलाई ठेगान लगाउन नसक्नु दुर्भाग्य नै मान्नुपर्छ । अझ अशान्ति र आतंकवाद किन जन्मियो भन्नुभन्दा पनि बम र गोलाबाट यसलाई दबाउन खोज्ने प्रवृत्ति देखिनु चिन्ताजनक पक्ष हो । विश्वका बहुसंख्यक मानिस शान्तितर्फ अग्रसर भैरहेको सन्दर्भमा अणु बमको थुप्रो र वातावरणीय विनाशले शान्तिका अगाडि हाँक तेर्स्याइरहेको अहिलेको अवस्था वास्तवमै कहालीलाग्दो छ ।

दुष्टहरूका मनभित्र हत्या र आतंकको छाल मडारिए पनि विश्वका बहुसंख्यक मानिसले शान्ति र सुव्यवस्थाको चाहना गर्ने भएकाले शान्तिको पक्षमा वकालत गर्नैपर्छ । हुन त अहिलेको परिस्थितिमा शान्ति स्थापना गराउनु असम्भवझैं लाग्छ, तर पनि विश्वका प्रत्येक व्यक्ति, सामाजिक संस्था र राष्ट्रहरू शान्ति स्थापना गर्न अग्रसर भए यो सपना पनि साकार हुन बेर लाग्नेछैन । यसरी विश्वमा शान्ति र सुव्यवस्था कायम गराउनका लागि शान्ति शिक्षा अर्थात् पिस एजुकेसनको अपरिहार्यता देखिन्छ । किनकि विश्वमा शान्तिशिक्षाको माध्यमले आपसी झैझगडा र हानथाप धेरै हदसम्म कम गर्न सकिन्छ ।

संयुक्त राष्ट्रसंघको मानव-विकास प्रतिवेदनले विश्वमा एक तिहाइ जनसंख्या अहिले पनि दरिद्रताको सिमानामुनि नारकीय जीवन बिताइरहेको संकेत गरेको छ । चरम गरिबी, औसत आयु कम हुनु, साक्षरता दरको न्यूनता, विद्यालय भर्नादर कम रहनु, आय न्यून हुनु, रोजगारीका अवसरहरूको समानुपातिक वितरण नहुनु, आधारभूत स्वास्थ्य अवसर आमनागरिकमा नपुग्नु, पिछडिएको समुदायमा लक्षित कार्यक्रम प्रभावकारी नहुनु, लैंगिक असमानता, बालबालिकाको उचित हेरचाह र संरक्षण नगरिनु तथा आर्थिक वृद्धि कम रहनुजस्ता समस्याबाट नेपालजस्ता विकासोन्मुख राष्ट्रहरू थलिइरहेका छन् ।

यी तमाम समस्याबाट मुक्ति पाउन उच्च र दिगो आर्थिक वृद्धि प्रवर्द्धन, मानवीय पुजीको विकास र परिचालन, समतासहितको आर्थिक विकास, आधारभुत आवश्यकताको पहिचान र परिपूर्ति, महिला सशक्तीकरण र समतामूलक लैंगिक विकास, प्राथमिक स्वास्थ्यसेवाको उपलब्धता र सर्वसाधारणको पहुँच, अनौपचारिक, व्यवसायिक र प्राविधिक शिक्षामा पहुँच, कृषिको व्यवसायीकरण र पर्यटन प्रवर्द्धन, विकासको केन्द्रविन्दु मानव बनाइनुपर्ने, गरिबी निवारण कार्यक्रम गरिबतर्फ लक्षित हुनुपर्ने, मानवीय विकासमा नीतिगत पुनर्विचार हुनुपर्ने, प्रभावकारी नागरिक समाजको निर्माण र अनिवार्य शिक्षा/साक्षरता कार्यक्रमजस्ता रणनीति अपनाउनुपर्ने देखिन्छ, तर अहिले यी सबै कुरा भएको पाइँदैन । बुझ्नुपर्ने कुरा विश्वमा अस्वस्थ प्रतिस्पर्धाबाट होइन, शान्तिपूर्ण बाटोको अनुसरण गरेरै मूलभूत समस्या समाधान गर्न सकिन्छ । हत्या र हिंसाले मानिसको कुनै हित नगरेको कुरा विश्वइतिहासबाट छर्लंग भइसकेको छ ।

शान्ति शिक्षाको चर्चा गर्दा बेलायतका दार्शनिक बर्ट्राण्ड रसेललाई बिर्सनु हुँदैन । उनले साठीको दशकतिर विश्वमा शान्ति स्थापना गर्न शान्ति प्रतिष्ठानको स्थापना गरेका थिए । मानवता, शान्ति र निशस्त्रीकरणमा उनको जोड थियो । यदि रसेलको उक्त प्रयासलाई सबैले अंगिकार गरेको भए पक्कै पनि अहिलेसम्म अशान्ति र आतंकवादले यति विधि सताउन पाउने थिएन । व्यक्तिको चरित्र निर्माणका लागि सत्य, प्रेम, सत्कार्य, अहिंसा र शान्तिजस्ता मूलभूत मूल्यहरूले प्रभाव पार्छन् ।

शान्तिअन्तर्गत सहिष्णुता, प्रसन्नता, स्वाबलम्बी र कृतज्ञता पर्छन् । विश्वमा राष्ट्रहरूमाझ सहिष्णुता कायम गराइयो भने र स्वावलम्बनतिर अग्रसर गराउन सकियो भने शान्ति स्थापना गर्न अप्ठेरो पर्दैन । त्यसो त विश्वमा शान्ति स्थापना गर्न विगतमा धेरै प्रयास भएका थिए, जुन प्रयासहरू राजनैतिक, वैयक्तिक एवं संगठनात्मक रूपमा गरिएको थियो । असंलग्न राष्ट्रहरूले प्रस्तुत गरेको पञ्चशीलको सिद्धान्त शान्तिपूर्ण सहअस्तित्वका लागि कोशेढुंगा प्रमाणित भएको थियो ।

अरूको अनुभव बाँडेर, सुखदुःख अनुभूति गरेर नै विश्वमा शान्ति र सद्भाव कायम गर्न सकिन्छ । मानवको सम्मान गरेर पछाडि परेकालाई उठाएर विश्वमा आपसी सम्बन्धलाई दरिलो पार्नु नै अहिलेको आवश्यकता हो । प्रभुत्ववादको अनुसरणबाट विश्वमा कहिल्यै शान्ति स्थापना भएको छैन, आपसी सद्भावनाबाट नै शान्ति कायम भएको पाइन्छ । यदि शान्ति कायम गराउन सकियो भने यसबाट आमजनताले अहिलेको अनिश्चित जीवनबाट त मुक्ति पाउँछन् नै, साथसाथै विकास निर्माणले पनि गति लिन सक्नेछ । फलस्वरूप अहिलेको धनी र गरिब राष्ट्रहरूबीचको खाडलमा पनि कम अन्तर आउनेछ र सारा विश्वलाई शान्ति र विकासको वातावरणले स्पर्श गर्नेछ ।

त्यसैले शान्ति शिक्षाको माध्यमबाट शान्ति एवं भ्रातृत्वको पाठ विद्यालय र कलेज तहमा अनिवार्य गराउनु अहिलेको अशान्ति र आतंकवादको एउटा अत्यावश्यक उपचार हो, किनकि शान्ति शिक्षाको लोकप्रियता जति जति बढ्दै जान्छ, त्यही अनुरूप आपसी हानथाप कम हुन्छ । होइन, आपसी झैं झगडा र हानथाप अनि पेलाहा नीति नै अपनाउने हो भने अशान्ति र आतंकवाद थप मौलाउनेछ र सारा विश्व समुदाय सन्त्रास एवं नारकीय जीवन बाँच्न बाध्य हुनेछ । त्यसैले विकास र शान्तिका लागि शान्ति शिक्षाप्रति पुग्न नसकेको दृष्टि पुऱ्याउनु नै अहिलेको माग हो ।




## सफलता प्राप्त गर्ने उपाय

**उपयुक्त लक्ष्य निर्धारण**

त्यसो त सम्पूर्ण मानवजीवन नै अमूल्य छ तर यो जीवनमा सबैभन्दा अमूल्य युवावस्था हो । यसै अवस्थामा मानिसले आफ्नो लक्ष्य निश्चित गरेर त्यसलाई प्राप्त गर्न सक्छ । त्यसैले यसै अवस्थामा आफ्नो लक्ष्य चुन्नु एवं त्यसको प्राप्तिमा जुट्नु आवश्यक छ । जसले आफ्नो लक्ष्य चुन्न सक्दैन उनीहरूसँग ईश्वर पनि प्रसन्न रहन सक्दैनन् । लक्ष्य चुन्ने क्रममा एउटा कुरा याद राख्नु आवश्यक छ- मैले सोची, सम्झी नै गरेको छु, कसैलाई देखेर होइन तर यसको अर्थ अरूपट्टि हेर्दै नहेर्ने होइन । जुन लक्ष्य चुनिएको छ त्यसलाई राम्रोसँग सम्झनु-बुझ्नु आवश्यक छ । अरूका राम्रा गुणलाई जति हुनसक्छ ग्रहण गर्नुपर्छ, किनकि कुनै पनि मानिस सर्वगुणसम्पन्न हुन सक्दैन ।

यदि एउटा लक्ष्य रोजिसकियो भने आधा काम पूरा हुन्छ । त्यसैले बाँकी आधा काम गर्न मनबाटै लाग्नु आवश्यक छ । किनकि गति प्राप्त गर्नु कठिन कुरा हो, एक पटक गति लिएपछि बाटो निर्धारण गर्न कुनै गाऱ्हो पर्दैन ।सफलता कठिन परिश्रमद्वारा मात्र प्राप्त हुन सक्छ । यदि सफलता प्राप्त गर्नु छ भने कठोर परिश्रम त गर्नै पर्छ । जो विविध समस्याबाट गुज्रिसकेका छन् उनीहरू नै खरो हुन्छन् ।

त्यसैले आगोसँग डराउनुहुँदैन बरु त्यसमा दौडन सक्नुपर्छ । एकपटक आगोमा दौडिसकेपछि आफू आगोसँग त्यत्तिकै डराएको अनुभव हुन्छ र बिस्तारै-बिस्तारै सफलताका ढोकाहरू खुल्न थाल्छन् ।

**आशावादी कल्पना**

संसारमा जति मानिस सफलताको शिखरमा पुगेका छन् उनीहरूले कामको सुरुवातमा आफ्नो प्रगतिको शिखर देखेका हुँदैनन् । हामीले देख्ने खालको हरेक वस्तु निर्माणभन्दा पहिले एउटै थियो । जुन घरमा बसिन्थ्यो, त्यो पहिले एउटा कल्पना थियो । विचार गरौं– घरमा कति कोठा थिए, घरमा के सुविधा थियो ? जुन सवारी प्रयोग गरिन्छ चाहे त्यो साइकल होस्, स्कुटर होस्, बस होस्, रेल होस्, हवाईजहाज होस्, सबैको निर्माणका लागि त्यसका बारेमा कल्पना हुन्छ । आज जुन वस्तु प्रयोग गरिन्छ ती सबैको निर्माणभन्दा पहिले आकार, मात्रा, गुण आदिको कल्पना भएको हुन्छ ।

यो प्रकृतिको नियम नै हो– जसले आफ्नो जीवन निर्माणको चित्र बनाउँछन्, कल्पना गर्छन् उनीहरूले त्यस्तै जिन्दगी प्राप्त गर्छन् । इमान्दारले त्यसका लागि प्रयत्न गर्छन्, त्यो सफलता आफ्ना लागि एक दिन ठोस यथार्थ बन्छ । आफ्नो कमजोरी र असफलतालाई मनमा ल्याउनु राम्रो होइन । सफलताको सूत्र- निराशा, उत्साहहीनता एवं खिन्नतालाई काम नलाग्ने कागजसरह मनबाट बाहिर फ्याँक्नुपर्छ र कहिल्यै पनि आफूलाई अभागी सम्झनुहुँदैन । मनबाट पराजय पनि हुनसक्छ भन्ने विचार निकाल्नुपर्छ । यदि भाग्य नै आफ्नो विरुद्ध छ भने गरिब मान्छे सधैं गरिब नै रहन्छ भन्ने कालो तस्बिरलाई मनबाट निकाल्नैपर्छ ।

आफ्नो मनमा हिनताको भावना आउन दिनुहुँदैन । आफ्नो प्रत्येक कार्य श्रेष्ठ हुनेछ भनेर दृढ निश्चय गर्ने । सधैं आफ्नो प्रगतिको सपना मनमा राख्ने । सधैं राती सुत्नुभन्दा पहिले केही समय एकान्तमा आफ्नो भविष्यमा विचार गर्नु राम्रो हुन्छ । विचार गर्ने कि आफूले पूरा दिन आफ्नो सपना साकार गर्न के-कस्तो प्रयत्न गरियो ? के-के त्रुटी भए र ती त्रुटिलाई कसरी हटाउन सकिन्छ ? यसका लागि प्रयत्न गरिरहनु आवश्यक छ । पूर्ण शक्ति, कुशलता र सामर्थ्यले आफ्नो कार्यप्रति समर्पित रहनुपर्छ । परिश्रम अवश्य नै सफल हुन्छ, एक दिन मनोकामना पूरा भएरै छाड्छ ।

# जीवन जिउने कला

जीवन बिताउने कलालाई व्यक्तित्वको महत्त्वपूर्ण पक्षका रूपमा लिइन्छ । यसका सम्बन्धमा अनेकौं विचार, तर्क, दृष्टिकोण पाइए पनि मुख्यतया आत्मविश्वास, आत्मबल, आत्मसम्मान एवं आत्मविश्लेषणको समन्वय नै जीवन बिताउने कला हो ।

**आत्मविश्वास**

हरेक व्यक्तिमा शारीरिक, मानसिक एवं भावनात्मक सौन्दर्यबाट सम्पन्न हुने चाहना हुन्छ । साधारण र सामान्य देखिने व्यक्तिको तुलनामा शारीरिक रूपबाट आकर्षक व्यक्तिको बढी प्रशंसा हुने गरेको पाइन्छ । उचाइ, शारीरिक बनावट, रूप, रंग आदि सबै प्रकृतिकै देन हुन् । वर्तमान परिस्थितिमा शारीरिक सुन्दरताले मात्र हुँदैन प्रतिभा, कार्यक्षमता र कार्यदक्षताले नै मानिसलाई सम्मानित गराउँछ । आफ्नो कार्यक्षेत्रका सम्बन्धमा कति ज्ञान छ, भाषा कस्तो छ, बोलीमा कति मधुरता छ, नम्रता, लगनशीलता, धैर्यता र निरन्तरता कति छ ? यस्तै अनेकौं कुरा आँकलनका ती आधार हुन् जसले जो-कसैको प्रगति, प्रभाव र सफलता निर्धारण गर्न अहंभूमिका निर्वाह गर्छन् ।

घरबाहिरको काम होस् वा घरभित्रको, कार्य निपुणता, मधुरता एवं मुस्कानले सबैको प्रिय बनाउन सक्छ । त्यसैले सबैभन्दा पहिले आफूमाथि विश्वास गर्नुहोस् । विश्वासले नै सबै कुरा गर्न सकिन्छ र सबै कुरा सम्भव पनि छ । सफलता त्यतिबेला सम्भव हुन्छ जब आफू र आफ्नो प्रतिभा एवं कार्यक्षमतामाथि विश्वास गरिन्छ । विश्वासका साथै कार्यक्षेत्रमा पूर्ण इमान्दारिता र लगनशीलताका साथ काम गर्नु पनि उत्तिकै आवश्यक छ । धैर्यपूर्वक निरन्तर प्रयास गरे आफ्ना कमी-कमजोरी र गल्ती सच्चाएर अघि बढे ढिलो-चाँडो सफलता निश्चित छ ।

**आत्मबल**

आत्मबल त्यस्तो शक्ति हो जसबाट सामान्य व्यक्तिले पनि असामान्य काम गर्नसक्छ । आत्मबल इच्छाशक्तिको प्रतिफल हो । यसका लागि समय र परिश्रम चाहिन्छ । अस्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको निवास सम्भव छैन । त्यसैले स्वस्थ, पौष्टिक एवं सन्तुलित भोजनमा ध्यान दिनुपर्छ । मनको सौन्दर्य अनमोल छ, त्यसैले सबैसित प्रसन्नतापूर्वक मीठो भाषा प्रयोग गर्नुपर्छ । तनावको स्थितिमा महत्त्वपूर्ण काम गर्न सकिँदैन । अतः तनावमुक्त रहने प्रयास गर्नुपर्छ ।

माफी दिन र माफी माग्न सिक्नुपर्छ । त्यसपछि मात्र आत्मबल बढ्छ अनि मात्र सम्मानको हकदार बन्न सकिन्छ । आफ्ना कमी-कमजोरी सम्झेर अरूका कमी-कमजोरी भुल्ने प्रयास गर्नुपर्छ । डरलाई नियन्त्रणमा राख्नुहोस् । आफूलाई जुन कुरादेखि डर लाग्छ त्यसलाई हटाउने प्रयास गर्नुहोस् । यदि मञ्चमा उभिएर बोल्न डर लाग्छ भने आफ्ना विचारलाई कागजमा लेखेरै भए पनि व्यक्त गर्नुपर्छ । विस्तारै लेखेको कुरा नहेरी बोल्न थाल्नुहोस्, अनि सोही कुरा आफ्ना परिवार वा मित्रबीच बोल्नुहोस् । निरन्तर यो प्रयास गरे डरबाट मुक्ति प्राप्त गर्न सकिन्छ ।

आफ्ना सकारात्मक पक्षलाई बुझ्ने प्रयास गर्नुपर्छ । हरेक व्यक्तिमा केही राम्रा र सबल पक्ष हुन्छन्, त्यसलाई बुझ्ने प्रयास गर्नुपर्छ । राम्रा लेख, पुस्तक वा पत्रपत्रिका पढ्नुपर्छ, यसले आत्मबल बढाउँछ ।

**आत्मसम्मान**

आत्मसम्मान त्यस्तो भाव हो जसबाट आफ्ना क्रिया एवं प्रतिक्रियाहरू प्रभावित हुन्छन् । अरूको परवाह त्यो अवस्थासम्म गर्नु ठीक हुन्छ, जुन स्थितिमा त्यो व्यक्ति आफ्नो व्यक्तित्वमाथि हावी हुँदैन । यदि आफ्नो सम्मान गरिँदैन भने अरूले पनि आफ्नो सम्मान गर्ने अवस्था रहँदैन । कसैको सम्मानमा चोट नपुऱ्याउनु नै आत्मसम्मान बढाउनु हो । कुनै पनि व्यक्तिको शारीरिक, बौद्धिक वा अरू कुनै कमजोरीमा कटाक्ष गर्नुहुँदैन ।

कसैले विश्वास गरेर कुनै गोप्य कुरा भन्यो भने विश्वासघात गर्नुहुँदैन । यदि विश्वास गुमाइयो भने आत्मसम्मानले सफलता पाउँदैन । अरूको निन्दा कहिल्यै नगर्नुहोस् । यदि कसैप्रति गुनासो छ भने शिष्टतापूर्वक आफ्ना कुरा व्यक्त गर्नु उचित हुन्छ । सम्मान त्यो होइन जो अरूले बाह्य रूपमा मात्र गर्छ, वास्तविक सम्मान त्यो हो जो स्वयं तपाईं आफैं एकीकृत गर्नुहुन्छ । यदि कसैले तपाईंलाई राम्रो भने खुसी र नराम्रो भने दुःखी हुनु, आफ्नो सम्मानलाई त्यो व्यक्तिको हातमा हस्तान्तरण गर्नुसरह हो । त्यसैले सम्मानको अपेक्षा नराखी काम गर्नुपर्छ । सफलताले नै सम्मानित गराउँछ ।

**आत्मविश्लेषण**

जीवनप्रति सकारात्मक दृष्टिकोण राखी अघि बढ्ने प्रयास गर्नुपर्छ । जीवन सिकिरहने अविरल यात्रा हो । आफूसँग जे छ त्यही बाँड्न सकिन्छ । शिक्षा, प्रेम र सम्मान बाँडेर सकिँदैन, त्यसैले आफ्नो अनुभव बाँड्नुहोस्, जसबाट धेरै कुरा सिक्न सकिन्छ । आफ्नो मूल्यांकन र विश्लेषण गर्नुपर्छ । आफ्ना कमी-कमजोरी थाहा पाई लक्ष्यमा पुग्न सकिन्छ । हार-जीत, आशा-निराशा, सफलता-असफलता सबै घुम्दै आउँछन् मात्र साहस, धैर्य, आत्मविश्वास, लगनशीलता, सहनशीलता एवं निरन्तरताको बाटोमा हिँड्नुपर्छ ।

**–रोजिन शाक्य**

# एमबीबीएसको नशा

धेरैजसो विद्यार्थीको सपना डाक्टर बन्ने हुन्छ । २०५९ सालमा मेरो आईएस्सी सकिएपछि अब के गर्ने ? भन्ने चिन्ताले सताउन थाल्यो । सबैतिर एमबीबीएस पढ्नेहरूको वाह-वाही, स्कोप पनि राम्रो, यस्तो देखेपछि आफ्नो क्षमता, आर्थिक अवस्था र भित्री इच्छा आदिको गहन विचार नगरी मैले एउटा लक्ष्य बनाएँ- जसरी भए पनि एमबीबीएस मा नाम निकाल्ने र डाक्टर बन्ने ।

प्रवेश परीक्षा तयारीमै एक वर्ष, दुई वर्ष, तीन वर्ष वितेको पनि पत्तै नहुने रहेछ । समय वितिसकेपछि पछाडि फर्केर हेर्दा आफूसँगैका साथीहरू अन्य विषय पढेर माथि पुगेको देख्दा एक प्रकारको फ्रस्टेसन, डिप्रेसन र हीनताबोध हुँदो रहेछ । सरकारले दिने छात्रवृत्ति कोटा कम छ भने सशुल्क पढ्न धेरै रकम लाग्छ जुन साधारण परिवारका विद्यार्थीका लागि सम्भव हुँदैन ।

यो वर्ष पनि चिकित्सा अध्ययन संस्थानबाट एमबीबीएसका लागि दिइने छात्रवृत्ति कोटाका लागि प्रवेश परीक्षा सम्पन्न भएको छ । जसबाट ४२ जनाले छात्रवृत्ति पाउनेछन् तर एमबीबीएसका लागि मात्र परीक्षार्थीहरूको संख्या भने ४ हजारभन्दा बढी छ । परीक्षार्थीहरूमा जीवविज्ञान समूहमा प्रमाणपत्र तह वा प्लस टु यसै वर्ष सकेकादेखि दुईदेखि चार वर्षसम्म कुरेर बसेकाहरू, बी.एस्सी. अध्ययन गरिरहेकाहरूसम्म थिए । यतिका विद्यार्थी एमबीबीएस अध्ययनका लागि नै अकर्षित हुनु, प्रवेश परीक्षामा नाम निकाल्न अन्य विषय नपढी १ वर्षदेखि ४ वर्षसम्म पर्खेर बस्नु, अन्य विषय पढ्नमा त्यति रुचि नलाग्नु आदि कुराको रहस्य केलाउँदा र आफ्नो अनुभवमा पनि निम्न कारण पाएँ ।

एमबीबीएस लाई प्राविधिक शिक्षामध्येको सर्वोत्कृष्ट शिक्षा मानिन्छ । डाक्टर बनिसकेपछि मानव सेवाबाट आनन्द, मान, पद, प्रतिष्ठा प्राप्त गर्न सकिन्छ । सजिलै सरकारी तथा निजी अस्पतालहरूमा रोजगारी प्राप्त गर्न र राम्रो आय आर्जन गर्न सकिन्छ । युरोप र अमेरिका जस्ता मुलुकमा गएर बढी पैसा कमाउने बाटो पनि खुला हुन्छ । अझ मेरा साथीहरूको त यस्तो पनि भनाइ थियो- एमबीबीएस पढेपछि राम्रो खानदानकी राम्री केटी र सोही रूपमा दाइजो पनि पाइन्छ ।

कतिपय विद्यार्थी आफूमा क्षमता, बिरामीको सेवा गर्ने इच्छा भए पनि नभए पनि धेरै फाइदा देखेर, फेसनका रूपमा, नामको अगाडि डाक्टर लेख्ने धुनमा पनि यसमा होमिएका हुन्छन् भने धेरैजसोले डाक्टर बनेर बिरामीको सेवा गर्ने, पुण्य आर्जन गर्ने ध्येय पनि राखेका हुन्छन् ।

धेरैजसो आमा-बुबाको सपना हुन्छ आफ्ना छोराछोरीलाई डाक्टर बनाउने । त्यही सपना साकार पार्न कतिपयले छोराछोरीको इच्छा नै नबुझी जबर्जस्ती एमबीबीएस पढाउन थाल्छन् । कतिपय आफ्नो क्षमता नभए पनि पैसाको भरमा पढ्छन् । यस प्रकारले एमबीबीएस पढ्दा बीचमा पुगेर कतिपयले छोडेका, मानसिक रोगका सिकार भएका, डाक्टर भएपछि पनि उचित सेवा दिन नसकेका उदाहरण धेरै छन् ।

डाक्टर बनेर बिरामीको सेवा गर्नु आफैमा विशिष्ट कार्य हो तर क्षमतावान् र अब्बल दर्जाका विद्यार्थीहरू एमबीबीएस अध्ययनका लागि मात्र झुम्मिने हो भने राष्ट्रको मेरुदण्डका रूपमा रहेका अन्य क्षेत्रहरू जस्तै- कृषि, वन विज्ञान, आयुर्वेद, जलस्रोत आदिको कसरी विकास गर्न सकिएला ? हाम्रो देशलाई हजारौं कृषिविज्ञको आवश्यकता छ जसले गाउँ गाउँमा पुगेर पेसालाई माथि उठाउन सकून्, हजारौं वन विशेषज्ञको आवश्यकता छ जसले हरियो वन नेपालको धन भन्ने उखानलाई चरितार्थ गर्न सकून् । त्यस्तै आयुर्वेद विज्ञहरूको खाँचो छ जसले नेपालमा रहेका महत्त्वपूर्ण र दुर्लभ जडिबुटीहरूको सदुपयोग गरेर जनताको स्वास्थ्य रक्षा गर्न सकून्, जडिबुटी औषधी निर्यात गरेर आम्दामी गर्न सकून्, त्यस्ता इन्जिनियरहरूको आवश्यकता छ जसले नेपालको जलस्रोतबाट विद्युत् निकाल्न उचित कार्य गर्न सकून् ।

समाजले पनि एमबीबीएस लाई मात्र यति माथिल्लो दृष्टिले हेर्‍यो कि मलाई पनि लाग्थ्यो योभन्दा अरू विषय त बेकार नै छन् तर विकसित युरोप र अमेरिकी देशहरूमा चाहे चिकित्साशास्त्र होस् वा इन्जिनियरिङ, साहित्य होस् वा पत्रकारिता सबै विषयलाई त्यति नै सम्मानका साथ हेरिन्छ । सबै विषय आ-आफ्नो क्षेत्रमा उत्तिकै महत्त्वपूर्ण छन् । त्यसैले विज्ञानका विद्यार्थीहरूले पनि फेसन, परिवार र आफन्तको करकापभन्दा पनि आफ्नो क्षमता आफैले नियालेर, आत्मादेखि आएको इच्छालाई बुझेर उचित विषय छनौट गरी अध्ययनमा लागे प्रगति गर्न सकिन्छ ।

**–विदुर श्रेष्ठ**

# स्टाफ नर्सको नालीबेली



नर्सिङ संकायको पहिलो वर्षमा नेपाली र अंग्रेजी विषय अनिवार्य रूपमा अध्ययन गर्नुपर्छ। उच्च मा.वि. तहका यी विषय विद्यार्थीहरूको भाषा विकासका लागि राखिएका हुन् । स्वास्थ्य विज्ञानको ज्ञान दिने उद्देश्यले एकीकृत विज्ञान विषयको पाठ्यक्रमा राखिएको छ। यो विषयअर्न्तगत विद्यार्थीहरूलाई पोषण विज्ञान, शरीर विज्ञान, रोग विज्ञान, जीव विज्ञान तथा स्वास्थ्य विज्ञानका विविध विषयमा जानकारी दिइन्छ ।

चौथो विषयका रूपमा आधारभूत नर्सिङ शीर्षकको पाठ्यक्रम राखिएको छ । नर्सले गर्नुपर्ने दायित्व, नर्सको भूमिका, स्वास्थ्य कार्यकर्ताको हैसियतमा नर्सले पुर्‍याउनुपर्ने योगदानका बारेमा यो विषयअर्न्तगत जानकारी गराइन्छ। प्रथम वर्षमा अध्ययन गराइने अर्को विषय सामुदायिक स्वास्थ्य नर्सिङको प्रथम पत्र हो । समुदायमा स्वास्थ्य सेवा पुर्‍याउन सहयोग पुर्‍याउने उद्देश्यले यो पाठ्यक्रम राखिएको हो ।

दोस्रो वर्षमा नेपाल परिचयअर्न्तगत नेपालको राजनैतिक इतिहास, भूगोल, अर्थशास्त्र, धर्म, संस्कृति एवं कलाका विषयहरू नेपालसम्बन्धी जानकारी दिने उद्देश्यले पढाइन्छ । त्यसैगरी सामुदायिक स्वास्थ्य नर्सिङ दोस्रो पत्र, वयस्क स्वास्थ्य नर्सिङ प्रथम र दोस्रो पत्र, बाल हेरचाह तथा स्वास्थ्य र व्यावहारिक मनोविज्ञान शीर्षकका विषयहरू पढाइन्छ । व्यवहारिक मनोविज्ञान तालिम एवं अध्ययनले नर्सहरूलाई समाजमा रहेका हरेक किसिमका मानिससँग सौहार्द्धपूर्ण व्यवहार गर्न सिकाउँछ ।

तेस्रो वर्षमा मानसिक नर्सिङ र विद्यार्थीले छनौट गरेको विषयमा, विशेषज्ञता हासिल गर्न चाहेको अस्पतालमा तालिम पाउँछन् । वार्षिक प्रणालीअनुसार परीक्षा लिने स्टाफ नर्सको प्रमाणपत्र तह उत्तीर्णहरूले माथिल्लो तहमा नर्सिङ विषयबाहेक अर्को विषय पढ्न पाउँदैनन् । यदि माथिल्लो तहमा अर्को विषय पढ्न चाहे स्टाफ नर्सको पढाइ पूरा गरिसकेकाहरूले उच्च मा.वि. शिक्षा परिषद्ले लिने थप ६ सय पूर्णाङ्कको परीक्षा उत्तीर्ण गरे उमाशिप उत्तीर्ण प्रमाणपत्र दिने व्यवस्था यही शैक्षिक वर्षदेखि सुरु भएको छ। तीन वर्षको संघर्षपछि यस्तो व्यवस्था मिलाइएको हो।

**–रविन राचलिका**

# विमानचालक अध्ययन नेपालमै

काठमाडौं– विमान चालकसम्बन्धी सैद्धान्तिक अध्ययन अब नेपालमै गर्न सकिने भएको छ। हालै सञ्चालनमा आएको एभिएसन ग्राउन्ड स्कुलले विमान चालकसम्बन्धी अध्यापन प्रारम्भ गरेको छ। उक्त स्कुलले विमान चालकसम्बन्धी एकमहिने कोर्स अध्यापन गराउनेछ। यो कोर्सअन्तर्गत नेपालमा सैद्धान्तिक ज्ञान प्रदान गरिन्छ, जसमा ७० हजार रुपैयाँसम्म खर्च लाग्ने बताइएको छ। प्रयोगात्मक शिक्षाका लागि भने अमेरिका, क्यानाडा, मलेसिया, साउथ अफ्रिका आदि मुलुक जानुपर्ने हुन्छ। 'विदेशमा विद्यार्थीले कति समयमा अध्ययन पूरा गर्छ सोहीअनुसार खर्च हुन्छ,' प्रशिक्षक एवं विमानचालक सञ्जय वैद्य भन्छन्- 'सम्पूर्ण कोर्स पूरा गर्न २५ देखि ३० लाख रुपैयाँसम्म खर्च लाग्नसक्छ।'

दक्ष एवं व्यावसायिक प्रशिक्षकहरूद्वारा अध्यापन गराइने यो नेपालकै पहिलो विद्यालय हो । यहाँ एक ब्याचमा १० जना विद्यार्थी भर्ना लिइन्छ । 'विमानचालकको अध्ययन अत्यन्तै संवेदनशील हुन्छ, त्यसैले एकपटकमा कमै विद्यार्थीलाई मात्र भर्ना लिइन्छ।' प्रशिक्षक एवं विमान चालक विजय लामा भन्छन्।

विमानचालक अध्ययनका लागि विज्ञान लिएर प्लस टु वा सोसरहको अध्ययन पूरा गरेको हुनुपर्छ । 'दक्ष प्रशिक्षकद्वारा अध्यापन गराइने हुदाँ यहाँको पढाइ प्रभावकारी छ,' एभिएसनका विद्यार्थी रमेशप्रसाद श्रेष्ठ भन्छन् । उनी यो स्कुलबाट विमान चालकसम्बन्धी अध्ययन गर्ने पहिलो ब्याचका विद्यार्थी हुन् ।

भौगोलिक विकटताका कारण नेपालमा कुशल विमानचालकको अभाव खट्किरहेको विमानचालक विजय लामा बताउँछन् । नेपालको भूगोलअनुरूप कुशल एवं दक्ष विमान चालक उत्पादनका लागि नेपालमै यो विषयमा अध्ययन गर्न पाउनु राम्रो अवसर भएको विद्यार्थी रमेशप्रसाद बताउँछन् ।

**–शिव मुखिया**


कामना
छिटो गर्नुहोस्
हिब्रु भाषा
(केयर गिभर तालिम)
जापानिज तथा अंग्रेजी भाषा
होटल तालिम
*कुक *वेटर *हाउसकिपिङ्ग
कोटेश्वर चोक फोन नं.:
४६०१८७८, ४६००३३५

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गर्दिछ ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं ।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

Paradise Nepal (NGO)
को सहयोगमा 70% सम्म छुटमा निम्न
Computer Course

| | |
|---|---|
| Basic | 750 |
| Graphics Design | 2000 |
| Tally, Fact, TATA EX | 1500 |
| Web Page Design | 2000 |
| Diploma | 3000 |
| Hardware & Networking | 4000 |
| Autocad 2D & 3D | 5000 |

SANDRA Computer Institute
Sorakhutte (Opp. Kumari Petrol Pump)
☎ 4361712
2160393

केश
झर्न तुरुन्तै रोकी
उमार्ने तेल
Before After
Rs. 750/- Herbal44
बेदाग गोरो मुहारको लागि
रूपअमृत + दस फेसवास-1600/-
चाउरीपना हटाउने Cream -1050/-
स्तन बढाउने Cream (दस फ्रि)-1650/-
ग्याष्ट्रिक ▶ ब्लडप्रेशर ▶ दम समाधान
शरीरको तौल + उचाई बढाउने
▶ सफल आयुर्वेदिक/प्राकृतिक उपचार ◀
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 2110057
9845062538 Cell, इटहरी 025-580944

# पाँचौं राष्ट्रिय विज्ञान सम्मेलन सम्पन्न

काठमाडौं– नेपालमा विज्ञान प्रविधिको क्षेत्रमा भएका उपलब्धि, वर्तमानका चुनौती एवं भावी सम्भावनाहरू केलाउँदै पाँचौं राष्ट्रिय विज्ञान तथा प्रविधि सम्मेलन सम्पन्न भएको छ। गत कात्तिक २५ देखि २७ गतेसम्म चलेको सम्मेलनमा नेपाललगायत विभिन्न मुलुकका वैज्ञानिकहरूको जमघट थियो। मुलुक परिवर्तनको सँघारमा उभिएको बेला भएको उक्त सम्मेलनले राज्यको नीति-निर्माणमा ठोस सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ।

विज्ञान प्रविधिको क्षेत्रमा सर्वाधिक महत्त्व राख्ने सम्मेलन हरेक चार-पाँच वर्षको अन्तरालमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठान (नास्ट)ले आयोजना गर्दै आएको छ। सन् १९८८ मा नास्टले प्रथम पटक नेपाली वैज्ञानिकहरूको सहभागितामा विदेशका वैज्ञानिकहरूलाई आमन्त्रण गरी विज्ञान तथा प्रविधि सम्मेलनको थालनी गरेको थियो।

सम्मेलनमा कुल १ हजार ४ सय वैज्ञानिकको सहभागिता थियो। नेपालका वैज्ञानिक, विभिन्न मुलुकका वैज्ञानिक एवं विज्ञानमा स्नातकोत्तर गरिरहेका विद्यार्थीहरूले उक्त सम्मेलनमा भाग लिएका थिए। सम्मेलनमा प्राप्त ६ सय ५० कार्यपत्रमध्ये ९० प्रतिशत कार्यपत्र प्रस्तुत गरिएको थियो। प्रस्तुत गरिएका कार्यपत्रमध्ये १ सय १ कार्यपत्र कृषिक्षेत्रसँग सम्बन्धित थिए।

सम्मेलनमा इटलीबाट ११, कोरियाबाट २, अफगानीस्तानबाट २, चीनबाट १, भारतबाट २ र पाकिस्तानबाट २ जना वैज्ञानिकलाई आमन्त्रण गरिएको थियो। सम्मेलनका अवसरमा इटलीका वैज्ञानिक प्राध्यापक लिदिया स्पिर्कोविच, भारतका प्रा.डा. गोपालकृष्ण त्यागराजन, कोरियन इन्स्टिच्युट अफ टेक्नोलोजीका डा. दोंगहवा कुमले प्रवचन दिएका थिए। विगतमा विज्ञानमा नोबल पुरस्कार विजेता वैज्ञानिकलाई समेत आमन्त्रण गरिएको भए पनि यस वर्ष नोबल पुरस्कार विजेता वैज्ञानिकको सहभागिता रहेन।



सम्मेलनमा कृषिक्षेत्र, विज्ञान समाज र विज्ञान सञ्चार, जलवायु परिवर्तन, वन र वातावरण, औषधी विज्ञान, जैव प्रविधि, इन्जिनियरिङ र ऊर्जा, खगोल, गणित, खाद्य विज्ञानलगायतका विषयहरू उठाइएको थियो। सम्मेलनमा नेपालका तर्फबाट नास्टका उपकुलपति प्रा.डा. होमनाथ भट्टराई, कार्यकारी सचिव डा. दिनेशराज भुजु, सचिव प्रा.डा. दिलीप सुब्बाले नेपालमा उपलब्ध विज्ञान प्रविधिको बारेमा आआफ्नो धारणा व्यक्त गरेका थिए।

सम्मेलनमा २ विशेष, ५ प्लेनरी र १७ आमन्त्रित प्रवचन भएको थियो। त्यस्तै, अन्य सहभागीहरूबाट ५ सय ५१ मौखिक र ७७ पोस्टर गरी कुल ६ सय ५२ प्रस्तुति भएका थिए, जसलाई ८० वटा सेसनमा व्यवस्थित गरिएको थियो।

विज्ञान प्रविधिको विकासमा उपयुक्त लगानी विषयमा अर्थमन्त्री डा. बाबुराम भट्टराईले नेपालमा विज्ञान-प्रविधिको पूर्वाधारको आवश्यकता, अन्तर्राष्ट्रिय स्तरको टेक्नोलोजी क्याच अपका लागि आवश्यक रणनीति तथा लगानी विषयमा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. शंकर शर्माले कार्यपत्र प्रस्तुत गरेका थिए।

हाल नेपालमा ३० हजार वैज्ञानिक जनशक्ति छन्, तर विज्ञान प्रविधिमा अपर्याप्त लगानीका कारण नेपालले विज्ञान प्रविधिको क्षेत्रमा खासै उपलब्धि हासिल गर्न सकेको छैन। धेरै पटक विज्ञान प्रविधिको विषयमा चर्चा-परिचर्चा भए पनि उपयुक्त नीति तर्जुमा तथा रणनीतिक रूपमा व्यवस्थित कार्यान्वयन हुन सकेको छैन।

कृषिमा आधुनिक जैविक प्रविधि, जैविक स्रोतको उपयोग, औद्योगिकीकरणका लागि विभिन्न प्रविधि छनौट आदि विषयमा ठोस उपलब्धि हासिल गर्न सम्मेलन फलदायी हुने अपेक्षा गरिएको छ। विगतका सम्मेलनहरूमा विज्ञान प्रविधिको विकासमा राष्ट्रिय नीति, परम्परागत प्रविधिको प्रवर्द्धन एवं संरक्षण, गरिबी निवारणमा विज्ञान र प्रविधि, औद्योगिक विकास र अनुसन्धान, वैज्ञानिक विकासमा अन्तर्राष्ट्रिय सम्बन्ध एवं समन्वयको आवश्यकताजस्ता विषय उठान गरिएको थियो, तर मुलुकको अनुदार अर्थनीतिका कारण यी विषयहरूमा अझै पनि ठोस उपलब्धि हासिल हुन नसकेको नास्टका प्रवर्द्धन अधिकृत डी.बी. कट्टेल स्वीकार गर्छन्।

–शिव मुखिया/विमल खतिवडा

## ● वेबसाइट ●

### getsafeonline.org

इन्टरनेटमा दिनहुँजसो केही न केही नयाँ रमाइला कुरा आइरहेका हुन्छन् तर ती कुराको आकर्षणसँगै इन्टरनेटमा जोडिएपछि आफ्नो कम्प्युटर र त्यसमा सूचनाको सुरक्षामा ध्यान जानु अत्यन्त आवश्यक छ। इन्टरनेटको विश्वव्यापी सञ्जालले राम्रा-नराम्रा दुवै कुरालाई उत्तिकै ठाउँ दिएको छ। ध्यान पुऱ्याइएन भने गलत नियत भएकाहरूले ठूलो हानि पुऱ्याउन सक्छन् तर यत्तिमै डराइहाल्नु भने पर्दैन, केही सुरक्षाका साधारण नियमहरू अवलम्बन गरियो भने तिनीहरूलाई ढोकाबाहिरै रोक्न पनि गाह्रो छैन।

यो वेबसाइटमा कम्प्युटर कसरी सुरक्षित राख्ने र गलत नियतले प्रवेश गर्न खोज्नेहरूलाई कसरी टाढै राख्ने भन्ने कुरा एकदमै सजिलो तरिकाले बताइएको छ। कस्ता-कस्ता जोखिमहरू हुन सक्छन् भन्नेदेखि लिएर साना व्यवसायका लागि सुझावसमेत राखिएको यो वेबसाइट व्यक्तिगत तथा व्यापारिक प्रयोगकर्तालाई पनि उत्तिकै उपयोगी छ। अहिले प्रचलनमा आएका फेसबुकजस्ता सामाजिक सञ्जालका साइट कसरी सुरक्षित रूपमा प्रयोग गर्ने भन्ने सल्लाह पनि यो साइटमा उपलब्ध छ।

## ● साइबर जिज्ञासा ●

**प्रश्न : किबोर्डमा अक्षरहरू लगातार abcdef नभएर किन qwerty राखिएको होला ?**
**संजय सापकोटा, बानेश्वर**

**उत्तर :** यसको उत्तर टाइपराइटरको इतिहासमा पाइन्छ। सन् १९६० को दशकमा क्रिस्टोफर सोल्स नामका एक सम्पादकले टाइपराइटरको व्यावसायिकीकरण सुरु गरेका थिए। उनले सुरुमा डिजाइन गरेको टाइपराइटरमा abcd लगातार नै थिए तर ती टाइपराइटरमा छिटो टाइप गर्दा बारम्बार किहरू अड्किने समस्या पऱ्यो। त्यही समस्या समाधान गर्न सोल्सले अरू उपाय खोज्नुको सट्टा टाइपिस्टलाई छिटो टाइप गर्न रोक्ने खालको लेआउट डिजाइन गरे, जसमा अंग्रेजीका सबैजसो शब्द टाइप गर्न औंलाहरू सकेसम्म टाढा जानुपर्थ्यो। त्यही अक्षरहरूको व्यवस्थापन थियो qwerty लेआउट। त्यो लेआउट यति धेरै प्रचलनमा आयो कि त्यसलाई कालान्तरमा बनेका त्योभन्दा धेरै प्रभावकारी र वैज्ञानिक लेआउटहरूले पनि प्रतिस्थापन गर्न सकेनन्। अहिले कम्प्युटरका किबोर्डमा कि अड्किने समस्या नभए पनि त्यही टाइपराइटरका लागि बनाइएको लेआउट नै प्रयोग भैरहेको छ। नेपाली भाषाका लागिचाहिँ अहिलेसम्म कुनै पनि लेआउटलाई मानक बनाइएको छैन तर 'बकमान' लेआउट धेरै प्रचलनमा आएको पाइन्छ। सूचना प्रविधि उच्चस्तरीय आयोगले नेपाली भाषाका लागि वैज्ञानिक एवं प्रभावकारी लेआउट बनाउने काम भखरै थालेको छ।


यदि तपाईंहरूका कम्प्युटरसँग सम्बन्धित केही जिज्ञासा छन् भने तलको ठेगानामा पठाउनुहोला। तपाईंहरूको जिज्ञासाको उत्तर एक जना कम्प्युटर अभियन्ताले दिनुहुनेछ।

कुनै उत्पादन विशेष र तिनका प्रयोगसम्बन्धी जिज्ञासालाई भन्दा प्रविधिसम्बन्धी जिज्ञासालाई प्राथमिकता दिइनेछ।

जिज्ञासा पठाउने ठेगाना
saptahik@kantipur.com.np

## ● नयाँ प्रविधि ●

### ब्राइट अरेन्ज मिनी सबम्यारिन




हेर्दा कार्टुन चलचित्रमा देखिने डुंगाजस्तो लाग्ने यो मिनी सबम्यारिनको प्रयोग समुद्रको गहिराइमा पुगेर विभिन्न कुरा अध्ययन गर्नका लागि गरिन्छ। युबोट बक्स नामक डच कम्पनीले निर्माण गरेको यो सबम्यारिनमा चार जना मानिस बस्न मिल्छ। समुद्रको १ सय मिटर गहिराइसम्म पुगेर उनीहरू त्यहाँका जनावर र अन्य विभिन्न कुराका बारेमा अध्ययन गर्न सक्छन्। सानो आकारको यो सबम्यारिनले सामान्य डुंगाले जस्तो काम गर्छ, जसले गर्दा अध्ययनका लागि ठूलो जहाज प्रयोग गर्नुपर्ने बाध्यताको अन्त्य हुन्छ। यसमा रिचार्ज गर्न सकिने लिथियम आयोन ब्याट्री प्रयोग गरिएको छ। एक पटक रिचार्ज गरे यसले ६ घण्टा सम्म काम गर्न सक्छ। २ घण्टासम्म चार्ज गरेपछि यसलाई प्रयोग गर्न सकिन्छ। यसबाट पर्यटन उद्योगलाई पनि विस्तार गर्न सकिने विश्वास कम्पनीले गरेको छ।

### स्नेक भेनम ब्युटी क्रिम

सर्पको विष मिसाएर बनाइएको ब्युटी क्रिमले लन्डनको बजार निकै तताएको छ। अनुहारको छालालाई चाउरीबाट बचाउन यसले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। दैनिक रूपमा मसाज गरेर लगाइने यो क्रिमको निर्माण प्लानेट स्किन केयर नामक कम्पनीले गरेको हो। यो क्रिममा टेम्पल भाइपर नामक विषालु सर्पको विष प्रयोग गरिएको छ। विषमा रहेको एमिनोएसिडले छालामा चाउरीपना आउन दिँदैन। यसो हुँदा अब छालालाई चाउरीपनाबाट बचाउनका लागि अन्य कुनै इन्जेक्सनको प्रयोग गर्नुपर्ने बाध्यता हुनेछैन।

### रोबोट हेलिकोप्टर



वैज्ञानिकहरूले आकाशमा उडिरहेका अन्य हेलिकोप्टरलाई हेरेर आफैं चलाउन मिल्ने हेलिकोप्टरको निर्माण गरेका छन्। क्यालिफोर्नियाको स्ट्यानफोर्ड युनिभर्सिटी मैदानको आकाशमा उनीहरूले यो हेलिकोप्टर उडाए। उनीहरूले यसलाई आगलागी भएको अवस्थामा जंगल क्षेत्रमा अथवा युद्धक्षेत्रमा प्रयोग गर्न सकिने बताएका छन्। यो कम्प्युटर वैज्ञानिकहरूद्वारा निर्मित कृत्रिम इन्टिलिजेन्स सिस्टमद्वारा सुसज्जित छ र मानिसले चलाएर आकाशमा उडिरहेको हेलिकोप्टरको निर्देशनका आधारमा स्वचालित रूपमा उड्न सक्छ। यसमा विभिन्न कार्यका लागि एक्सेलेरोमिटर, गाइरोस्कोप तथा म्याग्नेटोमिटरको प्रयोग गर्नु आवश्यक छ।

# धानको नयाँ जात विकास गरिने

काठमाडौं- अन्तर्राष्ट्रिय धानबाली अनुसन्धान संस्थाले नेपालमा सुख्खा सहने धानको नयाँ जात विकास गर्न अनुसन्धान प्रारम्भ गरेको छ। नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)का अनुसार सो संस्थाले नेपाल, भारत, बंगलादेश र अफ्रिकाका केही देशमा सुख्खा वा आकाशे पानीको भरमा मात्र उत्पादन हुने धानको जात विकास गर्न काम थालेको छ। नेपालमा यस्तो अनुसन्धान धनुषाको हर्दिनाथस्थित राष्ट्रिय धानबाली अनुसन्धान केन्द्र र बाँकेको खुजुरामा प्रारम्भ गरिएको छ।

अनुसन्धानका लागि तीन जना नेपाली वैज्ञानिक अन्तर्राष्ट्रिय धानबाली अनुसन्धान संस्थामा तालिम लिएर फर्किसकेका छन्। प्राप्त



जानकारीअनुसार अन्तराष्ट्रिय धानबाली अनुसन्धान संस्थाले नार्कसँग मिलेर सो अनुसन्धान गर्न थालेको हो। आगामी १० वर्षभित्रमा सुख्खा क्षेत्रमा धानको उत्पादन दोब्बर वृद्धि गर्ने लक्ष्य राखेर यो अनुसन्धान थालिएको हो।

उक्त अनुसन्धानका लागि अन्तर्राष्ट्रिय धानबाली अनुसन्धान संस्थालाई अमेरिकाको बिल-मेलिन्दा गेट्स फाउन्डेसनले करिब २ करोड अमेरिकी डलर उपलब्ध गराएको छ। नेपालमा करिब ७० प्रतिशत धानखेती हुने क्षेत्र आकाशे पानीको भरमा छन्। सैद्धान्तिक मान्यताअनुसार एक किलोग्राम धान उत्पादन गर्न ३ हजार लिटर पानीको आवश्यकता पर्छ भने एक हेक्टर जमिनमा धानखेती गर्न ८ लाख लिटर पानी चाहिन्छ। विगत ३ वर्षयता विश्वमा पानीको उपलब्धता कम हुँदै गएको वातावरणीय अध्ययनले देखाएको छ। यस्तो स्थितिमा कम पानीमा धानखेती गर्न सकिएन भने विश्वमा धान उत्पादन क्रमिक रूपमा घट्दै जाने भएकाले कम पानीको प्रयोगबाट उत्पादन हुने धानको जात विकास गर्न आवश्यक देखिएको हो।

# अफिस एक्स्पो प्रारम्भ

डाइरेक्सन नेपाल प्रा.लि.को आयोजनामा हिजोदेखि 'अफिस एक्स्पो-२००८' प्रारम्भ भएको छ। चारदिने उक्त एक्स्पो आइतबारसम्म चल्ने आयोजकहरूले बताएका छन्।

कार्यालय प्रयोजनका निम्ति आवश्यक सामग्रीहरूका बारेमा एकै थलोमा जानकारी उपलब्ध गराउने उद्देश्यले आयोजित यो एक्स्पोमा पछिल्लो अवधिमा विकास भएका नयाँ उत्पादनहरूका बारेमा जानकारी प्रदान गरिनेछ। 'कार्यालय तथा घरका लागि चाहिने स्टेसनरी सामग्रीका बारेमा जानकारी गराउन एक्स्पो आयोजना गरेका हौं,' आयोजक डाइरेक्सन नेपालका इभेन्ट म्यानेजर पशुपतिकुमार खत्रीले भने- 'कार्यालयका लागि आवश्यक अत्याधुनिक सामग्रीहरू प्रमुख आकर्षणका रूपमा रहनेछन्।'

कार्यालयका लागि आवश्यक विविध सामग्री, स्टेसनरी तथा अफिस सेक्युरिटीका लागि आधुनिक प्रविधिको पचास स्टल उक्त एक्स्पोमा राखिएको छ। एक्स्पोमा अफिस एक्स्पोसहित स्टेसनरी एन्ड एजुकेसनल मेटरियल एक्स्पो र सेक्युरिटी एक्स्पो रहेको आयोजकहरूले बताएका छन्। अफिस एक्स्पोअन्तर्गत अफिस स्टेसनरी, अफिस अटोमेसन इक्युपमेन्ट, अफिस फर्निचर, अफिस सेक्युरिटी, कुलिङ सिस्टम, कर्पोरेट गिफ्ट एन्ड नोभेलटिज, पावर ब्याक अप, मोबाइल एन्ड टेलिफोन, सेफ्टी लकर, वायरलेस कम्युनिकेसन सिस्टम आदि प्रदर्शनमा छन्। स्टेसनरी एन्ड एजुकेसनल मेटरियल एक्स्पोअतर्गत अफिस स्टेसनरी मेनिफ्याक्चरस, अफिस स्टेसनरी इम्पोर्टरस्, एजुकेसनल स्टेसनरिज मेनिफ्याक्चरस पनि सहभागी छन्।

त्यस्तै, सेक्युरिटी एक्स्पोअन्तगत गार्ड ट्रेनिङ, एक्स रे डिटेक्सन, सिसिटिभी, इलेक्ट्रोनिक आइडेन्टिफिकेसन सिस्टम, एसेस कन्ट्रोल, स्क्यानिङ, फिंगर प्रेन्टिङ टेक्नोलोजी, भ्वाइस् रिकोजनिसन सिस्टम, डकुमेन्टेशन चेकिङ सिस्टम, टेलिकम्युनिकेसन सिस्टम, फर्नेसिक ल्याबोरेटरिज, बार एन्ड कुकिङ इक्युपमेन्ट, गार्ड एन्ड स्निफिङ डग, इमरजेन्सी रेस्पोन्स सेन्टर तथा सेक्युरिटी सफ्टवेयर प्रदर्शनमा राखिएका छन्।

## बुद्धिबंगाराबाट स्टिम सेलको विकास

जापानी वैज्ञानिकहरूले बुद्धिबंगाराबाट स्टिम सेलको विकास गर्न सफलता हासिल गरेका छन्। वैज्ञानिकहरूको यो सफलताले स्टिम सेलको विकासमा मानव भ्रूणको प्रयोग गर्नुपर्ने अवस्थाबाट सिर्जित नीतिगत विवादको अन्त्य गरिदिएको छ। कुनै पनि घातक रोगको अनुसन्धानका लागि विवादास्पद भ्रूणको प्रयोगविना नै स्टिम सेल विकसित गर्न सकिने भएपछि त्यस्तो विवादको अन्त्य भएको हो। जापानको नेसनल इन्स्टिच्युट अफ एड्भान्स इन्डस्ट्रियल साइन्स एन्ड टेक्नोलोजीका अनुसन्धानकर्ताहरूले १० वर्षीया बालिकाको बुद्धिबंगारा प्रयोग गरी मानव भ्रूणमा पाइने प्राकृतिक स्टिम सेल विकसित गरेको जानकारी दिएका छन्।

जापानी वैज्ञानिकहरूको यो उपलब्धिले स्टिम सेलका लागि आवश्यक स्रोतलाई सहज बनाइदिएको छ। गत वर्ष अमेरिकी तथा जापानी वैज्ञानिकहरूले छालाको प्रयोग गरी स्टिम सेलको विकास गरेको ऐतिहासिक उपलब्धिको घोषणा गरेका थिए। विविध प्रकारले अंग तथा स्नायुको विकास गर्न भैरहेको अनुसन्धानलाई क्यान्सर, मधुमेहजस्ता रोगहरूको उपचारमा सहायक सिद्ध हुनेछ।

# साप्ताहिक इनफो



# नेपाली चलचित्रको बिजोग

**प्रेमकृष्ण श्रेष्ठ**

चलचित्रकर्मीहरूबाट नेपाली दर्शकले हिन्दी चलचित्र बढी रुचाएको तर नेपाली चलचित्रलाई नरुचाएको गुनासो पटक-पटक सुनिन्छ। यसका लागि चलचित्रकर्मीहरूले आफूले निर्माण गर्ने चलचित्रतर्फ फर्केर हेर्नुपर्छ। कुन कमजोरीका कारण नेपाली चलचित्र वितृष्णाको सिकार भयो भन्ने कुरामा गहन विश्लेषण गर्नुपर्छ।

वास्तवमा भन्ने हो भन्ने एकाध नेपाली चलचित्र सानो लगानीमा पनि प्रशंनीय बनेका छन्। एकाध कलाकारको अभिनय, कथा, संवाद, गीत, संगीत, निर्देशन विदेशी चलचित्रलाई मात दिने खालका छन् तर विडम्बनाको कुरा प्रायःजसो नेपाली चलचित्र कुनै न कुनै हिन्दी चलचित्रबाट प्रेरित हुन्छन्। नेपाली चलचित्रलाई मौलिकताको खाँचो छ। कुनै-कुनै चलचित्रका कथा त हिन्दी चलचित्रसँग ठ्याक्कै मिल्छ। चलचित्रको शीर्षक पनि मिलेको देख्दा लाग्छ, नेपाली चलचित्रमा सिर्जना नै मरेको छ कि ? यसरी विदेशी चलचित्रबटा प्रेरित भएर धेरै चलचित्र बनाइएका छन्। मौलिकताको प्रशस्त सम्भावना हुँदाहुँदै पनि हिन्दी चलचित्रमै आश्रित हुने परिपाटीले नै नेपाली चलचित्र उँभो लाग्न नसकेको हो भन्दा अत्युक्ति नहोला। यसरी हिन्दी चलचित्रलाई नक्कल गरिएका कैयन् नेपाली चलचित्र बजारमा अस्वीकृत र आलोचित भएका छन्।

नक्कल गरेर मात्र चलचित्रमा कलात्मकता थपिने होइन। नेपाली चलचित्र पनि यदि मौलिक छ भने नेपाली दर्शकले रुचाएको विगतका सफल चलचित्रबाट पाठ सिक्नुपर्छ। बलिदान, दर्पणछायाँ, कुसुमे रुमाल, कन्यादान, सीमारेखा, बासुदेव, लाहुरे यस्ता चलचित्र हुन्, जसलाई नेपाली दर्शकले मौलिकताकै कारण रुचाए। यी चलचित्रमा कथाकारले नेपाली जनजीवनको तस्बिर उतारेको छ, पटकथाकारले नेपाली झर्रा ग्रामीण संवाद उनेका छन् र कलाकारहरूको अभिनयमा पनि मौलिकता र सजीवता छ।

यस्ता चलचित्र जन्माउन केही कठिन हुन्छ। आज नेपाली चलचित्र क्षेत्र यस्तै चलचित्रको प्रसवपीडामा लाग्नुपर्छ। यश चोपडाको निर्देशनलाई पछ्याउने, जावेद अख्तरको संवादलाई हुबहु कोर्ने, लक्ष्मीकान्त प्यारेलालको संगीत चोर्ने, आनन्द बख्शीको शब्दलाई हुबहु गीतमा उतार्ने कलाकारहरूलाई नक्कलका लागि होइन, मौलिकताका लागि प्रेरित गर्नुपर्छ।

हालै उद्धव पौडेलको चलचित्र 'सुन्दर मेरो नाम' प्रदर्शन भयो। चलचित्रलाई केही दर्शकले रुचाए तर केही बुझक्कडले थाहा पाए कि यो चलचित्र महमुदको 'मै सुन्दर हुँ' को हुबहु नक्कल हो। अरू त अरू त्यसमा नेपाली चलचित्रका प्रतिभावान् कलाकार दीपकराज गिरीलाई पनि 'महमुदकरण' गरिएको छ। सुन्दर मेरो नाम मात्र होइन, चोर, देवता, सडक, आफन्त, मोहनी यी यस्ता चलचित्र हुन्, जुन चलचित्रमा कुनै न कुनै हिन्दी चलचित्रको तस्बिर झल्कन्छ। ज्वरोको जिब्रोले चिनीलाई टर्रो नै मानेजस्तो जति मसलायुक्त चलचित्र पनि यदि नक्कल गरिएको छ भने तीतो र अस्वीकृत नै हुन्छ।

यदि नेपाली चलचित्रकर्मीहरूमा नवीनताको जाँगर एवं साहस छैन भने नयाँ-नयाँ चलचित्रकर्मीलाई चलचित्रक्षेत्रमा प्रश्रय दिनुपर्छ। गाउँका कुना-कन्दरामा गएर राजेश हमालहरूको खोजी हुनुपर्छ। धेरै प्रतिभा टोल-टोलमा देखाइने प्रहसनहरूमा अल्झिएका छन्, गाउँका रोदीघरहरूमा अल्झिएका छन्। सकिन्छ भने त्यस्ता सुदूर गाउँका कलाकारहरूलाई सहरमा ल्याएर अवसर दिनुपर्छ। होइन भने पुरानो पुस्ताले बनाउने चलचित्रको एकरसताले नेपाली चलचित्रलाई नै धराशायी बनाउन सक्छ।

विदेशी चलचित्र कामुक छ, यसकारण विदेशी चलचित्र हेरियो भनी नेपाली दिदीबहिनीको लुगा फुकाल्ने क्रम पनि बढ्दो छ। यो ईर्ष्याको गलत कदम हो। नेपाली दर्शकले विपाशा वसुको कामुकतालाई होइन, उनको मौलिकतालाई रुचाएका हुन्। चीरहरणले मात्र चलचित्र सफल हुने भए, बलिदानको कुन दृश्यमा नायिकाको वस्त्र च्यातिएको छ ? बलिदान मौलिक छ र त्यसैले उक्त चलचित्रलाई नेपाली दर्शकले बेसी रुचाए। आज पनि वासुदेव, बलिदान, कुमारी, मायाप्रीतिजस्ता चलचित्र हेर्‍यो भने आँसु चुहिन्छ। यी चलचित्रले दर्शकका आँखा यसकारण गिलो भए कि यी चलचित्र कुनै पनि भारतीय चलचित्रबाट प्रेरित छैनन्।



नेपाली चलचित्रकर्मीहरूको राजनीति पनि चलचित्रको विकासमा तगारो बनेको छ। चलचित्र विकासका लागि अध्ययन-अध्यापनको सुविधा पनि हुनुपर्छ। हाम्रा विश्वविद्यालयहरूले चलचित्रको विकासप्रति त्यति ध्यान पुर्‍याउन सकेका छैनन्, फलस्वरूप कतिपय विद्यार्थी रहर भएर पनि अरू संकाय रोज्न बाध्य छन्। नेपाली चलचित्रको पुरानो पुस्ताले पनि आफ्ना सन्तानलाई चलचित्रको क्षेत्रमा डोऱ्याएको पाइँदैन। दर्शकबाट मात्र होइन, चलचित्रसँग गाँसिएका कलाकारहरूबाटै नेपाली चलचित्र यसरी उपेक्षित हुनु विडम्बनाको कुरा हो।



## नारी मासिकको मंसिर अंक



## जीवनको व्यस्तता



मिस्टर नेपालको उपाधि जितेको केही वर्षसम्म जीवन लुइँटेल बेरोजगार रहे। त्यसो त उपाधि जित्नासाथ उनले ऐतिहासिक टेलिश्रृंखला 'पृथ्वीनारायण शाह' मा शीर्ष भूमिका नै निर्वाह गर्ने अवसर पाएका थिए। विडम्बना, उक्त श्रृंखलाको निर्माण बीचैमा रोकियो, तर जीवनले हिम्मत हारेनन्। त्यसपछि उनले अभिनयको प्रशिक्षण लिए, नृत्यमा आफूलाई पारंगत बनाए। जिम गरेर शरीरलाई सुगठित पनि पारे। अग्लो कदका जीवनको दिन नफिर्ने कुरै थिएन। उनले केही टेलिश्रृंखलामा अभिनय गरे। म्युजिक भिडियोमा उनको अभिनय तथा नृत्य दर्शकले रुचाए। आलोक नेम्वाङले चलचित्र 'सानो संसार' मा प्रभावकारी भूमिकामा अभिनय गराएपछि अहिले जीवनको अभिनयको प्रशंसा भैरहेको छ। निर्देशक विकास आचार्यले उनलाई झन् ठूलो जिम्मेवारी सुम्पिए। उनी आजदेखि सार्वजनिक हुने चलचित्र 'नसिब आफ्नो'का नायक हुन्। जीवनको सफलताको क्रम यहीं टुंगिँदैन। निर्देशक नरेश पौडेलको ड्रिम प्रोजेक्ट 'दीप-शिखा' मा दीपको भूमिका निर्वाह गरिरहेका जीवन नेपाली चलचित्र क्षेत्रमै जम्ने कुरामा ढुक्क छन्।

## सानो पर्दाका शिव



सानो पर्दामा तराई मूलका युवकको भूमिका निर्वाह गरेर चर्चित बनेका शिवशंकर रिजाल हास्यश्रृंखलाका अभिन्न अंग बनेका छन्। दीपकराज गिरीको तीतो-सत्य होस् वा जितु-शिवहरिको 'जिरे-खुर्सानी', शिवशंकरले 'मधेसी' युवकका रूपमा निर्वाह गरेको भूमिका दर्शकले औधी रुचाएका छन्। 'दर्शकले मलाई मधेसीकै भूमिकामा रुचाएका छन्', आफ्नो भूमिकाकै कारण थुप्रै गाईजात्रे कार्यक्रममा समेत त्यही भूमिका निर्वाह गरेका शिवशंकर भन्छन्– 'त्यही भूमिकाका कारण मैले थुप्रै विज्ञापनमा समेत अभिनय गर्ने अवसर पाएको छु।' पछिल्लो समयमा दमन रूपाखेतीको हास्यश्रृंखला 'झ्याइँकुटी झ्याइँ' मा गाइनेको भूमिका निर्वाह गरेर चर्चामा आएका शिवशंकर विगत लामो समयदेखि अभिनय क्षेत्रमा छन्। २०५७ सालमा 'भुइँचालो' शिर्षकको हास्यश्रृंखलामा अभिनय गरेर कलाकारिता क्षेत्रमा आएका शिवशंकरले यो अवधिमा गहना, दुई दिनको जिन्दगानी, वंश, तातो-पीरो, घोक्रेठ्याक, सराद्ध-पराद्ध, सुनौलो संसारलगायत दर्जनौं टेलिश्रृंखलामा अभिनय गरिसकेका छन्। पछिल्लो समयमा उनले अभिनय गरेको नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको टेलिश्रृंखला 'सुनौलो संसार' को नागेश्वरको भूमिका पनि दर्शकमाझ लोकप्रिय भएको छ। कानुन किताब व्यवस्था समितिका जागिरे शिवशंकर भविष्यमा पनि हास्य अभिनयमार्फत नै दर्शकहरूलाई हँसाइरहन चाहन्छन्।

## रुष्माको अफेयर ?



निर्देशक सोभित बस्नेतको पछिल्लो अफेयर कोसँग होला ? एकताका निर्देशक बस्नेत नायिका रेजिना उप्रेतीसँगको गहिरो सम्बन्धका कारण चर्चामा थिए, तर केही महिनाअघिदेखि उनीहरूबीच फाटो आएको बताइन्छ। रेजिनासँगको सम्बन्ध बिग्रिए पनि सोभितले भने मन बहलाउने नयाँ साथी फेला पारेको हल्ला चलिरहेको छ। भनिन्छ, उनी अहिले नायिका रुष्मा राईसँग नजिकिएका छन्। सोभितको नयाँ चलचित्रकी नायिका रुष्मा अभिनयका साथै स्टन्टका कारण पनि व्यस्त नायिका बनेकी छिन्। आफ्नै चलचित्रकी नायिकाको प्रशंसा हुन थालेपछि सोभित पनि उनैको पछि लाग्न थालेको हल्ला चलचित्र क्षेत्रमा फैलिएको छ। यद्यपि नायिका राईले भने बजारमा आएको हल्लाको खण्डन गरेकी छिन्। 'आफ्नो चलचित्रको निर्देशकसँग नजिकिनु अस्वाभाविक होइन, उनको तर्क छ– 'यसलाई अफेयरको रूप दिएकोमा म छक्क परेकी छु।'

## निरुताको ग्ल्यामर

नायिका निरुता सिंह चलचित्रको पर्दामा भावुक देखिन्छिन्। उनले विभिन्न चलचित्रमा निर्वाह गरेको भूमिका हेर्ने हो भने उनी प्रायः सोझी गाउँले युवती, सासुद्वारा पीडित बुहारीजस्ता भूमिकामा देखिन्छिन्। सौन्दर्यका दृष्टिकोणले उनी कुनै नेपाली नायिकाभन्दा कम छैनन्, तर खै किन हो, नेपाली चलचित्रका निर्देशकहरू उनलाई एकै प्रकारका भूमिकामा प्रस्तुत गरिरहन्छन्। त्यसैले पनि होला, अहिले नेपाली चलचित्रमा उनको क्रेज घटेको छ। आफ्नो एकै प्रकारको भूमिकाका कारण क्रेज घटेको अनुभव भैरहेको बेला निरुता नेटनशा डट कममा ग्ल्यामरस रूपमा प्रस्तुत भएकी छिन्। यो साइटका लागि उनले आफ्नो वास्तविक सुन्दरता देखाएकी छिन्। मिनिज, स्कर्ट, पाइन्टजस्ता पहिरनमा सजिएर फोटोग्राफर राजीव श्रेष्ठलाई आकर्षक पोज दिने निरुतालाई अबचाहिं निर्देशकले आधुनिक युवतीको भूमिकामा अभिनय गराउलान् कि ?






## रेजिनाको खुसी

नायिका रेजिना उप्रेतीका लागि वर्ष २०६५ भाग्यमानी सावित भएको छ। यो वर्ष उनले आठवटा चलचित्रमा अभिनय गरिसकेकी छिन्। यसअघिका कुनै पनि वर्षमा उनले यति धेरै चलचित्रमा अभिनय गर्ने अवसर पाएकी थिइनन्। चितवनमा छायांकन भएको चलचित्र 'अर्जुन देव' मा अभिनय गरेर फुर्सद पाएकी रेजिनाले साप्ताहिकसँगको एक भेटमा भनिन्– 'यो वर्ष मेरा लागि साँच्चिकै लक्की छ।' रेजिनाले यस वर्षको कात्तिक महिनाभित्रमा अभिनय गरेका चलचित्रको सूची अवलोकन गर्ने हो भने पनि उनको भनाइमा विश्वास गर्न सकिन्छ। रेजिनाले अभिनय गरेको नयाँ चलचित्र 'जय शिव शंकर' प्रदर्शनको क्रममा छ भने 'निशाना' केही समयपछि नै प्रदर्शन हुनेछ। यसबाहेक उनले यो वर्ष 'धुम', 'सन्देश', 'विष' जस्ता चलचित्रमा पनि मुख्य भूमिका निर्वाह गर्ने अवसर पाएकी छिन्। 'चाँडै नै शिव रेग्मीको नयाँ चलचित्रमा अभिनय गर्दैछु,' रेजिनाले खुशी व्यक्त गरिन्– 'वर्ष बित्न अझै बाँकी छ, वर्षभरिमा एक दर्जन चलचित्रको काम सिध्याउँछु कि ?'

# पर्यटक बढे सौराहामा


**साप्ताहिक समाचार**

सौराहा– काठमाडौंबाट गएकी एक महिला सौराहा पुगेपछि गैंडाभन्दा उँटप्रति आकर्षित भइन्। पारिवारका सदस्यहरूले हात्ती चढेर जंगली जनावर हेर्ने योजना बनाउँदा उनी भने उँट सयरको वकालत गर्दै थिइन्। राप्ती नदीको किनार वरपर घुमाउने उँटमा जब उनी चढिन्, तब एक प्रकारको हाँसो फैलियो। मोटो ज्यानकी ती महिना उँटमा चढ्नेबित्तिकै कसैले 'उँटमाथि हात्ती' भन्ने प्रतिक्रिया दिएकाले त्यो हाँसो फैलिएको थियो।



थाइल्यान्डको पटाया तथा भारतको गोवालाई सम्झाउने स्वरूपमा विकसित भैरहेको सौराहामा यतिखेर पर्यटकहरूको घुइँचो बढेको छ। डिसेम्बरमा पर्यटकको संख्या बढ्ने गरेको भनाइलाई गलत सावित गर्दै पछिल्ला वर्षहरूमा सौराहा जाने पर्यटकहरूको संख्या अन्य समयमा पनि उत्तिकै हुने व्यवसायीहरू बताउँछन्। 'यतिखेर सौराहाका प्रायः सबै होटल प्याक छन्,' सौराहास्थित होटल व्यवसायी केशव पाण्डेले गत साता साप्ताहिकसँग भने- 'अक्टुबरदेखि नै यहाँका ५ दर्जनभन्दा बढी होटलमा 'रुम सर्टेज' हुन थालेको हो।' राप्ती नदीको किनारमा बसेर सूर्यास्तको दृश्य हेर्ने तथा हात्तीमा चढेर जंगल सयर गर्ने प्रमुख विशेशताका कारण सौराहा आकर्षक गन्तव्य स्थलका रूपमा चिनिन थालेको हो। त्यसबाहेक राप्ती नदीमा डुंगा सयर, चराचुरुङ्गीको अवलोकन, स्थानीय लोकसंस्कृतिसँग सम्बन्धित सांस्कृतिक मनोरञ्जन, हात्तीको माध्यमबाट राप्ती नदीमा नुहाउने, राप्ती नदीको किनारमा रहेका एक दर्जनभन्दा बढी पबमा बसेर पेय पदार्थ पिउनेलगायत सौराहाका अन्य आकर्षणले पनि पर्यटकहरू मोहित भएको सौराहा रेस्टुरेन्ट व्यवसायी संघका पूर्वअध्यक्ष बलराम दाहाल बताउँछन्।

सौराहामा ६० भन्दा बढी होटल तथा २० को हाराहारीमा रेस्टुरेन्ट सञ्चालनमा छन्। 'अक्टुबरयता यी सबै व्यवसाय व्यस्त छन्,' सौराहा होटल व्यवसायी संघका पूर्वअध्यक्ष घनश्याम श्रेष्ठ भन्छन्- 'सौराहालाई



आकर्षक गन्तव्यका रूपमा विदेशीले मात्र होइन, नेपालीले पनि प्राथमिकतामा राख्न थालेपछि भीड बढ्दै गएको हो।' पछिल्ला वर्षहरूमा पूर्व काँकडभिट्टादेखि काठमाडौं उपत्यका तथा पश्चिम महेन्द्रनगरसम्मका नेपालीहरू सौराहा घुम्न आउने गरेको श्रेष्ठले बताए।

सौराहामा ६ सय रुपैयाँदेखि २ हजार रुपैयाँसम्मका कोठा पाइन्छन्, त्यसबाहेक होटल तथा रेस्टुरेन्टमा पाइने परिकारहरू काठमाडौंकै 'क्वालिटी'मा र मूल्यमा पाइन्छ। 'प्रकृतिसँग रम्ने चाहनाले हुनसक्छ, यहाँ आउने पर्यटकहरू राप्ती नदीको किनारमा कुर्सीमा लम्पसार भएर घाम ताप्दै ब्रेकफास्ट लिन्छन्, साथै साँझ घाम डुबिरहेको मनमोहक दृश्य हेर्न लालायित हुन्छन्।' पब रेस्टुराँ व्यवसायी तथा पूर्वअध्यक्ष दाहाल भन्छन्- 'सुरु वर्षमा विदेशीहरू मात्र देखिने राप्तीको 'बीच' मा अहिले नेपालीहरू पनि आकर्षित हुन थालेका छन्।'

**महोत्सवको तयारी**



सौराहालाई पर्यटकीय गन्तव्यका रूपमा चिनाउन स्थानीय व्यवसायीहरूले प्रत्येक वर्ष 'सौराहा महोत्सव' को आयोजना गर्दै आएका छन्। हात्तीले खेल्ने फुटबल तथा अन्य थुप्रै खेल महोत्सवमा समावेश गरिन्छ। त्यसबाहेक गत वर्षदेखि सांगीतिक वातावरणको साथमा 'फुड फेस्टिबल' को आयोजना हुन थालेको छ। 'यसपटक पनि हामी महोत्सवको तयारीमा जुटिसकेका छौं,' होटल व्यवसायी संघका पूर्वअध्यक्ष श्रेष्ठ भन्छन्- 'महोत्सवको तयारीका लागि होटल तथा रेस्टुरेन्ट व्यवसायीहरूका छुट्टाछुट्टै आयोजक समिति तयार भैसकेका छन्।' यस पटकको महोत्सवमा हात्तीको फुटबल प्रतियोगिता नहुने भनिए पनि होटल व्यवसायी संघले हात्तिको फुटबल हुने जानकारी दिएको छ। केही हात्तीमा क्षयरोग देखा परेपछि वन्यजन्तु संरक्षण क्षेत्रमा कार्यरत संस्थाहरूले हात्तीलाई फुटबल खेलाउन नहुने विषयमा आयोजकहरूलाई सचेत गराएका थिए।

पूर्वअध्यक्ष श्रेष्ठका अनुसार पूर्ण रूपमा स्वस्थ हात्तीलाई मात्र खेलमा समावेश गराइनेछ। क्रिसमस इभको दिन प्रारम्भ हुने सौराहा महोत्सवलाई साताव्यापी रूपमा मनाइनेछ। 'विदेशी तथा स्वदेशी पर्यटकहरूले न्यू इयर मनाउन बिदेसिनु नपरोस् भनेर साताका प्रत्येक दिन नै पर्याप्त मनोरञ्जन दिने गरी कार्यक्रमहरू सार्वजनिक गर्दैछौं,' व्यवसायी केशव पाण्डे भन्छन्- 'हाम्रो अबको लक्ष्य भनेको सौराहा साँच्चै आकर्षक गन्तव्य हो भनेर पुष्टि गर्नु हो।'

## ● लभगुरु ●



पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरुप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**हाल म काठमाडौंमा बी.ए. प्रथम वर्षमा अध्ययनरत छु। मेरो घर मकवानपुरमा छ। एसएलसीपछि हेटौंडाको एउटा कलेजमा पढैं। कलेजजीवनको प्रारम्भमै मैले उनलाई भेटैं र मन पराउन थालैं। हामी दुवैको अध्ययन क्षेत्र (संकाय) र कक्षा पनि एउटै थियो। म उनलाई मन पराउन थालेछु, तर उनीसामु प्रस्ताव राख्न असमर्थ भएँ। मैले उनलाई मन पराइरहेको कुरा कक्षाका सहपाठीहरूलाई पनि थाहा थियो। प्लस टु सकिएपछि उनले पनि यो कुरा थाहा पाइन्। उनले त्यसलाई कुन रूपमा लिइन्, थाहा भएन। यो अवस्थामा अब मैले उनलाई प्रेमप्रस्ताव राख्नु उचित होला ? उनीसँग सम्बन्ध बढाउन मैले के गर्नुपर्ला ?**


**–पासाङ**

धेरै प्रेम सुरु हुन नपाउँदै टुङ्गिन्छन्। सम्भवतः तपाईंको कथा पनि त्यस्तै छ। तपाईंको प्रेम टुङ्गिसकेको छैन। प्रेममा प्रस्ताव गरिएन भने त्यो टुङ्गिन बेर लाग्दैन। त्यति बेला तपाईंले उसलाई प्रस्ताव गर्ने आँट गर्न सक्नुभएन। अब उनलाई सम्झिएर कल्पिरहनुभएको छ। उनले प्लस टु सकेपछि थाहा पाइन् भन्ने तपाईंले सुन्नुभयो। यदि उनले पनि तपाईंलाई मन पराएकी भए, त्यो खबरसँगै उनले तपाईंको प्रेमलाई सकारात्मक रूपमा लिएको खबर पनि त थाहा पाउनुहुन्थ्यो नि। उनलाई मन पराउनु र प्रेमप्रस्ताव राख्नु तपाईंको कुरा हो, त्यसलाई स्वीकार गर्नु वा नगर्नु उनको अधिकार हो। त्यसैले ढिलो नगर्नुहोस्, किनकि तपाईं यसै पनि ढिलो भैसक्नुभएको छ। झट्ट गतिलो ढंगबाट प्रेमप्रस्ताव राख्नुहोस्, तर उत्तर जे आउँछ, त्यसलाई सुन्न तपाईं भित्रैदेखि तयार हुनुपर्छ।

▶▶ गत कात्तिक २२ गते कलिउडमा कुनै पनि चलचित्रको छायांकन भएन। प्राप्त जानकारीअनुसार उक्त दिन बिहान राजधानीको चोभारमा छायांकनका लागि जाने क्रममा दुर्घटनामा परी चलचित्र 'महान्'का ड्रेसम्यान कृष्ण गिरीको मृत्यु भएकाले केही चलचित्र निर्माताले आ-आफ्ना चलचित्रको छायांकन एक दिनका लागि बन्द गरे। छायांकन टोली चढेको मिनिबस बल्खुको पुलमा पुग्दा ढोकामा उभिएका गिरीको हात अनायसै चिप्लिएर खसेपछि पछाडिको पाङ्ग्राले किचेर उनको घटनास्थलमै मृत्यु भएको बताइएको छ। चलचित्र 'महान्' अभिनेता दिनेश शर्माको लगानीमा निर्माण भैरहेको चलचित्र हो, जसको निर्देशन कृष्ण चापागाईंले गरिरहेका छन्। 'महान्'मा विराज भट्ट, अर्जुन कार्की, रोज राणा, झरना थापा, गणेश उप्रेती आदिले अभिनय गरिरहेका छन्।

▶▶ थुप्रै चलचित्रमा सह-निर्देशकको अनुभव बटुलिसकेका सानु श्रेष्ठ अब एकल निर्देशन गर्दैछन्। मनोजनारायणको प्रस्तुति तथा राजीव गुप्ताको लगानीमा श्रेष्ठले निर्देशन गर्ने चलचित्र 'रक्षक'को शुभारम्भ भएको छ, जसमा राजेश हमाल, विराज भट्ट, रेखा थापा, शुभेच्छा थापा आदि कलाकारको मुख्य भूमिका छ भने यसमा महेश खड्काको संगीत, राजुविक्रम थापाको छायांकन, वसन्त श्रेष्ठको नृत्य निर्देशन तथा रोशन श्रेष्ठको द्वन्द्व निर्देशन रहनेछ। चलचित्रलाई सिनेमास्कोप प्रविधिमा तयार पारिँदैछ।

▶▶ हालै पाटनको कृष्ण मन्दिर क्षेत्रमा दुईवटा चलचित्रको शुभमुहूर्त एकसाथ गरियो। जेनी कुँवरले निर्माण गर्ने चलचित्र 'हलचल' तथा गौरीपूत्र फिल्म्सले निर्माण गर्ने चलचित्र 'स्वीकार'को शुभमुहूर्त एउटै कार्यक्रममा गरिएको हो। अभिनेता तथा निर्देशक अशोक शर्माले दुवै चलचित्रका लागि क्ल्याप हानेर मुहूर्त गरेका थिए। सुनिल पाण्डेले निर्देशन गर्न लागेको चलचित्र 'हलचल'मा निखिल उप्रेती, मेलिना मानन्धर, मुकेश ढकाल, जेनी कुँवर, मधुसूदन सिलवाल, शैलजा पाण्डे, गोमा केसी, विष्णु सापकोटा आदि कलाकारले अभिनय गर्दैछन्। चलचित्रमा वसन्त सापकोटाको संगीत, युवराज राईको छायांकन, रामजनकको द्वन्द्व निर्देशन रहनेछ। त्यसैगरी रवि अर्यालको निर्माण तथा निर्देशनमा फरक शैलीमा प्रस्तुत गर्न लागिएको चलचित्र 'स्वीकार'मा आकाश अधिकारी, राजेश ढुंगाना, जानुका केसी, दिलु थापा, सुशील पोखरेल, आर.पी. पन्तका साथ



## ● फिल्मी खबर ●

अमेरिकी अभिनेत्री कार्ला बकेकीले अभिनय गर्दैछिन्। चलचित्रलाई गीत र द्वन्द्वबिना यथार्थवादी स्वरूपमा ढाल्न लागिएको निर्देशक अर्यालले बताए।

▶▶ 'घातक' र 'राज्य' पछि आफ्नै लगानीमा निर्देशक रामजी लामिछानेले निर्माण गरिरहेको चलचित्र 'बिदाइ'को छायांकन सकिएको छ। दिनेश सुनामको संगीत तथा रोशन श्रेष्ठको द्वन्द्व रहेको यो चलचित्रमा निखिल उप्रेती, रमित ढुंगाना, झरना थापा, विष्णु सापकोटा, रामकृष्ण बजगाईं आदि कलाकारको मुख्य भूमिका छ।

▶▶ निखिल उप्रेतीले निर्माण गरेको चलचित्र 'निसाना' प्रदर्शनका लागि तयार भएको छ। सुरेश दर्पण पोखरेलले निर्देशन गरेको यो चलचित्रलाई एक्सन कमेडी भनिएको छ, जसमा निर्माता/नायक निखिल उप्रेतीका अतिरिक्त राजेश हमाल, दिलीप रायमाझी, सुनिलदत्त पाण्डे, नन्दिता केसी, स्नेहा शर्मा आदि कलाकारको मुख्य भूमिका छ। पुसको अन्तिम सातातिर सार्वजनिक गरिने यो चलचित्रमा हिमाल केसीको द्वन्द्व निर्देशन, वसन्त श्रेष्ठको नृत्य निर्देशन तथा सुरेश अधिकारीको संगीत हेर्न-सुन्न पाइनेछ।





# मन मौलिकतातर्फ

आफूले बनाएको पछिल्लो चलचित्र 'मैना'को प्रचार-प्रसारका लागि जुटेका छन् निर्देशक केपी पाठक। यसको प्रदर्शनलगत्तै अर्को चलचित्र बनाउने योजना पनि छ उनको। चलचित्र बनाउने कुरा चल्नेबित्तिकै लगानीका विषयमा सोच्ने चलन छ प्रायः निर्मातामा तर निर्देशक पाठकले त्यतातिर नसोचेको धारणा व्यक्त गरे। पाठक भन्छन्– 'राम्रो चलचित्र बनाउनुपर्छ, लगानी उठाउन समस्या छैन। पहिले राम्रो बनाऔं, त्यसपछि बजार खोजौंला।'

मूलधारका चलचित्रमा रमाइरहेका एक जना निर्देशकमा यो आँट कसरी आयो होला ? यसको जस उनले आफ्नै संस्था निर्देशक समाजलाई दिए। निर्देशक समाजले केही महिनाअघि मुलुकका नामुद निर्देशकहरूलाई समेटेर नगरकोटमा तीनदिने एप्रिसिएसन कार्यक्रम गरेको थियो, जहाँ एउटै थलोमा बसेर विश्वप्रसिद्ध निर्देशकहरूले बनाएका चलचित्र हेर्ने अवसर पनि मिलेको थियो। त्यही कार्यक्रममा सहभागी भएपछि बुद्धि पलायो, – पाठकले बताए।

'त्यो कार्यक्रममा सहभागी भएपछि साँच्चै मेरो आँखा खुल्यो। मैले त 'मैना'को केही दृश्य 'रिसुट' समेत गरे' उनले नढाँटी भने। केही मौलिक चलचित्र हेरेकै कारण आफूलाई मौलिक विषयमै चलचित्र बनाउन मन लागेको दाबी गर्दै पाठक भन्छन्– 'हो, अब म व्यवसायको नाममा सूत्रबद्ध चलचित्र बनाउँदिनँ।' उनले यो पनि दाबी गरे– 'नेपाली चलचित्रप्रति दर्शक आकर्षित नहुनुको कारण अरू होइन, हाम्रै चलचित्र हो।' आमनिर्माताले आफ्नो चलचित्रलाई मौलिक भनेर परिभाषा गरे पनि कुनै न कुनै हिन्दी चलचित्रसँग नेपाली चलचित्रको साइनो गाँसिएकाले दर्शकहरू त्यस्ता चलचित्र हेर्न रुचाउँदैनन्।

५० भन्दा बढी चलचित्रको आलेख तयार पारेका सुरज सुब्बा पनि मूलधारका चलचित्रबाट वाक्क छन्। उनी पनि नहिचकिचाई भन्छन्– 'मैले ५० वटा चलचित्रको पटकथा तयार पारें तर मलाई तिनले सन्तुष्ट बनाउन सकेनन्।' आफ्ना सबै चलचित्र अन्य चलचित्रबाट प्रभावित थिए भन्ने सुब्बाको मान्यताअनुसार अबका चलचित्र मौलिक हुनुपर्छ। 'यदि साँच्चै नेपाली चलचित्रलाई माथि उठाउने हो भने मौलिक विषयको खोजी हुनैपर्छ। मसालेदार चलचित्र बनाएर हुँदैन।'

अहिले बनिरहेका वा प्रदर्शन भैरहेका चलचित्र सात-पाँचको सूत्रमा आधारित भएको दाबी छ उनको। पाँचवटा गीत र सातवटा फाइट राख्नैपर्ने निर्माताको सोचका कारण नेपाली चलचित्रको हैसियत पिलन्धरे हुँदै गएको भन्न नहिचकिचाउने सुब्बाले एउटा चलचित्रको खाका कोरेका छन् 'द लिज'। आफूले बनाएकामध्ये सबैभन्दा मौलिक हुन्छ भन्ने सुब्बा यो चलचित्र हावादारी कथाबाट मुक्त हुने बताउँछन्। सुब्बा भन्छन्– 'यसमा सपनाका राजकुमार-राजकुमारी छैनन्। यो त अधिकारका लागि लडिरहेका नेपालीहरूको कथा हो। अहिले अधिकार माग्ने नेपालीको बहाना बन्ने गरेको छ सडक। राज्यलाई कुनै कुरा सुनाउनुपर्‍यो भने अरू केही गर्नुपर्दैन, सीधै सडकमा गएर चक्काजाम गरे हुन्छ, तर सार्वजनिक सडक जाम गर्दा कसलाई कति असर पर्छ आफ्नो चलचित्रले स्पष्ट पार्ने दाबी गरे सुब्बाले।

अबको चलचित्र विषयका साथै प्रविधिले समेत चुस्त हुनुपर्ने धारणा राख्छन् निर्देशक आकाश अधिकारी। पछिल्लो समयमा चलचित्र 'सूर्योदय' निर्माण गरिरहेका आकाश भन्छन्– 'अब हामीले हाम्रै विषय खोजेर चलचित्र बनाउनुपर्छ।' निर्माणाधीन चलचित्र 'सूर्योदय' मा मुस्ताङको उपल्लो भेगको वस्तुस्थितिलाई प्रस्तुत गर्न लागेका आकाश प्राविधिक दृष्टिले पनि आफ्नो चलचित्र पूर्ण हुने धारणा व्यक्त गर्छन्। अधिकारी भन्छन्– 'नेपालबाहेक अन्य मुलुकका नागरिकलाई पनि हाम्रो चलचित्र देखाउने हो भने अब स्तरीय प्रविधि पनि प्रयोग गर्नुपर्छ।'

# जेनीले मच्चाइन् हलचल



पोखरा- यतिबेला पोखराको मौसम छ्याङ्ङै खुलेको छ। सेतो हिमाल अनि स्वप्निल वातावरणमा चलचित्रको छायाङ्कन गर्न पाएपछि अरू के चाहियो ? जेनी फिल्म्सको ब्यानरमा चलचित्र हलचल यतिबेला फेवाका दृश्यहरूमा हराइरहेको छ। कलरफुल लोकेसन छोप्नका लागि हामीले यो चलचित्रको छायाङ्कन पोखराबाटै थालेका हौं, निर्देशक सुनिल पाण्डेले भने- 'यहाँको मनोरम दृश्यका कारण सुटिङमा पनि आनन्द आइरहेको छ।' हुन पनि पोखराको दृश्यबिना चलचित्र बनोस् पनि कसरी ?

फूलबारी रिसोर्टको बगैंचामा दुई नायक-नायिकाको जोडीलाई नृत्य निर्देशक वसन्त श्रेष्ठ यसो गर उसो गर भनेर अराउँदै थिए। अलिकति खुलेको पहिरनमा नायिका जेनी कुवर घरी-घरी झुक्किन्थिन्। नृत्य निर्देशक श्रेष्ठ भएन भनेर कराउँथे।

नायिका झुक्किनुको रहस्य भने अर्कै थियो। चाँदीजस्तै टल्लक टल्किएको हिमाल र खुलेको मौसमतर्फ उनको नजर बढी दौडिएको देखिन्थ्यो। हिमालतिर होइन, क्यामेरातिर हेर भनेर निर्देशक सुनिल पाण्डे ठट्टा गर्थे। उनले जेनीलाई त्यसो भने पनि उनको नजर भने प्रायः हिमालतिरै सोझिएको देखिथ्यो।

नृत्य निर्देशक वसन्त श्रेष्ठ अधिकांश गीतको छायांकनका लागि पोखरा नै आउने गरेका छन्। चलचित्रका प्रायः गीतको छायांकन मैले फेवा नगरीमै गर्दै आएको छु उनले भने- 'चलचित्रको गीत छायांकनका लागि पोखराजस्तो ठाउँ अन्त छैन।' यहाँको दृश्यले लोभ्याएपछि सुटिङ युनिटले आफ्नो छायांकन अवधिसमेत बढाएको छ।

भर्खर नायिका मेलिना मानन्धरसँग लगनगाँठो कसेका नवनायक मुकेश ढकाल आफूद्वारा अभिनीत पहिलो चलचित्र सुन्दर नगरीमा गर्न पाउँदा दंग छन्। यही सुन्दर ठाउँमा पहिलो चलचित्र अभिनय गर्न पाउँदा हर्षित छु, उनले भने- 'लोकेसनले गर्दा पनि अभिनयमा जोस बढेको छ।'

यहाँका रमणीय स्थलहरूमा छायांकन भैरहेको चलचित्रमा निखिल उप्रेती, मेलिना मानन्धर आदिले पनि अभिनय गरेका छन्। वैवाहिक जीवनपछि मेलिना र मुकेशले पहिलो पटक एकसाथ चलचित्रमा अभिनय गर्ने मौका पाएका छन्। त्रिकोणात्मक प्रेमकथामा आधारित यो चलचित्रले सामाजिक विषयवस्तु र प्रेम जीवनमा आइपर्ने हलचललाई उठाएको छ। वसन्त सापकोटाको संगीत निर्देशनमा निर्माण भैरहेको चलचित्र हलचलको कथा, पटकथा एवं संवाद शिवम अधिकारीले लेखेका हुन्।

**–शिव शर्मा**

# निशा सुनार



निशालाई चिन्न सजिलो छ, भन्दै दुई वर्षअघि उनी सदावहार नायक भुवन केसीसंग दोहोरी गीत गाएर चर्चामा आएकी थिइन् । त्यतिबेला भुवनसंग उनले लोकदोहोरी 'पानमा पराग छ, दिमाग खराब छ' गाइन् भने दोस्रो एल्बममा आधुनिक गीत गाइरहेका नेपाली तारा दीपक लिम्बूको सहारा लिइन् । चलनचल्तीको शब्दमा भन्ने हो भने निशा 'बिन्दास' छिन् । उनलाई कसैको कामकुरामा चासो छैन, आफ्ना कामकुरामा भने सबैले चासो राखून् भन्ने उनको चाहना छ । निशा आफ्नो लोकगायिकाको छवि मेट्न चाहन्नन् । लोकगायिका भएकै कारण उनले डेढ दर्जनभन्दा बढी मुलुकको भ्रमण गरिसकेकी छिन् । 'लोकगायिका मेरो परिचय हो, रिमिक्स तथा अन्य गीत गाउनु सौख'- निशा भन्छिन् । निशा लोकदोहोरी गायिकाहरूमध्ये फेसनेबल पनि छिन् । 'लोकदोहोरी गाउनेहरूले फेसन गर्नु हुन्न भन्ने छ र ?'- उनले प्रतिप्रश्न गरिन् ।

कलिउडका केही नायिका उनका नजिकका मित्र हुन् । नायिकाहरूसंग मात्र होइन, उनको नायकहरूसंग पनि राम्रो सम्बन्ध छ । निशाले भुवनसंग दोहोरी गाइसकिन् भने दिलीपलाई भर्खरै रिमिक्स गीत 'तिम्रो मन त चक्कु छुरी' मा नचाइन् । नायकहरूको बुई चढेर चर्चामा आउन खोजेको हो कि ? भन्ने जिज्ञासामा उनले जवाफ दिइन्- 'हो पनि, होइन पनि । तपाईं जसरी बुझ्नुहुन्छ बुझ्नुहोस् ।' हँसिलो स्वभावकी निशा विवाहित हुन् । पर्यटन व्यवसायी श्रीमान्कै सहयोगले यो क्षेत्रमा सफल हुँदै गएको उनी बताउँछिन् । भिडियो तथा तस्बिरहरूमा ग्ल्यामरस रूपमा प्रस्तुत भएको उहाँलाई मन परेको छ त ? निशाले भनिन्- 'यो मेरो पेसा हो, उहाँ पेसाको कदर गर्नुहुन्छ र प्रोत्साहित पनि ।'

-सुब्रत





तस्बिर : कमल श्रेष्ठ

## केवल एक प्रश्न

### तपाईंलाई विपरीत लिंगीको कुन कुराले आकर्षित गर्छ ?

कस्तो प्रश्न सोध्नुभएको त्र पख्नुस् है म सोच्दैछु ...अँ ...मलाई विपरीत लिंगीको ओठ र आँखाले आकर्षित गर्छ ।

– मालिभका सुब्बा (पूर्व मिस नेपाल/भिजे)

ओहो त्र कस्तो रमाइलो प्रश्न ? पहिलो कुरा अनुहारले आकर्षित गर्छ । त्यसपछि 'फिगर' अनि सबै कुराले त्र

– सुजिल कर्माचार्य (गायक)

अँ...मलाई पुरुषको मुस्कानले आकर्षित गर्छ । यसबाहेक उसको व्यवहारले पनि मलाई आकर्षित गर्छ । ड्यासिङ पर्सनालिटी हुनुपर्छ भन्ने छैन तर मभन्दा केही अग्लोचाहिं अवश्य हुनुपर्छ ....(हाँसो) ।

– निशा अधिकारी (नायिका/मोडल )


मलाई पुरुषको शारीरिक बनावटले खासै आकर्षित गर्दैन । मलाई लाग्छ पुरुषको सुन्दरता उसको व्यक्तित्वमा लुकेको हुन्छ । त्यसैले आकर्षक व्यक्तित्व भएको पुरुषप्रति मात्र म आकर्षित हुन सक्छु ।

– पल्लभी ढकाल (भिजे)

व्यक्तित्वले आकर्षित गर्छ । उसले आफूलाई कसरी प्रस्तुत गर्छ त्यो महत्त्वपूर्ण कुरा हो । यसबाहेक उसको आत्मविश्वास, सहजता तथा बुद्धिमत्तापूर्ण व्यवहारले पनि मलाई आकर्षित गर्छ ।

– नम्रता श्रेष्ठ (नायिका)





विकास आचार्यले यो वर्ष दुईवटा चलचित्र पुरस्कार पाए। चलचित्र 'किस्मत' र 'दाइको ससुराली'ले उनलाई पुरस्कारका लागि योग्य ठहर गऱ्यो। चलचित्र 'म तिमीबिना मरिहाल्छु' पनि उनैले लेखेको चलचित्र हो। चलचित्रको जग खन्ने काम अर्थात् स्क्रिप्ट लेख्ने काममा आचार्य अब्बल मानिएका छन्। यद्यपि केही महिनायता उनले कुनै चलचित्र लेखेका छैनन्। चलचित्र लेखनबाट उनले संन्यास लिएका पनि होइनन्। नारायण पुरीको चलचित्र 'सान्नानी'बाट व्यावसायिक रूपमा अघि बढेको उनको चलचित्र लेखनयात्रा यहीँ टुङ्गिएको पनि होइन। जीवनको यो मोडमा आएर उनलाई कलिउडको 'क' श्रेणीको निर्देशक बन्नु छ। प्रदर्शन मिति सर्दासर्दै मंसिर ६ गते उनले निर्देशन गरेको पहिलो चलचित्र 'नसिब आफ्नो' धरान, बिर्तामोड, पोखरा, दमक, नारायणघाट आदि स्थानबाट सार्वजनिक हुँदैछ। स्पष्ट वक्ता आचार्यसँग साप्ताहिकको जम्काभेट :

## जम्का भेट

**अब अरूका चलचित्र नलेख्ने निर्णय गर्नुभयो ?**

मैले त्यसो भनेको छैन । केही समय लेख्दिनँ । 'नसिब आफ्नो'को प्रदर्शनका लागि धाइरहेको छु। यो बेला चलचित्र लेख्न भ्याइरहेको छैन ।

**शिव रेग्मी, रवि अर्याल आदिपछि तपाई पनि निर्देशनमै लाग्नुभयो । नेपाली चलचित्रका लेखकहरू अलिक नाम चल्न थालेपछि निर्देशक बन्नै पर्ने हो ?**

यसलाई यसरी पनि त बुझ्न सक्नुहुन्छ– निर्देशक बन्ने प्रयत्न गर्दागर्दै लेखक बनेको र मौका मिल्यो अनि निर्देशक भइयो । अरूका बारेमा म बोल्दिनँ, मेरा बारेमा सोध्नुभएको हो भने म चलचित्रको आधार सिर्जना गर्छु । अरूले निर्देशन गर्दा मेरो सिर्जनाले अभिव्यक्त गर्न खोजेका सबै कुरा नअटाएजस्तो लाग्छ । आफैंले निर्देशन गर्दा सिर्जना गरेको कुरालाई स्पष्ट ढंगबाट चित्रण गर्न पाइन्छ ।

**यहाँका लेखकहरू सिर्जना गर्नेभन्दा पनि हिन्दी तथा अन्य विदेशी चलचित्रबाट हुबहु उतार्छन् नि त ?**

हुबहु उतार्ने काम मबाट भएको छैन । जहाँसम्म हिन्दी चलचित्रको कुरा छ, त्यहाँको सामाजिक परिवेश र हाम्रो परिवेश उस्तै छ । त्यसैले व्यावसायिक धारका चलचित्र बनाउँदा यदाकदा मिल्न जान्छ । त्यसलाई हुबहु नक्कल गरेको भन्दा पनि प्रभावित भएको भन्न सक्नुहुन्छ ।

**तपाईंले आफ्नो निर्देशनमा बनेको पहिलो चलचित्रलाई किन फरक धारमा बनाउन सक्नुभएन ?**

'नसिब आफ्नो'मा व्यावसायिक धारका चलचित्रहरूमा हुने मरमसला छ । चलचित्रमा व्यावसायिक धारका चलचित्र खेलेर चर्चामा आएका विराज भट्ट, रेखा थापाहरूका अतिरिक्त नयाँ आएका जीवन लुइँटेल पनि छन् । यो चलचित्रको प्रस्तुति यथार्थसँग धेरै नजिक छ । फेरि चलचित्र चलाउनु पनि त पऱ्यो । निर्माताले मेरो सिर्जना देखाउनका लागि मात्र लाखौंको लगानी डुबाउन चाहँदैनन् ।

**नयाँ चलचित्र कहिले लेख्नुहुन्छ ?**

'नसिब आफ्नो' प्रदर्शन भएपछि चलचित्र 'नाइँ नभन्नु ल'को निर्माणमा हात हाल्छु । त्यसपछि निर्देशनका लागि प्रस्ताव आएका अरू चलचित्रको काम थाल्छु । फुर्सद भएका बेला चलचित्र लेख्न बस्छु ।



# अब हेर्नै गीतको पालो

**शिव शर्मा**

पोखरा- टेलिभिजन च्यानलहरूमा आउने भिज्युअलसहितको गीत सुन्न पाउँदा नदीपुर पोखराकी कमला पुन दंग पर्छिन् । उनलाई हेरर गीत सुन्दाको जस्तो मिठास अरू केही लाग्दैन । पोखराको मोडलिङमा चम्किएकी कमलाले साप्ताहिकसँग भनिन्- 'पप-आधुनिक गीतहरूको म्युजिक भिडियो हेर्दा समय कटेको पत्तै हुँदैन ।' हो त, अहिले कुनै पनि गायक-गायिकाले एल्बम बजारमा ल्याएपछि म्युजिक भिडियो बनाएनन् भने गीतले लोकप्रियता पाउन लामो समय पर्खनुपर्ने हुन्छ । तर म्युजिक भिडियो बनेपछि छिट्टै लोकप्रियता मिल्ने गरेको छ ।

कुनै समय थियो, म्युजिक भिडियो भन्ने कुरा कमैलाई मात्र जानकारी थियो, तर अहिले परिस्थिति फेरिएको छ । अहिले म्युजिक भिडियोविना कुनै पनि गीतले लोकप्रियता नपाउने अवस्था सृजना भएको छ । दर्शक तथा श्रोताको चाहना पनि हेरेर गीत सुन्नेतर्फ छ । यसको सहज माध्यम भने म्युजिक भिडियो बनेको छ । राजधानीसँगै पोखरामा पनि म्युजिक भिडियो निर्माणको लहर चलेको छ । पोखरामा म्युजिक भिडियो बनाउने काममा यादव भोछिओवा, घनश्याम लामिछाने, सोभित बस्याल, केश गुरुङ, भैरव फिल्म्स, जीवन रसाइली, मिलन के.सी, विराज बीपी, जगत गुरुङ आदि सक्रिय छन् । म्युजिक भिडियोको बढ्दो क्रेजसँगै मोडलिङमा लाग्नेहरूको पनि दिन फिरेको छ । म्युजिक भिडियोका लागि नै भनेर मोडलहरूको माग पनि उस्तै बढेको छ । चर्चा बटुल्ने र पारिश्रमिक पनि पाइने भएकाले धेरै युवायुवतीलाई म्युजिक भिडियोले तानेको छ । छानेर मात्र म्युजिक भिडियो खेल्ने चर्चित मोडल बबिना भन्दै थिइन्- मोडलको उत्कृष्ट प्रस्तुतिका कारण पनि म्युजिक भिडियो हिट हुने गरेको छ ।

आकाशे च्यानलको विकास एवं विस्तारसँगै धमाधम म्युजिक भिडियोहरू बन्न थालेका छन् । पोखराका कान्छा म्युजिक भिडियो निर्देशक २१ वर्षीय सोभित बस्याल उदियमान गायक हुन् । उनको 'जति टाढा भए पनि' गीत म्युजिक भिडियोकै कारण चर्चित बन्यो । करिब एक दर्जन म्युजिक भिडियो निर्माण गरिसकेका बस्याल भन्छन्- 'म्युजिक भिडियोविना कहाँ गीत चल्नु नि ?' सुनेर मात्र गीतको आनन्द लिनेहरूको जमात नभएका होइन, तर त्यो संख्या अहिले अत्यन्त न्यून छ । ग्ल्यामरको छनक दिने आकर्षक दृश्य समेटेर तयार पारिएका गीतहरू सुनेर रोमाञ्चित नहुनेहरू भने विरलै




छन् । म्युजिक भिडियो डाइरेक्टर तथा आरजे विमल दाहाल भन्छन्- 'अहिले हेरेर सुन्ने गीतको ट्रेन्ड छ ।' बजारमा एल्बम आइपुगेको हुँदैन, गीतको म्युजिक भिडियो बनिसकेको छ । एल्बम ननिस्कँदै म्युजिक भिडियोकै कारण गीतले चर्चा पाइसकेको हुन्छ । उता गायक धर्मेन्द्र सेवानको मत भने अलि भिन्दै छ । धर्मेन्द्र भन्छन्- विना म्युजिक भिडियो पनि गीत चल्छन्, नचल्ने होइनन्, गाउँका श्रोताले सुनेर नै गीतको आनन्द लिने गरेका छन् । म्युजिक भिडियोको लोकप्रियतालाई भने उनले नकार्न चाहेनन् । म्युजिक भिडियाकै कारण उनको 'अँधेरी रातसँगै' गीतिएल्बम बजारमा नआउँदै हिट भएको थियो ।

लोकगीतको तुलनामा आधुनिक तथा पपगीतहरूको म्युजिक भिडियो अलि बढी नै बन्ने गरेका छन् । देशकै सबैभन्दा धेरै पप ब्यान्ड भएको सहर पोखरामा म्युजिक भिडियो निर्माणको क्रम सात वर्षअघि प्रारम्भ भएको हो । पहिलो पटक यम बरालको 'एकान्त रात' गीतको म्युजिक भिडियो निर्माण भएको हो । जसको निर्देशन गरेका थिए तन्नेरी निर्देशक जसवन्तदेव श्रेष्ठले । उनी नै पोखरामा म्युजिक भिडियोका थालनीकर्ता मानिन्छन् । उनले ५० भन्दा बढी म्युजिक भिडियो निर्देशन गरिसकेका छन् । सामान्यतः २५ हजारदेखि २ लाखसम्ममा म्युजिक भिडियो निर्माण हुने गरेका छन् ।

खर्चकै कारण रहर भए पनि म्युजिक भिडियोमा हात हाल्न हम्मे-हम्मे पर्छ भने सबै म्युजिक भिडियोका गीत हिट पनि छैनन् । क्यामेराको स्तरीयता एवं गीत-संगीतको तालमेल पनि उत्तिकै आवश्यक छ । केवल म्युजिक भिडियोका लागि मात्र म्युजिक भिडियो बनाउनु भएन, थुप्रै म्युजिक भिडियोका छायांकन गरिसकेका श्रीकान्त सिग्देल भन्दै थिए- 'गुणस्तरीयतालाई पनि ख्याल गर्नैपर्छ ।' श्रोता तथा दर्शकले हेरेर गीतको आनन्द लिन थालेपछि गायक-



गायिकाहरू गुणस्तरीय म्युजिक भिडियो निर्माणमा लागिपरेका छन् । उनीहरू चर्चाकै लागि लाखौं खर्च गरेर म्युजिक भिडियो बनाउन चुक्दैनन् । गायक विनोद बानियाँ भन्छन्- 'अहिले हेर्ने-सुन्ने गीतको आकर्षण ह्वात्तै बढेको छ ।'













# आदिवासी चलचित्र महोत्सवको रौनक

**शिव शर्मा**

पोखरा– आदिवासी जनजातिहरूको आ-आफ्नै संस्कृतिले पोखरा सभागृह दुई दिनसम्म रंगियो। नेपाली आदिवासी जनजातिहरूको संस्कृतिलाई एकै थलोमा हेर्न पाउँदा सबै खुसी भए। राई लिम्बू, राजवंशी, मैथली, थारु, मगर आदि जनजातिको फरक-फरक संस्कृतिको प्रस्तुतिले वातावरण संगीतमय बन्यो। यो अवसर जुटाएको थियो अन्तर्राष्ट्रिय आदिवासी जनजाति चलचित्र महोत्सवले। महोत्सवमा भाषाभाषीका निर्माता निर्देशक, नायक-नायिकादेखि कलाकारहरूको पनि जमघट देखिन्थ्यो। महोत्सवमा घाटु, सोरठी, साकेला आदि सांस्कृतिक झाँकी एवं नृत्यले रंग थप्यो। स्थानीय गुरुङ चलचित्रकर्मीहरूको सामूहिक नृत्यले चिसिएको वातावरणलाई तातो बनाएको थियो।

नृत्यमा गुरुङ चलचित्रका नायिकाहरूको उत्साहप्रद सहभागिता देखिन्थ्यो। महोत्सव स्थलमा विविध प्रकारका स्टल पनि समावेश गरिएका थिए। आदिवासी जनजातिका विभिन्न परिकारका स्टल हरेकको आकर्षण बने। पाहुनाहरूलाई कार्यक्रममा जनजातिका परिकारहरू पनि चखाइएको थियो।

महोत्सवमा देशभरका जनजाति चलचित्रकर्मीहरूको जमघट थियो। पोखरा सभागृह र पोखरा पर्यटन परिषद्को कार्यालयमा भैरहेको महोत्सवमा गुरुङ भाषाको चलचित्र ङै जिन्दगी, न्होसै म्हि, मगर भाषाको चिन्डियाक, तामाङ भाषाको दुंगाल, थारू भाषाको हमार जिन्दगी, राजवंशी भाषाको देवसरी, नेवारी भाषाको भिन्तुना, लिम्बू भाषाको चेसुङ, आदिबासी विषयवस्तुको अगानागरिकका साथै दर्जनौं विदेशी चलचित्र तथा डकुमेन्ट्री प्रदर्शन गरिए। महोत्सवमा आइफाका प्रशिक्षार्थीहरूले बनाएका १० वटा छोटा चलचित्र, आदवासी जनजातिको मातृभाषामा बनेका ९ वटा र ७ वटा विदेशी चलचित्र प्रदर्शन भएका थिए।

प्रदर्शित चलचित्रमध्ये अनागरिक उत्कृष्ट चलचित्र घोषित भयो भने नेवारी चलचित्र भिन्तुनाले क्रिटिक्स एवार्ड र लिम्बू संस्कृतिको चेसुङले जुरी एवार्ड प्राप्त गऱ्यो। दर्शक छनौटको पुरस्कार चिन्डियाकले प्राप्त गऱ्यो।



# पहिलो पटक भेडेटार महोत्सव

धनकुटा– मंसिर २० गतेदेखि पहिलो पटक भेडेटार महोत्सव हुने भएको छ। धनकुटाको दक्षिण तथा धरानको उत्तरी सिमानास्थित चार्ल्स प्वाइन्टसहितको मनोरम डाँडा भेडेटारमा प्रत्येक वर्ष यसै समयमा पर्यटकहरूको घुइँचो लाग्ने भएकाले यही समयमा भेडेटार महोसत्व गर्न लागिएको हो। भेडेटारको प्राकृतिक गहना पर्यटक भित्र्याउने चाहना भन्ने मुख्य नाराका साथ मंसिर २० देखि २४ गतेसम्म चार दिन भेडेटार महोत्सव गर्ने उद्घोषका साथ भेडेटारवासी क्रियाशील भैसकेको महोत्सव आयोजक समितिका संयोजक कुलबहादुर लिम्बूले बताए।

भेडेटारलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अझ बढी चिनाउँदै पर्यटक भित्र्याउने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको महोत्सव आयोजक समितिका सदस्य एवं प्राकृतिक वातावरण स्रोत तथा पर्यटन संस्थाका सचिव नरबहादुर चेम्जोङले बताए। भेडेटारको प्रमुख आकर्षणका रूपमा रहेको चार्ल्स प्वाइन्टमा नेपाल पर्यटन विकास बोर्ड, जिल्ला विकास समिति धनकुटा तथा भेडेटार गाविसले ९ लाख रुपैयाँभन्दा बढी खर्च गरेर डाँडा चढ्ने सिंढी र दृश्यावलोकनका लागि भ्यू टावर निर्माण गरेपछि त्यहाँ घुम्न आउनेहरूलाई टाढा-टाढाका दृश्य अवलोकन गर्न सजिलो भएको छ।

**– विजय सन्तोषी राई**

● पहिलो विश्व ●

## कीर्तिमानी चुम्बन

बेलायतबाट प्रकाशित हुने सन् पत्रिकाको पेज थ्रीमा निर्वस्त्र फोटोसेसन गर्ने मोडलले हालै सर्वाधिक कम समयमा सर्वाधिक बढी व्यक्तिसँग चुम्बन गरेर नयाँ कीर्तिमान कायम गरेकी छिन्। गत साउन महिनामा जर्मन टेलिभिजनकी एक कार्यक्रम प्रस्तोताले एक मिनेटमा ३६ जना पुरुषसँग चुम्बन गरेर उक्त कीर्तिमानमा आफ्नो नाम लेखाएकी थिइन्, तर उनको कीर्तिमान बेलायती मोडेल रुथ रेनोल्डले ४ महिनामै भंग गरिन्। सन् पत्रिकाले आयोजना गरेको उक्त कार्यक्रममा रुथले ३० सेकेन्डमा ४२ जना पुरुषको ओठमा चुम्बन गरेकी थिइन्। उनको नाममा कीर्तिमान कायम गर्न सन् पत्रिकाले ४२ जना स्वयंसेवकलाई लामबद्ध गरेर राखेको थियो। उनले आफूले जीवनमा यति धेरै पुरुषलाई चुम्बन नगरेको बताइन्। उक्त कीर्तिमान कार्यक्रममा स्वयंसेवकका रूपमा लामबद्ध सूचना प्रविधिका एक कर्मचारीले किस खाँदै कीर्तिमान कायम गर्न सहयोग गर्दा आनन्द आएको बताए।







## शान्ति फेसन

क्यालिफोर्नियाको हलिउडमा आयोजित 'बुलेट फर पिस' फेसन शोमा आफ्नो शरीरमा विभिन्न आकृति बनाएर ऱ्याम्पमा हिँडिरहेका मोडलहरू। उनीहरूले निर्वस्त्र शरीरमा शान्ति झल्कने आकृतिहरू कोरेर प्रदर्शन गरेका थिए। *तस्विरः जेवेल समाद/एएफपी*

## पैसाका लागि यौन



नेदरल्यान्डका युवाहरूमा यौनलाई विश्लेषण गर्ने सोचमा नकारात्मक भावनाको विकास भएको छ। अहिले नेदरल्यान्डका युवाहरूले यौनलाई पेसाका रूपमा अँगाल्न थालेपछि त्यहाँको परिवार मन्त्रालयले युवापुस्तालाई लक्षित गरेर टेलिभिजनबाट विभिन्न चेतनामूलक कार्यक्रम प्रसारण गर्न थालेको छ।

त्यहाँको परिवार मन्त्रालयका मन्त्री एन्ड्रे रोभेटले एक पत्रिकामार्फत युवापुस्ताको यौनव्यवहारमा आएको परिवर्तनका सन्दर्भमा भने- 'अहिले डच युवाहरूमा युवतीलाई बस्तुका रूपमा हेरेर पैसालाई यौनका रूपमा हेर्ने सोच बढेको छ। मन्त्रालयले १२ वर्षदेखि १६ वर्षका युवतीलाई लिएर हालै 'सेक्स सेल' शीर्षकको वृत्तचित्र निर्माण गरेको छ। यो वृत्तचित्रमा यौनसम्पर्कका बारेमा उनीहरूले बुझेका कुरालाई प्रस्तुत गरिएको छ, जसमा सहभागी युवतीहरूले आफूले ९ वर्षको उमेर हुँदा कुमारित्व गुमाएको चर्चा गरेका छन्, तर हालै नेदरल्यान्डमा गरिएको एक सर्वेक्षणअनुसार त्यहाँ औसत १३ वर्षको उमेरमा युवतीले आफ्नो कुमारित्व गुमाउने गरेका छन्। यसरी कलिलो उमेरमा कुमारित्व गुमाउनुको कारणको खोजी गर्दा अधिकांश युवतीले चकलेट, चुरोट तथा कपडा पाइने लोभमा पहिलो सहवास गरेको बताएका थिए।

**अन्त्यमा ... :** मानिसलाई विभिन्न किसिमको रोग लाग्छ, तर यहाँ चर्चा गर्न लागिएको रोग भने कमैले सुनेका छन् र चिकित्सकहरूले पनि सम्भवतः यसको औषधी उत्पादन गर्न सकेका छैनन्। बेलायतको एसेक्समा बिक्री कर्मचारीका रूपमा कार्यरत टेरी हन्टरलाई कस्तो किसिमको रोग लागेको छ भने उनलाई अत्यधिक मात्रामा यौनसम्पर्क गर्न मन लाग्छ। उनी मौका मिले एक दिनमा एक दर्जन पुरुषसँग पनि आनन्द लिँदै यौनसम्पर्क राख्न सक्छिन्। आफूमा अत्यधिक यौनचाहना भएका कारण उनले अहिलेसम्म १ हजारभन्दा बढी पुरुषसँग यौनसम्पर्क राखिसकेकी छिन्। टेरी भन्छिन्– '१७ वर्षको उमेरमा पहिलो पटक आफ्नो कुमारित्व गुमाएपछि ममा यौनचाहना अत्यधिक बढेको हो। यसलाई नियन्त्रण गर्ने जति प्रयास गरे पनि मैले यसमा सफलता पाएको छैन। म यौनकर्मी पनि होइन, त्यसैले कुनै रात एक्लै सुत्नुपरेको खण्डमा मैले सेक्स टोयको सहारा लिनुपर्ने हुन्छ।'



## ● सानो पर्दा ●

● नेपाल टेलिभिजन-२ ले नेपाली चलचित्रसम्बन्धी नयाँ कार्यक्रम प्रसारण गर्न थालेको छ। चलचित्रसम्बन्धी सम्पूर्ण जानकारी दिने उद्देश्यले तयार पारिएको उक्त कार्यक्रमको शीर्षक 'सिने म्याक्स' राखिएको छ। आधा घण्टा लामो यो कार्यक्रम शनिबार साँझ ४:३० बजे प्रसारण हुन्छ। यो कार्यक्रमको निर्माण कुमार आचार्यले गरेका हुन्।

● इमेज च्यानलबाट अनुसन्धानमूलक विषयमा आधारित नयाँ कार्यक्रमको प्रसारण प्रारम्भ भएको छ। 'भण्डाफोर डट कम' शीर्षक राखिएको यो कार्यक्रम प्रत्येक शुक्रबार राति ९:३० बजे प्रसारण हुन्छ। कार्यक्रममा समाजमा घट्ने हरेक प्रकारका आपराधिक घटनाको भण्डाफोर गरिने कार्यक्रमका निर्माताले जनाएका छन्।

● इमेज च्यानलकी लोकप्रिय कार्यक्रम सञ्चालिका महिमा भट्टराई समाचारवाचिकाका रूपमा समेत दर्शकमाझ आउन थालेकी छिन्। कात्तिकको पहिलो सातादेखि उनलाई दर्शकले इमेज समाचारको अंग्रेजी बुलेटिनमा समाचारवाचिकाका रूपमा हेर्न पाएका हुन्।

● गायक, नायक तथा विमानचालक विजय लामा पनि भिडियो जक्की बनेका छन्। इमेज च्यानलबाट प्रसारण हुने कार्यक्रम 'ब्ल्याक एन्ड ह्वाइट' मार्फत उनी भिजे बनेका हुन्। बुधबार राति ८:३० बजे प्रसारण हुने यो कार्यक्रममा सञ्चालक लामाले प्रत्येक साता एक-एक जना सेलिब्रिटीसँग रमाइलो वार्तालाप गर्छन्।

● लामो समयदेखि नेपाल टेलिभिजनमा कार्यरत लय संग्रौला केही समयअघिदेखि उक्त च्यानलबाट अलग भएका छन्। पछिल्लो समय नायब महाप्रबन्धकका रूपमा कार्यरत संग्रौलाले यो अवधिमा दर्जनौं टेलिश्रृंखला निर्माण गरेका थिए।

● कान्तिपुर टेलिभिजनका समाचारवाचक रूपेश श्रेष्ठ मोडल बनेका छन्। हाल विभिन्न टेलिभिजन च्यानलबाट प्रसारण भैरहेको एउटा वृत्तीय संस्थाको विज्ञापनमा उनले नायिका रेजिना उप्रेतीसँग अभिनय गरेका छन्। समाचारवाचकका रूपमा लोकप्रिय भएका रूपेशले विज्ञापनबाट पनि सकारात्मक प्रतिक्रिया पाइरहेको बताएका छन्।

● कलाकार कृष्ण शिवाकोटी मोटरसाइकल दुर्घटनामा परी घाइते भएका छन्। दीपकराज गिरीको 'तीतो-सत्य' मा प्रहरी अधिकृतको भूमिका निर्वाह गर्ने कलाकार शिवाकोटीको अहिले बी एन्ड बी अस्पतालमा उपचार भैरहेको छ। उनी वास्तविक जीवनमा पनि प्रहरी अधिकृत नै हुन्।

● एबीसी टेलिभिजन च्यानलले दुई भिन्न विषयमा नयाँ कार्यक्रम प्रसारण गर्न थालेको छ। प्रत्येक सोमबार राति ९:३० बजे प्रसारण हुने 'स्वास्थ्य सरोकार' कार्यक्रममा स्वास्थ्यसम्बन्धी गतिविधि तथा जानकारीहरू प्रस्तुत गरिन्छ। त्यसैगरी प्रत्येक दिन साँझ ६ बजे प्रत्यक्ष प्रसारण हुने कार्यक्रम 'जनता



जिन्दावाद' समयसामयिक विषयवस्तुमा आधारित कार्यक्रम हो। यो कार्यक्रममा जनचासोका विषयमा परिचर्चा गरिन्छ।

## ● तालुमा आलु ●



**प्रकाश ओझा**

एउटी लेडी डाक्टर शिशु जन्माउन भर्ती भएका महिलाहरूको वार्डमा राउन्ड लगाउँदै थिई, पहिलो बेडमा सुतिरहेकी महिलालाई उसले सोधी- 'शिशु हुने डेट कहिले हो ?'

'असार ११ गते,' महिलाले उत्तर दिई ।

त्यही प्रश्न उसले अर्की महिलासँग सोधी ।

'असार ११,' त्यही उत्तर आयो ।

पाँच-छ जना अन्य महिलालाई प्रश्न गर्दा पनि उही उत्तर आयो ।

'अचम्म छ, कस्तो अचम्मको संयोग सबैको शिशु असार ११ मा जन्मने रहेछन् ।' सबैलाई सोद्धै गई तर उत्तर त्यही ....र अन्त्यमा १६ औं बेडमा पुगेपछि त्यही प्रश्न महिलालाई सोधी- उत्तर आयो असार १५ ।

'यो त झन् अचम्म भयो, १६ महिलामध्ये १५ जनाको असार ११, तिम्रो मात्रै असार १५ ?'

'यसमा अचम्मको के कुरा छ र ? जुन पिकनिक यी १५ जना महिला गएका थिए, म गएकी थिइनँ ।

०००

कान छेड्ने पसलमा लेखिएको थियो :

'यहाँ राम्रोसँग कान छेडिन्छ । दुई कान छेड्दा एउटा कान फ्रिमा ।'

०००

एउटी महिला फाइभस्टार होटलमा बसिन् । बसेको दस मिनेटपछि रिसाउँदै म्यानेजरलाई फोन गरिन्- 'कस्तो घटिया कोठा दिएको तपाईंले ?'

'के भयो म्याडम ?'

'पल्लोपट्टिको कोठामा मानिस नाङ्गै घुमिरहेको छ ।'

म्यानेजर तुरुन्त माथि आयो, यताउता दायाँ-बायाँ सबैतिर घुम्यो, केही देखेन र भन्यो- 'खै म्याडम, मैले त कोही पनि देखिनँ ।'

'यसरी कहाँ देखिन्छ, यो टेबलमाथि स्टुल राख्नुस् अनि चढेर पल्लोपट्टि हेर्नुस त ।'

०००

जमुना दाइ राति ट्याक्सी चढेर साथीको घर जाँदै थिए । साथीको घर पुग्ने बेलामा पर्स घरमै छुटेको कुरा थाहा पाए । उनले ट्याक्सी रोक्न लगाए र बाहिर निस्केर भने- 'तपाईंको ट्याक्सीको सिटमुनी मेरो एक हजारको नोट खसेको छ, म पान दोकानबाट सलाई लिएर आउँछु, बस्दै गर्नु है भाइ ।'

ड्राइभरले हुन्छ भन्यो

तर जमुना दाइ पान दोकान पनि पुग्न पाएका थिएनन्, ट्याक्सी भागिसकेको थियो ।

०००

'कृपया यस पटकको चुनावमा भोट मलाई दिनुहोला ।' नेताले गाउँमा एक व्यक्तिसँग भोट माग्यो ।

'तर मैले अर्कै नेतालाई भोट दिन्छु भनेर वचन दिइसकें,' गाउँलेले भन्यो ।

'हे यस्तो चुनावको बेला केको वचन ? वचन दियो भन्दैमा भोट दिनैपर्छ र ?'


'ए हो र ? त्यसो भए भोट तपाईंलाई नै दिउँला ।'

### मेरो कुरो

ठिस कुमार भनेको त्यस्तो व्यक्ति हो जसले तपाईंलाई पहिले आधा चुट्किला सुनाउँछ, बीचमा रोकिन्छ, केहीबेर आफैं उफ्री-उफ्री हाँस्छ अनि बाँकी आधा चुट्किला बिर्सन्छ ।

## ● कविता ●

## चार मुक्तक



**एक**

जानाजान मुटु रेटी के भो भनी किन सोध्छन्
मानवता सबै मेटी के भो भनी किन सोध्छन्
कपट गरी तन-मन धुजाधुजा पारेपछि
दोबाटोमा फेरि भेटी के भो भनी किन सोध्छन् ?

**दुई**

रात बित्यो रातको एक तारो बाँकी छ
शासन पो ढल्यो यसको कमारो बाँकी छ
सियो बनी पसेर फाली बन्न के बेर,
छिनमै रङ्ग बदल्ने छेपारो बाँकी छ ।

**तीन**

सडकमा कर्म खोज्नेलाई खाना खोइ ?
एकै धरो भा'नि लाज ढाक्ने नाना खोइ ?
तन्ना फेरिन्छ रे जीवनशैलीसँगै
तिनका जीवनमा सुखका पाना खोइ ?

**चार**

नयाँ नेपाल कसले बुन्छ ?
रामको राज्य कहिले हुन्छ ?
मत अझै नि बाझेकै छ,
मनले मन कहिले छुन्छ ?

–सरिता शशि दाहाल

## मरिगयो नभन्नु है

विदेशिए विवशताले, मरिगयो नभन्नु है
जँघार तर्दा भूमरीमा, परिगयो नभन्नु है
धेरै हैन केही वर्ष, टाढा भएँ तिमीदेखि
नफर्कन सात समुन्द्र, तरिगयो नभन्नु है
फोन गर्छु चिठ्ठी लेख्छु, पठाउँला फोटो पनि
फुल्न खोज्दा हृदयमा, झरिगयो नभन्नु है
माया तिम्रो कति होला, थाहा छैन मलाई पनि
थोरै थियो माया उनको, छरिगयो नभन्नु है ।

–भूमिराज इच्छुक

## नाउ छैन

तिमी गयौ पारिपट्टि तर्ने कुनै नाउ छैन
नदी साह्रै गहिरो छ टेक्ने कुनै ठाउँ छैन
चिप्ली गयौ सरितामा किनारमा पछारिए
हृदयमा चोट लाग्यो शरीरमा घाउ छैन
जोडी नयन व्यस्त भए तेज बग्ने भूगालोझैं
घिसिरहे बालुवामा दर्दको त भाउ छैन
गोधूलिको सन्नाटामा धार गाना गाउन थाल्यो
बगर छेउको रुवाइलाई सुनिदिने गाउँ छैन
आँसुका ती पत्थरले बाँध छेकी जगत डुबाई
सन्तुष्टिको महलमा रमाउने दाउ छैन
तिमी गयौ पारिपट्टि तर्ने कुनै नाउ छैन
नदी साह्रै गहिरो छ टेक्ने कुनै ठाउँ छैन ।

– पुष्प लामा

## तिमीसँग के छ ?



तिमीसँग के छ कुन्नि
आफैतिर तानिरहयौ
जाँदै थिएँ कतै टाढा
कसो-कसो बाँधिरहयौ
थिए आफ्ना धेरै कुरा
सबै कता हराइदियौ
बेचैनीले सताइरहयौ
भन न तिम्ले के गराइदियौ ?
शान्त थियो तलाउ त्यो
किन ढुङ्गा फालिदियौ
नसुनेरै गुन्जिरहने
भन कस्तो ताली दियौ ?

–विद्या सापकोटा

## अनयासै घात गर्दा

यादहरू बल्झिदिन्छन्, निष्पट्ट मध्यरातमा अचेल
अतीतको घाउ चर्किदिन्छ, जलिरहन्छ आत्मा अचेल
मनको मान्छे भनाउँदाले अनायासै घात गर्दा
वशमा छैन मन मेरो के के भन्छु बातमा अचेल
मुटुमा चोट पारिदिइन् विश्वासहरू कुल्ची गइन्
घृणा लाग्छ अनायासै मायाको यो जातमा अचेल
घात गरिन् निष्ठुरी भई त्यसमाथि पनि दैव
संसार सबै बिरानो भो, के गऱ्यौ परमात्मा अचेल
म त अब मरेसरी तिम्रो जीवन फलोस् फुलोस्
यही कामना गर्छ जितु हर प्रभातमा अचेल ।

– जितु रोका



## ● लघु कथा ●

## अब म स्कुल जान्नँ

बाबा, हामीलाई किन यति धेरै हेला गरिन्छ ? के हामीले छोएको खाए बाहुनहरू मर्छन् ? नभए किन यति धेरै भेदभाव गरिन्छ त ? म अस्ति घर फर्कंदा बिरामी परेकाले रोहितको घरमा शरण पर्न गएको थिएँ । त्यहाँ मलाई बाहिर पिंढीमा मात्र सीमित राखियो । हामीले उनीहरूको घरभित्र पस्नसम्म नहुने रे । त्यति मात्र कहाँ हो र आमा, मैले छोएको पानीसम्म पनि मेरो साथी रोहितले खान नहुने रे । आमा, के हामी उनीहरूको घरमा पस्यौं भने उनीहरूको घर भत्कन्छ हो ? अनि हामीले छोएको पानी खाए भने बाहुनहरू मर्छन् हो ? यस्तो नहुने भए किन यस्तो भेदभाव गर्छन् हामीलाई ?

स्कुलमा पनि मेरा साथीहरू मसँग बस्न त्यति रुचाउँदैनन् । हिजो मात्र सुजिताले मकै खाइरहेको बेला म उनको छेउमा बसेको उनले मलाई तथानाम गाली गर्दै सबै मकै फालिदिइन् । किन बाबा यस्तो भेदभाव ? हामी दलित अरे, दलित भनेको के हो ? के फरक छ रोहित, सुजिता र ममा ? हामीसबैको रगत रातो नै हुन्छ, होइन र ? फेरि किन यो भेदभाव मानिस-मानिसबीच । मेरा साथीहरूको यो व्यवहारले गर्दा मलाई ज्यादै नरमाइलो लागिरहेको छ । त्यसैले बाबा-आमा, अब म स्कुल जान्नँ ।

–बद्री शिवाकोटी

# बढ्दैछन् महिला गाइड

नेपालको सुन्दरता हेर्न आउने विदेशी पर्यटक मात्र होइन, पोखरा हेर्न र घुम्न चाहने नेपालीहरूको पनि घुइँचो लागेको छ, यतिखेर पोखरामा । नयाँ ठाउँ घुम्न जाँदा पथप्रदर्शक (गाइड) त पक्कै चाहिन्छ । पोखरामा अहिले ६० भन्दा बढी महिलाहरू नियमित रूपमा यस काममा संलग्न छन् । ट्रेकिङ गाइडमा महिलाको राम्रो कामकै कारण हुनुपर्छ, पछिल्ला दिनमा पर्यटकले पनि पुरुषको तुलनामा महिला गाइडलाई नै बढी रुचाउन थालेका छन् । त्यही काम सम्हालेकी गाइड बिना थापा भन्छिन्- 'हाम्रो काम र मेहनतले महिला बढी इमान्दार हुन्छन् भन्ने छाप पर्यटकमा परेको छ, त्यसैले महिला गाइडको माग बढेको हो ।'

बिना यसअघि कहिल्यै घरभन्दा टाढा घुम्न निस्किएकी थिइनन्, उनी घुम्न थालेको गाइडको तालिमदेखि नै हो । अहिले घरबाट टाढा-टाढासम्म ट्रेकिङ जानु र गाइड गर्नु उनको दैनिकीजस्तै भैसकेको छ । बिना भन्छिन्- 'घुम्न पनि पाइन्छ, पैसा पनि राम्रै छ ।' गाइड बन्न खासै शैक्षिक योग्यता पनि चाहिँदैन, साधारण अङ्ग्रेजी बोल्न र सामान्य लेखपढ गर्न जाने पुग्छ । त्यसैले गाइडमा महिलाको आकर्षण बढ्नु स्वाभाविक हो तर पोखरामा उच्च शिक्षा हासिल गरेका महिलाले पनि यो पेसा अँगालेका छन् । पृथ्वीनारायण क्याम्पसमा स्नातकोत्तर तह अध्ययनरत तमुना पुन त्यसकै उदाहरण हुन् । फुर्सदको सदुपयोग र कमाइ पनि राम्रै हुने भएकाले यो पेसा थालेको उनको भनाइ छ । पुन भन्छिन्– 'पढेलेखेको मानिस किन गाइड बनेको भनेर धेरैले जिस्क्याउँछन्, तर मैले त्यसलाई पचाइसकें, गरेपछि कुनै काम ठूलो र सानो हुँदैन ।'

स्याङ्जाकी विष्णु मल्लमा ट्रेकिङ गाइड बन्ने मन भए पनि शारीरिक परिश्रम बढी गर्नुपर्ला भन्ने पीर थियो । समाजशास्त्रमा स्नातक तह अध्ययनरत मल्ल अहिले गाइड गर्दाको थकान रमाइलोले मेटाउने गरेको अनुभव सुनाउँछिन् । 'सुरुका दिनमा त बाटो नचिनिने, बोल्न नजानेर पर्यटक रिसाउलान् कि भन्ने लाग्थ्यो तर काम गर्दै गएपछि आत्मविश्वास बढ्दै जाँदो रहेछ ।'

अरू पेसाजस्तै यो पेसा पनि चुनौतीपूर्ण रहेको महिला गाइडहरूको अनुभव छ । कम्तीमा तीन दिनदेखि एक महिनासम्मको पदयात्रा गर्नुपर्छ । त्यसैले धेरैले महिला गाइड पनि हिंड्न सक्लान् र भनेर अहिले पनि विश्वास गर्दैनन् तर विदेशी पर्यटकको छनौट भने महिला गाइड नै हुने गरेका छन् । नेपालीले महिलालाई विश्वास नगर्ने तर विदेशीले चाहिँ किन गर्छन् ?

तमुना भन्छिन्– 'शरीर स्वस्थ छ भने महिलाले पुरुषसरह काम गर्न नसक्ने भन्ने हुँदैन, फेरि धेरै गाइड त गाउँका र सङ्घर्षपूर्ण काम गर्ने स्वभावका छन् । काममा इमान्दार पनि भएकाले पर्यटकको पहिलो छनौटमा महिला नै पर्छन् ।' 'पदयात्रामा निस्कनुपर्दा खानेबस्ने समस्या पनि पर्छ, महिला भएकाले समस्या अझ बढी हुन्छ । पदयात्रीको चाप बढी भएर होटल नपाउँदा टेन्ट हाल्नुपर्ने हुन्छ, कहिले टेन्ट हाल्ने ठाउँ पनि पाइँदैन,' म्याग्दीकी चलु विश्वकर्मा भन्छिन्– 'यस्ता अप्ठ्यारा थुप्रै छन् तर भोग्दै गयो भने विस्तारै समस्या समाधान हुँदै जान्छन् ।'



पदयात्रामा गाइड बनेर जाने महिलाको शारीरिक शोषण हुने गरेको चर्चा पनि चल्ने गर्छ । त्यसैले पनि परिवारले छोराबुहारी गाइड भएको रुचाउँदैनन् तर महिला गाइड स्वयम् भने यसलाई स्वीकार गर्दैनन् । 'महिला आफू सक्षम र आत्मनिर्भर छन् भने शोषित हुने कुरै आउँदैन, त्यो आफूमा भर पर्छ,' चलु विक आफ्नो अनुभव सुनाउँछिन्– 'म कैयौं पटक पदयात्रामा पुगेर आइसकें, कहिल्यै त्यस्तो अनुभव भएन ।'

पुरुषको मात्र एकलौटी पेसा भनेर चिनिएको ट्रेकिङ गाइडमा महिलाले हात हालेको धेरै भएको छैन । एघार वर्षअघि तीन दिदीबहिनीले पहिलो पटक महिला गाइड बन्ने जोखिम मोलेका थिए तर त्यसले व्यावसायिक रूप लिन भने केही वर्ष लाग्यो । महिला गाइड बन्ने जोखिम लिने दिदीबहिनी लक्की, डिक्की र निक्की क्षेत्री हुन् । अहिले उनीहरू नेपालीमाझ मात्र होइन, विदेशीमाझ पनि थ्री सिस्टर नामले चिनिन्छन् । महिलालाई व्यावसायिक गाइड तालिम दिने र काममा लगाउने पोखरा नै पहिलो ठाउँ भएको यी दिदीबहिनीको दाबी छ ।

पदयात्रामा आउने विदेशी महिला पर्यटकलाई महिला गाइड नहुँदा समस्या भएको बुझेपछि यो पेसामा लाग्ने सोचाइ बनाएको लक्की बताउँछिन् । महिला गाइडलाई पर्यटकले रुचाउन थालेपछि बहिनीहरूको सहयोग लिएर उनले अरूलाई पनि गाइड तालिम दिन थालिन् । अहिले पोखरामा १८ देखि ४९ वर्षसम्मका ६० भन्दा बढी महिला गाइड तयार भैसकेका छन् । तिनै गाइडको राम्रो कामको असरले नै होला, अहिले काठमाडौंबाट समेत महिला गाइडको माग हुन थालेको छ ।

थ्री सिस्टरले सुरुमा पिछडिएका, दुःख पाएका र एकल महिलालाई गाइड तालिममा छान्ने गरेका थिए, तर पढेलेखेका महिला पनि यो पेसामा आकर्षित भएपछि उनीहरू दङ्ग छन् । नयाँ ठाउँ घुम्न, विदेशी साथी बनाउन र विभिन्न संस्कृति बुझ्न पाइने भएकाले अध्ययनसँगै यो पेसा अँगालेको बताउँदै तमुना पुन भन्छिन्– 'घरभित्र सीमित रहयो भने केही पनि सिकिँदैन, केही जान्न बाहिर निस्कनैपर्ने रहेछ ।'

मनाङकी मुना गुरुङले सात कक्षा पढ्दापढ्दै विवाह गरेकी थिइन् । विवाह भएको केही वर्षमै लोग्नेले अर्की श्रीमती ल्याए । त्यसपछि पाँच वर्षकी छोरी च्यापेर पोखरा आएकी मुना भन्छिन्– 'अब लोग्नेको भरमा बाँच्नुपर्ने बाध्यता छैन, आफ्नै कमाइले राम्रोसँग गुजारा चलेको छ ।' अपरिचित मानिस देख्दा बोल्न पनि लाज मान्ने यी महिलाले अब थुप्रै विदेशी साथीमात्रै बनाएका छैनन्, नयाँ-नयाँ ठाउँ र संस्कृतिको पनि ज्ञान पाइसकिन् ।

भर्खरै जोमसोमको पदयात्रा सकेर आएका इङ्ग्ल्यान्डका लार्सन दम्पतीले महिला गाइडको कामको प्रशंसा गर्दै भने- 'हामी धेरै खुसी छौं उनीहरूको मेहनतले हाम्रो यात्रा सफल भयो ।'

**सञ्चारिका लेखमाला/सञ्चारिका समूह**

# के गर्दैछन् पूर्वराजा ज्ञानेन्द्र ?

पृष्ठ १ बाट जारी

निर्मल निवास गएपछि एकपटक फर्किएका थिए। तिहारताका उनका प्रिय ज्वाइँ अभिनेश सिंह (धीरेन्द्रकी छोरी शीताष्माका पति) को निधन भएपछि पूर्वराजाको परिवार यतिबेला शोकमा छ। "शोक परेर पनि होला, दरबारका एक सुरक्षाकर्मीले भने- "फर्किबक्सेको छैन। पूर्व राजाको अरू समय पनि आफन्तजनलाई भेट्नमै बित्ने हुनाले नागार्जुन दरबारमा कमै राज हुने उनीहरू बताउँछन्। सुरक्षाकर्मीहरू भन्छन्– "यस्तै हो, कहिले यता र कहिले उता, कतिखेर कहाँ सवारी हुन्छ, कसैलाई थाहा हुँदैन। केही दिनयता ज्ञानेन्द्र परिवार नदेख्दा श्रेष्ठलाई न्यास्रो लागिसकेको छ। उनले देख्दा राजा हुनुअघि र पछिको आनीबानीमा खासै परिवर्तन आएको छैन। "राजाको हाउभाउ र मुस्कान पहिलेजस्तै छ, उनले सुनाए।

नागार्जुन पस्ने गेटमा ज्ञानेन्द्रलाई भेट्दा उनी हत्तपत्त नमस्कार गर्छन्, पूर्वराजा पनि अभिभावदन फर्काएर मुसुक्क हाँस्दै अघि बढ्छन्। "हामी त राजा भनेर नै सम्बोधन गर्छौं, उनले श्रद्धाभाव दर्साए। ती सुरक्षाकर्मीका अनुसार पूर्व राजा पहिलेझैं कम बोल्ने र गम्भीर मुद्रामा देखिन्छन्। सशस्त्र प्रहरी बलका एसपी गणेश ठाडा मगरको नेतृत्वमा त्यहाँ ५० जना सुरक्षाकर्मी तैनाथ छन्।

सुरक्षाकर्मीहरूका अनुसार ज्ञानेन्द्रले नारायणहिटी दरबारबाट यहाँ आएदेखि सरल र सहज जीवन बिताइरहेका छन्। एक सुरक्षाकर्मीले भने– "बढी अध्ययन तथा पूजापाठमा देखिन्छन्। नियमित भेट्नेहरूका अनुसार उनमा राजनैतिक उतारचढाव र श्रीपेच खोसिनुको पीडा देखिंदैन।



"अनुहारमा तनावको धर्का पनि देखिंदैन, नारायणहिटीमा झैं देखिनुहुन्छ, नायब बडागुरुज्यू माधव भट्टराईले भने। कवितालेखन, पूजापाठ, इन्टरनेट सर्फिङ र वरिपरिको खुला प्राकृतिक दृश्यको अवलोकन नै उनको दैनिक गतिविधि भएको भट्टराईले बताए।

नारायणहिटीबाट सरेपछि भट्टराईले पूर्व राजालाई जन्मोत्सव, जनैपूर्णिमा तथा दसैंको टीकाजस्ता धार्मिक समारोहमा भेटेको बताए। "हरेक बेला सामान्य मुद्रामा देखिने पूर्वराजालाई लेखन र अध्ययनमा व्यस्त भएको देखें, भट्टराईले बताए।

पूर्वराजाका छोरा, बुहारी, छोरीहरू र आफन्तजनबाहेक अरूसँग खासै भेट नभएको उनले जानकारी दिए। सर्वसाधारणको आवागमनमा मात्र कमी आएको औंल्याउँदै भट्टराईले भने– "धार्मिक काममा उल्लासका साथ सहभागिता जनाइबक्सन्छ। कवितालेखनको पुरानो रुचिले तीव्रता पाएको छ।

धार्मिक एवं सांस्कृतिक भूमिकासमेत राज्यले खोसेपछि पूर्वराजा असन्तुष्ट भएको हुनसक्ने उनी बताउँछन्। भट्टराईका अनुसार राष्ट्रप्रमुख नहुँदा पनि उनले राजाले सांस्कृतिक एवं धार्मिक काम गर्न पाउनुपर्ने हो। उनको कुलघर हनुमानढोकामा गोरखा दरबारबाट दसैंमा जमरा ल्याउने प्रथासमेत राज्यले हटाएकोमा राजाको मन दुःखेको उनको दाबी छ।

भट्टराईका अनुसार त्यहाँ तैनाथ दरबारका पुरोहितले तलब-भत्ता पाइरहेकै छन्, राजालाई मात्र भूमिकाविहीन बनाइएको छ। छिमेकी मुलुक भारतमा राजा-रजौटा हटाइए पनि धार्मिक- सांस्कृतिक परम्परा यथावत् रहेको भट्टराईले बताए। राजावादीहरूले ज्ञानेन्द्र पूर्वराजा नभै राजा नै भएको दाबी गरे। "भारतमा राजा हटे पनि पूर्वराजा भनेर सम्बोधन गर्दैनन्, राजा नै भन्छन्, उनले भने– "भूमिकै नभए पनि राजा राजै हुन्, पूर्वराजा भन्न मिल्दैन। राजालाई जति देशको माया अरू कसैलाई नहुने भएकाले ज्ञानेन्द्र देशमै बसेको भट्टराईको दाबी छ।

"अहिले पनि विश्वनाथ मन्दिरमा काशी नरेशले पूजा गर्छन्। भट्टराईले भने– "जगन्नाथ पुरीको रथयात्रा पुरीका राजाले रथ तानेपछि मात्र प्रारम्भ हुन्छ। राजस्थानको जोधपुर र मध्यप्रदेशको ग्वालियरमा राजपरिवारप्रति स्थानीय बासिन्दाको उत्तिकै सम्मान छ, खै यसले त्यहाँको लोकतन्त्रमा कुनै असर पारेको छैन ? राज्यले नमाने पनि राजाको सांस्कृतिक भूमिका सधैं जीवित रहने उनले बताए।

यस्ता कुराले पूर्वराजालाई भित्री रूपमा निकै दुःखी बनाएको बताउँदै दरबारका पूर्वसंवाद सचिव डा. फणीराज पाठकले ज्ञानेन्द्रले लामो समयसम्म मौनता नसाँध्ने दाबी गरे। उनका अनुसार राजाले केही बोलिदिए हुन्थ्यो भन्ने जमात पनि ठूलो छ। त्यसैले पूर्वराजाले यस विषयमा चिन्तन-मनन गरिरहेका छन्। पूर्वराजाले ठूलो त्याग गर्दा पनि मुलुकमा असुरक्षा, महँगी, दण्डहीनता बढेकाले उनी दुखी भएको पाठकको दाबी छ। उनले ज्ञानेन्द्रलाई अन्याय भएको दाबीसमेत गरे। "राज्य र ज्ञानेन्द्र दुवैलाई अन्याय भएको छ, पाठकले भने– "यो कुरा जनताले बिस्तारै बुझ्नेछन्।

राजावादीहरू ज्ञानेन्द्र एक दिन सक्रिय राजनीतिमा आउने दाबी गर्न पनि पछि पर्दैनन्। नागरिकको हैसियत स्वीकार गरिसकेका राजा ज्ञानेन्द्र भारतका राजपरिवारका सदस्यहरू अर्जुन सिंह, कर्ण सिंह र सिंधिया परिवारझैं एक दिन सक्रिय राजनीतिमा आई मुलुकको सेवा गर्नेछन्, पाठकले दाबी गरे। "केही समयका लागि चुप लागिबक्सेको हो, उनी भन्छन्- "कम्बोडियाका नरेशझैं राजा ढिलो-चाँडो राष्ट्रिय राजनीतिमा आउँछन्, नागरिकले नै राजालाई तानेर ल्याउनेछन्।

## सक्रिय हुन खोजे राजाको अवसान हुन्छ

**माओवादीका सचेतक दीनानाथ शर्माले राजतन्त्रको अन्त्यपछि राजाको औचित्य र भूमिका समाप्त भएको बताएका छन्। उनका अनुसार राज्यले संघीय लोकतन्त्रलाई सुदृढ गर्नमा पूर्वराजाले योगदान गर्न सकून् भन्ने मात्र अपेक्षा राख्न सक्छ। इतिहासको पुनरावृत्ति हुने वा राजा सक्रिय राजनीतिमा आउने कुनै सम्भावना नदेखेको शर्माले बताए। यस्तो इच्छा राखे त्यो दिवास्वप्न र दुर्भाग्यपूर्ण परिकल्पना हुने कुरा बताउँदै शर्माले भने– 'उनका लागि नागरिकसरह बस्नुबाहेक कुनै विकल्प छैन, होइन भने उनले देश छोडेर जानुपर्छ।**

**राजतन्त्र र सामन्तवादको अवसान भैसकेकाले सम्मानित नागरिकसरह बसेर राज्यका लागि सकारात्मक भूमिका खेल्नुमा नै राजाको भलाइ हुने नेता शर्माको सुझाव छ। नागरिकको हैसियतले राजाले निर्वाह गर्न सक्ने महत्त्वपूर्ण भूमिकालाई नकार्न नसकिने उनले बताए। 'अझै पनि नागरिकमा दरबार सक्रिय होला भन्ने धङधडी छ, नेता शर्माले भने– 'यी असम्भव र बेतुकका कुरा हुन्। त्यस्तो दुष्प्रयास कतैबाट भैहाले यो मुलुकबाट पूर्वराजपरिवारको पूरै अवसान हुनेछ।**

## महसुल सरकारले तिर्नुपर्छ

**पूर्वराजाले आफूले उपभोग गरेको सम्पत्तिबाहेक अरू जग्गाको कर र महसुल सरकारले तिर्नुपर्ने बताएका छन्। विद्युत् प्राधिकरणले पूर्वराजा, राजपरिवारका सदस्यहरूको दरबार, बंगला, निवासको नाममा जरिवानासहित ७ करोड ७७ लाख बक्यौता तिर्न बाँकी देखाएको छ। दरबारको नाममा भएका ती सम्पत्ति सरकारले राष्ट्रियकरण गरिसक्केकाले त्यसको तिर्न बाँकी विद्युत् र कर सरकारले तिर्नुपर्ने पूर्वराजाको दाबी छ। 'नागार्जुन दरबार, हनुमानढोका दरबार क्षेत्र र नारायणहिटीको विद्युत् महसुल पनि यसमा जोडिएकाले यसमा राजाको मञ्जुरी छैन, दरबारका पूर्वसंवाद सचिव फणिराज पाठकले बताए।**

**सरकारद्वारा गठित आयोगले सबै कुराको निक्यौंल गरिसकेकाले राजाको निजी सम्पत्ति र राज्यको सम्पत्तिमा कुनै विवाद नहुनुपर्ने पाठकले बताए। 'राजाले आफ्नो सम्पत्तिको कर र महसुल तिर्ने हो, सरकारको होइन, उनले भने। विश्वसम्पदा सूचीमा रहेको गोरखा दरबार र हनुमान ढोका दरबार पनि राजाले आफ्नो नभएको भनिसकेको हुनाले यस विषयमा विवाद गर्न नहुने राजाको इच्छा रहेको पाठकको दाबी थियो।**





## मौसम पिकनिकको

पोखरा- यतिबेलाको मौसम विछट्टै खुलेको हुन्छ। त्यही भएर त यो मौसम रमाइलो तथा घमाइलो हुन्छ। यस्तो मौसमको सदुपयोग गर्दै अहिले समूह बनाएर ठाउँ-ठाउँमा पिकनिक जानेहरूको झुन्ड बाक्लो हुन्छ। स्कुल कलेजमा अध्ययनरत विद्यार्थीहरू यतिबेला साथीहरूसँग समूह बनाएर पिकनिकतिर हुत्तिहाल्छन्। पिकनिकले साथीभाइसँगको सम्बन्धलाई पनि प्रगाढ तुल्याउँछ। सधैं पार्लरमा अरूलाई सिँगार्दा ठिक्क हुने ब्युटिसियनहरूको एक हँल हालै तनहुँको ब्यास गुफामा पिकनिक मनाउन पुग्यो।

गुरुङ ब्युटीपार्लरका प्रशिक्षार्थीसँग ब्युटीसियनहरूले पिकनिकमा सहभागी भएर नाचगान एवं खानपिन गरे। 'एक दिनको सबै काम थाती राखेर पिकनिकमा सहभागी भयौं,' ब्युटीसियन चिनु गुरुङले भनिन्- 'यो मौसममा हरेक वर्ष हामी ब्युटीसियनहरू यसरी नै पिकनिक गएर रमाइलो गर्छौं।' ब्युटिसियनहरू मात्र होइनन्, हरेक पेसा-व्यवसायमा संलग्नहरू अहिले पिकनिकको रमझमा रमाइरहेको पाइन्छ।

पोखरा आसपासका पर्यटकीय गाउँहरूमा पिकनिक जानेहरूको लस्कर देखिन्छ। खास गरी कास्कीको लुम्लेकाँडेमा जाडो महिनाको प्रारम्भसँगै पिकनिक आउनेहरूको संख्या ह्वात्तै बढेको छ। त्यसो त यहाँ सुविधासम्पन्न पिकनिक स्पटको सुविधा पनि छ। त्यसै गरी आसपासका रमणीय दृश्यलाई यहाँबाट सहजै नियाल्न सकिन्छ।

लुम्लेकाँडेले यस क्षेत्रको महत्त्वपूर्ण पिकनिक स्थलका रूपमा ख्याति कमाएको छ। त्यसो त यो क्षेत्र नेपालको सबैभन्दा बढी पानी पर्ने क्षेत्रका रूपमा समेत प्रख्यात छ। अलौकिक सुन्दरताका कारण पनि लुम्लेकाँडे पिकनिकस्थलका रूपमा विकसित भएको हो। यहाँबाट खुलेको मौसमले हरेकलाई प्रभावित तुल्याउँछ। पिकनिकसँगै प्रेमी-प्रेमिकाहरू डेटिङका लागि पनि यहाँ आउने गरेका छन्। फागुन महिनासम्म यो ठाउँमा पिकनिक आउनेहरूको ओइरो लाग्छ। यहाँको मौसम चिसो भए पनि पिकनिकको नाचगानमा मस्त भएपछि जाडो भाग्छ। यसका अतिरिक्त पोखरा भ्यू-प्वाइन्ट, रानीवन, शान्तिस्तूपा, हेम्जाको घट्टेकुलो, पावरहाउस, महेन्द्र गुफा, पामे आदि स्थलमा पनि पिकनिकको घुइँचो देखिन्छ।


साप्ताहिक Classified Advertisement

**रोजगार**

अफीसलाई १३ कर्मचारी आवश्यकता। तलब ८५००, २०७३६१६, ९८४१९८८१७४, कोटेश्वर

शिक्षित अशिक्षित महिला, पुरुष आवश्यकता रु. ९०००, कौशलटार , ९८०३४२१५२६

महिला कर्मचारीहरु चाहियो, घरमै बसी कामगर्न सकिने ७००० गौशाला, ४४६६७००

शिक्षित अशिक्षित महिला/पुरुष आवश्यकता तलब ५०००-७०००, सम्पर्क: २१४२६०३, ९८०३८७०६०८, ९८०३४६१७५२

के तपाई यूरोपमा रोजगारीको लागि इच्छुक हुनुहुन्छ, यदि तपाई १८-२४ वर्षको कीऋ पास केटी हुनुहुन्छ भने सामाजिक संस्थाबाट जर्मनीमा ऋजषमिअबचभ कोलागि भिषाको १०० प्रतिशत ग्यारेन्टी ९८४१४४४९७३, ०१६९१३७८९

Fresh professional models for vj on ntv/tv ad for magazine 9803994384

**सम्पर्क**

तुरुन्तै सुटिङ्ग हुन लागेको नेपाली कथानक चलचित्र बिजयपथको लागि तुरुन्तै कलाकार चाहियो, सिट सिमित छ, नजान्नेलाई चलचित्र निर्देशकहरु तालिमको व्यबस्था ९८४१२७५७१४, २००३७६३

चलिरहेको गेष्टहाउस बिक्रिमा, ९८४१९८२९८१, ९८०३२२८०४४

बिना धितो बिनाझन्जट नयाँपुरानो गाडी फाइनान्स गर्नुपरेमा ९८५११०५२१७, ९८५१०४०१९६

स्तरिय खाना तथा पारिवारिक बातावरणकोलागि अबश्य पाल्नुहोस, रातो भाले बबरमहल

**मर्मत**

Key House पुतलीसडक, न्युप्लाजा, ४४३०८११। ९८४१८८८२४२

**उपचार**

Penis increase and Sexual- power 9849051161

दाँत-मुख सम्बन्धि सम्पूर्ण उपचारकोलागि एकमात्र गन्तब्य, मध्यपुर डेन्टल केयर कौशलटार चौक, २१३१५९४

अल्काई (piles) पिडित बिरामी हरुलाई खुशिको खबर कुनै पनि खाने र पिउने चिजहरु बार्न नपर्नेगरि ग्यारेन्टीका साथ अल्काई रोगको उपचार गरिन्छ, ग्यारेन्टी अल्काई उपचार केन्द्र सोह्रखुट्टे नयाँबजार, ९८४१४०८४५४

**रिकन्डीशन**

मोटरसाईकल ट्याक्सी खरिद बिक्रि तथा सट्टापट्टाकोलागि महालक्ष्मी रिकन्डीशन शोरुम मित्रपार्क २०७३५५४, ९८५१०४२६२८

# उमेर समूहमा वास्तविक क्रिकेटर



**साप्ताहिक समाचार**

काठमाडौं- केही वर्षअघि नेपाली क्रिकेटले उमेर समूहको अन्तर्राष्ट्रिय प्रतियोगितामा विवादको सामना गर्नुपरेपछि हाल खेलाडीहरूको उमेर छनौटमा कडाइ गर्न थालिएको छ। गत वर्ष काठमाडौंमा सम्पन्न १५ वर्षमुनिको एसीसी ट्रफी प्रतियोगितामा धेरैजसो नेपाली खेलाडी १५ वर्षभन्दा माथिका रहेको एसियाली क्रिकेट काउन्सिलले बताएपछि टिम नै बर्खास्तमा परेको थियो, जसका कारण आयोजकका नाताले नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमै नराम्रो झट्का सहनुपर्‍यो।

उमेर समूहको विवादमा पहिलो पटक र त्यसमा पनि अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्दा भोग्नुपरेको लज्जाका कारण नेपाल क्रिकेट संघ (क्यान) ले हालै आयोजना गरेको १७ वर्षमुनिको क्रिकेट प्रतियोगितादेखि उमेर मापनमा कडाइ गरेको छ। क्यानले कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुनुअगावै खेलाडीहरूको शरीरको हाडको एक्स-रे गरी वास्तविक उमेर पत्ता लगाएर मात्र प्रतियोगितामा सहभागिता गर्ने भएको छ। हालै सम्पन्न १७ वर्षमुनिको राष्ट्रिय प्रतियोगितामार्फत छनौट भएका खेलाडीहरूको पनि क्यानले पहिलो चरणमै हाडको एक्स-रे लिई वास्तविक उमेर पत्ता लगाएको थियो।

खेलाडीहरूको वास्तविक उमेर पत्ता लगाउन क्यानले यसपटक नेपाली चिकित्सक आशिष श्रेष्ठमार्फत परिक्षण गरेको थियो, जसमा १७ वर्षमुनिको राष्ट्रिय प्रतियोगितामा सहभागी भएर उत्कृष्ट प्रदर्शन गरेका केही खेलाडी माघको तेस्रो सातादेखि काठमाडौंमा हुने १७ वर्षमुनिको एसीसी ट्रफी प्रतियोगिताका लागि योग्य हुन सकेनन्। हुन त क्यानद्वारा लामो अन्तरालपछि आयोजित १७ वर्षमुनिको राष्ट्रिय प्रतियोगितामा १७ वर्षमुनिका क्रिकेटरहरूले मात्र सहभागिता गरून् भनेर उपल्लो उमेर समूहको क्रिकेट प्रतियोगितामा सहभागिता गरेका खेलाडीहरूले यसमा सहभागिता जनाउन नपाउने प्रावधान राखेको थियो। यो प्रावधानअनुसार राष्ट्रिय प्रतियोगितामा १९ वर्षमुनिको उमेर समूहमा खेलेका खेलाडीहरूले सहभागिता नगरे पनि प्रतियोगितापछि गरिएको हाडको एक्स-रेमा भने केही खेलाडी असफल भएका छन्। क्यानले प्रतियोगिताअघि नै कुनै पनि खेलाडीको हड्डी परीक्षण गर्दा बढी उमेर पाइए राम्रा खेलाडीहरू पनि बाहिरिने जनाएको छ। यस आधारमा यू-१७ राष्ट्रिय क्रिकेट प्रतियोगितामा उत्कृष्ट ब्याट्सम्यान घोषित अमित श्रेष्ठलगायत विराटनगरका श्रीप्रसाद सहनी, अनुप कार्की, नेपालगन्जका सुवेन्दु पाण्डे तथा बैतडीका सुरेन्द्रबहादुर चन्द एसीसी यू-१७ को प्रारम्भिक छनौटमा पर्न सकेनन्।

गत कात्तिक ६ गतेदेखि ३० गतेसम्म भएको १७ वर्षमुनिको राष्ट्रिय क्रिकेट प्रतियोगिताबाट क्यानले अहिले २४ जना खेलाडी चयन गरेको छ भने ६ जना खेलाडीलाई वैकल्पिक राखेको छ। प्रतियोगितामा क्षेत्र नम्बर ३ काठमाडौंले क्षेत्र नम्बर ७ बैतडीलाई ७ विकेटले पराजित गरेर उपाधि हात पारे पनि काठमाडौंका ६ जना खेलाडी मात्र छनौट भएका थिए। यो छनौटमा सर्वाधिक भैरहवाका ७ जना खेलाडी परेका छन् भने वीरगन्जका ५ र नेपालगन्ज, विराटनगर र बैतडीका २-२ जना खेलाडी अन्तिम चरणमा छनौट भएका छन्। यसैगरी वैकल्पिक खेलाडीमा सबै क्षेत्रका १-१ जना खेलाडी परेका छन्। क्यानले छनौटमा नपरेका खेलाडीको नाम सार्वजनिक नगरे पनि उनीहरूको हाडको एक्स-रेलाई थप डिजिटल एक्स रे गरी विश्लेषण गरिनेछ।

क्यानले गत मंगलबारदेखि निश्चित उमेर समूहमा रहेका १६ खेलाडी तथा बोर्डर लाइन परेका ८ खेलाडीको चयन गरी बन्द प्रशिक्षण शिविरमा राखेको छ। छनौट भएका खेलाडीहरूले आज शुक्रबारदेखि काठमाडौंमा मंसिर १५ गतेसम्म बंगलादेशको यू-१७ टिमविरुद्ध तीन एकदिवसीय एवं एक दुईदिवसीयमा प्रतियोगिता खेल्नेछ। यो प्रतियोगितापछि नेपाली खेलाडीहरूको हाडको जाँच डिजिटल प्रविधिबाट गरी परीक्षणमा सफल भएका १४ जना खेलाडीले काठमाडौंमा हुने यू-१७ एसीसी एलाइट कपमा सहभागिता जनाउनेछन्।



## ● मैदान बाहिर ●




## बेकह्याम विश्वकै सेक्सी

इङ्ल्यान्डका पूर्व फुटबल कप्तान डेभिड बेकह्याम सम्भवतः सर्वाधिक चर्चामा आउने खेलाडी हुन्। स्पाइस गर्ल सांगीतिक समूहकी सदस्य भिक्टोरियासँग वैवाहिक जीवनमा बाँधिएपछि बेकह्यामको चर्चा चुलिएको थियो र अहिले पनि उनको चर्चा कुनै न कुनै रूपमा हुने गरेको छ। हालै मनोरञ्जन च्यानलमा कार्यरत २० जनाको भेलाले विभिन्न पक्षलाई सविस्तार केलाउँदा बेकह्याम नै अहिले विश्वका सर्वाधिक सेक्सी पुरुष ठहरिएका छन्।

विभिन्न विधामा चर्चित २५ जना पुरुषबीच तुलना गर्दा बेकह्याम शीर्ष स्थानमा आएका हुन्। उनीभन्दा धेरै पछि मात्र अस्ट्रेलियाका कन्ट्री म्युजिसियन केथ उर्बान र नायक जोनी डिप देखा परेका थिए। नायिका निकोल किडम्यानसँग विवाह गरेर चर्चामा आएका उर्बानले किडम्यानका पूर्व पति टम क्रुजबाट जन्मिएका सन्तानलाई पनि स्वीकार गरेका थिए, तर निर्णायकहरूको टिमले डेभिड बेकह्यामलाई विश्वको सर्वाधिक सेक्सी पुरुष ठहर गर्नुको कारण उनी असल र पत्नीप्रति बफादार रहेको कुरामा पनि विचार पुर्‍याएका छन्। निर्णायकहरूले भनेका छन्– बेकह्याम तन्दुरुस्त छन्, उनको शारीरिक बनावट मिलेको छ र उनी कुनै पनि नयाँ फेसन निकाल्ने क्षमताका छन्।



विक्रम राई

● प्रसंग कतिपय ●

'दाइ, त्यही ढुङ्गा हो जसमा प्लेन ठोक्किएर सबै चिलिम भए,' सबिन भाइले एकै सासमा भने। सबिन भाइ नेपाल प्रहरीका इमान्दार सिपाही हुन् र दुर्गम भत्ताको लोभमा सोर्स लगाएर लुक्ला एयरपोर्टमा विगत सत्र महिनादेखि कार्यरत छन्। लुक्लादेखि कालापत्थरसम्मको पैदलयात्रा अर्थात् ट्रेकिङका निम्ति एक्कासि पलाएको सौख पूरा गर्न त्यहाँबाट सबिन भाइलाई साथै लानेबाहेक विकल्प नभएकाले दाइले उनलाई आफ्नो आगमनको खबर गरिसकेका थिए। गन्हाउने कार्गोमा बसेर खिया लागेको प्लेनको ढोका जसबाट हावा, पानी र घाम छिर्छ्को यात्रा– दाइको काठमाडौंदेखि लुक्लासम्मको यात्राको तीतो अनुभवमध्ये एक थियो। लुक्लामा विमान अवतरण गर्ने बेला अस्ति दसैंतिर भएको दुर्घटनालाई सम्झेर होला, सबैको ढुकढुकी बढेकै थियो। रनवे सानो भएकाले प्लेन ठोक्किएको ठाउँ देखिनेबित्तिकै दाइले केही वर्षअघि आफू प्राचार्य भएर पढाउँदाका आफ्ना प्यारा विद्यार्थी सोही विमानमा परी दिवंगत भएको सम्झँदै उनको आत्माको चिर शान्तिको कामना गर्न थाले– 'यो जिन्दगी खै के जिन्दगी, आँसु नै आँसुको जिन्दगी'। ती भूतपूर्व विद्यार्थीले आफ्नो दुईवर्षे अध्ययनकालको फेरवेल डेका दिन 'आफू एयरहोस्टेज बनी आकाशमा उड्ने हो नि सर' भनेका शब्दहरू आज दाइलाई सम्झना आइरहेको छ। राति नर्थ फेस होटलमा नेपोलियन ब्रान्डी पिउँदा पनि ती शब्दहरूले दाइलाई निरन्तर पोलिरह्यो। सायद समय र स्थानले सम्झनाको घाउ बल्झाउँदो रहेछ।

भोलिपल्ट बिहान लुक्लाबाट दाइ र सबिन भाइ कालापत्थरसम्मको यात्रा तय गर्न पहिलो बासका लागि नाम्चेतर्फ लागे। दूधकोसीको किनारैकिनार स्वच्छ हिमाली वातावरण साथै कुरा गर्न सिपालु सविनको साथले दाइलाई बाटो हिँड्न सजिलो बनायो। 'यहाँ प्लेन आएन भने नेपाल बन्दजस्तै हुन्छ। बाह्र सय पर्ने चामल पैंसट्ठी सयसम्म पर्छ। ग्याँसको मोल आठ हजारसम्म पर्छ र त्यसका लागि पनि सिपाही पदको दुरुपयोग गर्नुपर्छ,' सबिनले उक्त क्षेत्रको व्यथा बताउन थाले। 'यहाँका मानिसहरू जीव हत्या गर्दैनन्, तर मासु खुबै खान्छन्,' उनले भने। 'यहाँका मानिसका छोराछोरी या त काठमाडौं, नभए अमेरिका वा बेलायतमा बढी बस्छन्। कहिलेकाहीं आमाबाबुलाई भेट्न हेलिकप्टरबाट आउँछन् र दस-बाह्र लाख छाडेर जान्छन्,' उनी त्यहाँको सामाजिक एवं आर्थिक जीवनको बखान गर्न थाले। 'यहाँ लोडसेडिङ छैन, किनभने प्रत्येक खोलानालाबाट बिजुली निकालिएको छ। ट्रेकिङ रुटका सबैजसो बासिन्दा सम्पन्न छन्', उनी भनिरहेका थिए। 'तर दाइ, कहिलेकाहीं घुम्न निक्लँदा यहाँका सम्पन्न बूढाबूढीहरूले सरकारी मानिस ठानेर होला, वृद्धभत्ता कहाँ पाइन्छ भनेर सोधेको देख्दा वैराग लागेर आउँछ,' सविनले निराशाको सुस्केरा हाले। 'त्यसमा के बिग्रियो र ? राज्यले दिएको सुविधा हो, थाहा भएको कुरा बताइदिए भैहाल्यो नि' भन्दै दाइ चौतारामा बस्न पुगे। छेप्लुङ र घाट हुँदै फाक्दिङमा पुगेर चौतारामा बस्दा दुवैलाई आराम र आनन्द आयो। गफ र हिंडाइको रफ्तार कम भएकाले जोरसल्लेको उकालोसम्म पुग्दा घाम शिरमाथि आइसकेको थियो। याकजस्तो देखिने र गधाजस्तो सामान बोक्ने जनावर जसलाई जोक्पे भनिँदो रहेछ, सामानहरू बोकी घाँटीमा झुन्डिएको घण्टा बजाउँदै गन्तव्यतर्फ लम्किएको दृश्य रोचक थियो। जोक्पे आएपछि सबैले बाटो छाडिदिँदा रहेछन्। सानो बाटो भएकाले ठाउँ नछाडे तल दूधकोसीमा जल समाधि निश्चित हुँदो रहेछ। त्यसैले जोक्पे आयो कि पैदलयात्री सतर्क हुनुपर्दो रहेछ।

बाटामा भेटिने भरियाहरू मायालाग्दा देखिन्थे। 'अनि भाइ, तिमी त यहाँ सबै सम्पन्न छन् भन्थ्यौ, के यिनीहरू यहाँका बासीन्दा होइनन् ?' दाइले व्यंग्य ठोकिहाले। 'दाइ, यिनीहरू भनेका यहाँका पिकअप भ्यान हुन् क्या, त्यो पनि डिजलले नभै पसिनाले चल्ने। फेरि समाजमा यतिको खाडल नहुँदो हो त कसरी कम्युनिस्टहरूले भोट पाउने ?' यसपटक धेरै गहिरो र गम्भीर कुरा सरल ढंगमा अभिव्यक्त गरे उनले। 'आँसुभित्र पसिना बगेको जिन्दगी' सम्झँदै दाइ र सबिन भाइ अगाडि बढे। 'बालभरियालाई उचित शिक्षा र संरक्षण दिएर सहयोग गरौं' लेखिएको साइन बोर्ड अगाडि कुनातिर फालिएको अवस्थामा देखियो। सायद त्यो साइनबोर्ड लेखिनुको कारण त्यहाँ देखिएका थुप्रै बालभरिया नै होलान्, पाँच सयका लागि ती भरियाहरू दिनभरि त्यो पनि जोरसल्लेको दुईघण्टे भयानक उकालोमा जोखिमपूर्ण ढंगले भारी बोक्दा रहेछन्। त्यसमा पनि बालभरियालाई पाँच सयभन्दा कम दिइँदो रहेछ। धन्य ती भरियाहरू जसले जोक्पेले जस्तो घाँटीमा घण्टा लगाउँदैनन्, नभए जोक्पे र भरियामा कुनै भेद रहने थिएन।

लगभग पाँच घण्टा लाग्ने पैदलयात्रा सविनको गफ, जोक्पे, दूधकोसी र भरियासँगको अतरंगले गर्दा दिन बितेपछि मात्र सकियो। बेलुकी नाम्चे बजार पुगेपछि दुवै जना खुम्बु होटलको खोपीतर्फ लागे। भोलि फेरि काला पत्थरतिर लम्कनु थियो। त्यसैले चाँडै सुत्ने तरखरमा अनायास दाइ गुनगुनाउन थाले–

*ओ नाम्चे ! तिमीलाई स्पर्श गरें,*
*चिसोमा मायालुको न्यानोपन पाएँ*
*ओ नाम्चे ! मलाई बेस्सरी समाऊ।*

prasangakatipaya@hotmail.com

# प्रशंसक बढ्दैछन् कपिलका





**साप्ताहिक समाचार**

गत वर्ष इन्डियन आइडलको ताज हासिल गरेका नेपालीभाषी प्रशान्त तामाङलाई पछ्याउँदै देहरादूनका अर्का नेपाली कपिल थापा इन्डियन आइडलको चौथो संस्करणको विजेता बन्ने प्रयासमा छन्। अन्तिम १४ 'फाइनलिस्ट' को सूचीमा रहेका थापाले अब गाला राउन्डका निम्ति प्रतिस्पर्धा गर्नेछन्। भारतीय आर्मीअन्तर्गत गोर्खा राइफल्सको सोल्जर पदमा कार्यरत कपिलको निक नेम 'फौजी भाइ' हो।

कपिलको पारिवारिक पृष्ठभूमि नै आर्मीसँग सम्बन्धित छ। उनका पिता अवकाशप्राप्त भारतीय सैनिक हुन् भने दुई ठूला दाइ पनि आर्मीमै कार्यरत छन्। गायनमा सानैदेखि रुचि राख्ने कपिल नृत्यमा पनि त्यत्तिकै खप्पिस छन्। सानबाट प्रभावित भएर गायन क्षेत्र रोजेका कपिललाई निर्णायकहरूले प्रारम्भिक छनौटमै गाला राउन्डसम्म पुग्ने हौसला प्रदान गरेका थिए। इन्डियन आइडलका चार निर्णायकमध्ये जावेद अख्तरदेखि डराउने कपिल इन्डियन आइडलका प्रतिस्पर्धीहरूमध्ये रेमो र सुनाक्षी बेस्ट फ्रेन्ड भएको बताउँछन्। बाबु-आमा र दाजुभाइका अतिरिक्त भाउजू तथा फुपूसमेत भएको ठूलो परिवारका कपिलले 'दिल कह रहा है..' लाई अलग ढंगले गाएपछि उनको सम्भावनालाई निर्णायकहरूले नजरअन्दाज गर्न सकेनन्।

एक वेबसाइटमा कपिलका बारेमा गरिएको कमेन्ट यस्तो छ, 'आर्मीम्यान कपिल थापा यो वर्षको इन्डियन आइडलको हकदार हुन् भनेर भविष्यवाणी गर्न सकिन्छ। उनलाई सर्वोत्कृष्ट गायक भनिहाल्न मिल्दैन तर धैर्यता, क्षमता एवं लगनशीलताले उनलाई प्रतिस्पर्धाको माथिल्लो चरणसम्मको यात्रा गराउन सक्छ।'

कडा अनुशासित वातावरणमा हुर्किएका कपिलको स्वरले सबैको हृदय पगाल्ने सामर्थ्य राख्छ। सानैदेखि सौखका रूपमा गीत गाउने कपिलको अर्केस्ट्रा ब्यान्डले एक प्रतिस्पर्धामा पहिलो स्थान हासिल गरेपछि भने उनी गायनतर्फ अझ बढी लहसिएका थिए। खासगरी गत वर्षको स्पर्धामा प्रशान्त तामाङ इन्डियन आइडल बनेपछि यसमै भाग्य अजमाउने निर्णय गरेर कपिल प्रतिस्पर्धाको छनौट चरणमा सहभागी भएका थिए। इन्डियन आइडल बनेर समस्त भारतीय गोर्खा आर्मीको सान बढाउने सपना साँचेका कपिल गायनक्षेत्रमा अलग पहिचान कायम राख्ने लक्ष्य राख्छन्। फुटबल, क्यारेम तथा चेस खेल्न रुचाउने कपिल आमिर खान तथा ऐश्वर्या रायका फ्यान हुन्। एक काठमाडौंवासीले कपिलका सम्बन्धमा प्रतिक्रिया दिँदै भनेका छन्- 'एक नेपाली त्यो स्थानमा पुग्नु सबै नेपालीका लागि गर्वको विषय हो, गत वर्ष नेपाली मूलका प्रशान्त तामाङको जितमा जसरी सबै नेपालीले आफ्नो जित सम्झिएका थिए, यसपटक पनि उनलाई सक्दो सहयोग गर्नुपर्छ।'

# इलाम तारा टप टेनमा



गाउँमा लुकेका प्रतिभा उजागर गर्ने उद्देश्यले सुरु भएको इलाम ताराको शनिबार सम्पन्न अडिसनबाट टप टेन प्रतिस्पर्धी छानिएका छन्। टप ट्वान्टीबाट टेन छानिएका हुन्। सूर्योदय सांगीतिक समाजले पहिलो पटक इलाम ताराको आयोजना गरेको हो। भदौको पहिलो साता प्रारम्भ भएको प्रतियोगितामा २ सय २९ जनाले प्रतिस्पर्धा गरेका थिए।

'सबैको प्रस्तुति राम्रो छ,' निर्णायक भूपेन राईले भने– 'सुरुका दिनभन्दा सबै प्रतियोगीले उल्लेख्य प्रगति गरेका छन्।' प्रतियोगितामा गायकहरू कुवेर राई तथा कोमल निरौलाले पनि निर्णायकको भूमिका निर्वाह गर्दै आएका छन्। उत्कृष्ट दसमध्ये नामसालिङका प्रकाश राई र नरेश श्रेष्ठ, सुम्बेककी सम्झना दियाली, सोयाकका विजय फागो छन्। त्यस्तै बरबोटेकी कल्पना राई, सोयाङका याम सुवेदी, जिर्मलेकी चन्द्रकला तामाङ, इलाम नगरपालिकाकी अनिशा चाहार, मंगलबारेकी टीका क्षेत्री र लक्ष्मीपुरका प्रदीप राई पनि टप टेनमा छानिएका छन्।

इलाम ताराले एउटा गीत रेकर्ड गराउन सक्नेछन् भने नगद १० हजार रुपैयाँ पुरस्कार पाउनेछन्। दोस्रोले एउटा गीत रेकर्ड तथा नगद ३ हजार जित्नेछ। 'प्रायोजक नभएकाले सञ्चालनमा कठिनाइ छ,' संयोजक रोशन राईले भने। प्रायोजक भेटिए पुरस्कार थप्दै जाने सोचमा रहेको आयोजकलाई नेपाल स्वास्थ्य व्यवसायी महासंघका केन्द्रीय महासचिव मदन खनालले ५ हजार नगद सहयोग गरेका छन्।

Computer Hardware & Networking
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others...
बिशेष व्यवस्था: विदेश जाँने र जान्दै नजान्नेहरुका लागि
Computer: Basic, Graphics, WebPage, Office Package, Programming, Account (Tally,Fact,Tata Ex.)
Osish Language & Computer Center (OLC)
New Baneshwor:BICC पानी ट्याकी अगाडि Tel: 016217094 Old Buspark: बसपार्कबाट शंकरदेव कलेज तर्फ २०० मि. अगाडि बायाँ तर्फ Tel: 4232866

बेरोजगारहरूको लागि सुवर्ण अवसर ३०% छुटमा
फोटोग्राफी भिडियोग्राफी
DIGITAL VIDEO EDITING
PHOTO-VIDEO पत्रकारिता
FREE Camera, Lens, Film Studio Lab, IELTS Computer Lab, Library etc.
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९

होटल तालीम
छुटमा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo (International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

होटल तालिम
चार वर्ष पुगेको अवसरमा विशेष छुट
कुक १ १/२ महिना रू. २७००/-
कुक ३ महिना रू. ३७००/-
वेटर र बारमेन रू. १३००/-
१. 5 star होटलका सेफद्वारा सञ्चालित।
२. थप तालिमको लागि 5 star होटलमा पठाइने।
३. तालिमपछि दुबई, बहराइन, कतार पठाइने।
४. Abroad Study मा जानेलाई job को लागि चाँडै अवसर मिल्ने होटल तालिम लिनुहोस।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336,9841812055

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित।
अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।